
अङ्क ८, भदौ २०६७

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन



# नयाँ नेपालमा महिलाका सवालहरु...


सबैको
मानवअधिकारको
सुनिश्चितता
मानव बेचबिखन/दासत्वमा
परेकाको जीवन राज्यले
सुनिश्चित गर्नुपर्छ।
बालबालिकाको बेचबिखन/
दासत्वविरुद्धको
हक सुनिश्चित गर्नुपर्छ।
मानव बेचबिखन/दासत्व/
शोषणविरुद्धको अधिकार
सुनिश्चित गर्नुपर्छ।
मानव बेचबिखन/दासत्वबाट
प्रभावितलाई राज्यबाट उचित
क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ
नयाँ संविधानमा बेचबिखन/दासत्व
शोषण विरुद्धको अधिकार सुनिश्चितता

# ओसारपसार

अङ्क ८, भदौ २०६७

सल्लाहकार
सुनिता दनुवार
भगवती नेपाल

सम्पादक
अनिल अधिकारी

उप-सम्पादक
विमला ज्ञवाली

संयोजक
बेनु माया गुरुङ

व्यवस्थापक
बन्दना शाख:

आवरण/ले-आउट
ग्राफिक वर्कशप
बागबजार, काठमाडौं
फोन : ४२४२०७२

मुद्रण
कन्चन प्रिन्टिङ प्रेस
बागबजार, काठमाडौं

प्रकाशक
महिला तथा बालबालिका बेचबिखनविरुद्ध
सहकर्मी समूह - नेपाल (एटविन)
पो.ब.नं. २४९६०, काठमाडौं, नेपाल
फोन : ४२२९७८७, ४२४०७०९
फ्याक्स : ४२४०७०९
इमेल : aatwin@ntc.net.np

प्रकाशन सहयोग
ग्लोबल फण्ड फर वुमन

## विषयसूची


- नयाँ नेपालमा महिलाका सवाल २
- नीति निर्णय तहमा महिला सहभागिता र चुनौती - शर्मिला कार्की ३
- महिला र सञ्चार - बबिता बस्नेत ७
- मानव बेचबिखनबाट प्रभावितहरूको वर्तमान समस्या र चुनौतीहरू - सुनिता दनुवार १०
- पीडकले जुन तहको दण्ड सजाय पाउनु पर्ने हो पाएको छैन - बिन्दा पाण्डे १२
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू : मानव अधिकार संरक्षणको अन्तिम लडाइँ लड्दै - सुनीलबाबु पन्त १४
- महिला र एच.आई.भी./एड्स - ईरादा गौतम १५
- एकल महिला र तिनका सवालहरू - रोजी सिंह १७
- नयाँ संविधानमा अपाङ्ग महिलाहरूको अधिकारको सुनिश्चितता र सवाल - टीका दाहाल १९
- बालिका र आजको यथार्थता - पूर्णकला शर्मा २२
- नेपालमा जेष्ठ नागरिक महिलाहरूको मुद्दा - उषा खड्का २४
- सकारात्मक सोचका साथ अवसरको सिर्जना गर्नु सबैको दायित्व हो - रत्नकाजी बज्राचार्य २६
- एटविनद्वारा बुझाइएको ज्ञापन पत्र ३०
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ ३२
- श्रमजीवी महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ ३७
- सदस्य संस्था परिचय : जागरण नेपाल ४०
- एटविन गतिविधि ४१
- नेपालमा मानव बेचबिखनको अनुमानित तथ्याङ्क ४४

# नयाँ नेपालमा महिलाका सवाल

एटविनले स्थापनाकाल देखि नै महिला बेचबिखन तथा बालबालिकाविरुद्ध आवाज उठाउँदै आइरहेको विदितै छ। महिला तथा बालबालिका बेचबिखन तथा महिला मानव अधिकार हनन् विरुद्ध राष्ट्रिय नीति तथा कानुनको निर्माण तथा परिमार्जनमा एटविनले खेल्दै आइरहेको क्याट्लिष्ट (सहयोगी)को भूमिका कम महत्त्वपूर्ण छैन। यसका अलावा एटविनले विगत एक दशक अगाडिदेखि उठाउँदै आइरहेको युएन प्रोटोकल अनुमोदनको सवाललाई यसै प्रकासनबाट सम्बन्धित सरकार पक्षको ध्यानाकर्षण गराउन चाहन्छ। अन्तर्राष्ट्रिय संगठीत अपराध विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गत दबाइएका महिला तथा बालबालिकाहरूको रोकथाम तथा मानव ओसारपसारलाई दण्डित गर्न तयार पारिएको मस्यौदा (यूएन प्रोटोकल) लाई हालसम्म दक्षिण एसियाका कुनैपनि राष्ट्रले अनुमोदन गरेका छैनन्। नेपाल सरकारले यस मस्यौदालाई अनुमोदन गरी कार्यान्वयन गर्न पहल गर्न सके बेचबिखनबाट प्रभावित महिला तथा बालबालिकाको अधिकार संरक्षण हुने देखिन्छ।

यसका अलावा केही महिना अधिमात्रै एटविनले नयाँ संविधानमा मानव बेचबिखनको मुद्दाका सुनुवाइका लागि तथा संविधानमा बेचबिखनबाट प्रभावितहरूको हक अधिकार सुनिश्चतताका लागि संविधान सभाका सभामुख तथा मौलिक अधिकार तथा राज्यका निर्देशित सिद्धान्त समितिका अध्यक्ष र संवैधानिक समितिका अध्यक्षलाई ज्ञापन पत्र बुझाई ध्यानाकर्षण गरेको थियो। सो ज्ञापनपत्रमा उल्लेख भएको महिला बेचबिखनसँग सम्बद्ध हक अधिकारका अधिकांशत् कुराहरू नयाँ संविधानको मस्यौदामा समेटिएको तथा संविधानमा थप धाराको रुपमा पीडितको हक भनेर व्यवस्था गरेको जानकारी मौलिक अधिकार तथा राज्यका निर्देशित सिद्धान्त समितिका अध्यक्षबाट आएको छ। ४३ सदस्यीय समिति अध्यक्ष आफैले नयाँ संविधान घोषणा हुँदा उल्लिखित कुराहरू समेटिने छन् भन्ने आफूले अपेक्षा लिएको बताउनु भएको छ जसलाई निकै सकारात्मक रुपमा लिन सकिन्छ। नयाँ संविधानको अन्तिम स्वरुपमा प्रभावितहरूको हक तथा अधिकारको अवस्था के कस्तो र कति परिमाणमा समेटिएर आउँछ, प्रभावित र पीडितको न्याय, हक र अधिकारको पहुँचको व्यवस्था कस्तो रहने छ त्यो भने हेर्न बाँकि नै छ। तर पनि अन्तिम फैसला नहुन्जेल सरोकारवाला समिति, नीति निर्माता, राजनितिक पार्टी, प्रभावित पक्ष, पीडित पक्ष, नागरिक समाज, सञ्चार क्षेत्रबाट पैरवी, पहल र ध्यानाकर्षण भने गरिरहनु पर्ने नै देखिन्छ।

सामाजिक, आर्थिक, राजनीतिक तथा नीतिगत तहमा महिलाको पँहुच न्यून भएको वर्तमान परिवेश एकातिर छ भने नयाँ संविधान निर्माणको घडी अर्कोतिर। यस महान् अवसरमा ओसार पसार र बेचबिखन तथा हिंसाबाट प्रभावित महिला लगायत एचआइभि/एड्स प्रभावित तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत, जनजाति तथा आदिवासी महिला, दलित तथा मधेसी महिला, अपाङ्ग भएका, एकल तथा वृद्ध महिला, श्रमजीवी महिला सबैले आ-आफ्नो क्षमता र सामर्थ्यता अनुसार आफ्ना सवाललाई नयाँ संविधानमा स्थापित गराई हक अधिकार सुनिश्चित गर्न अति आवश्यक भइसकेको छ।

# नीति निर्णय तहमा महिला सहभागिता र चुनौती



● शर्मिला कार्की

## पृष्ठभूमि

महिलाको हक, अधिकारलाई बुझ्न र कार्यान्वयनमा ल्याउन महिला नेतृत्वको आवश्यकता पर्दछ। नेतृत्व जन्माउने र नीति निर्णयसम्म पहुँच पुऱ्याउने स्थान भनेको निःसन्देह राजनीति नै हो। महिला नीतिहरूको कार्यान्वयनमा देखिएको ढिलासुस्ती र बेवास्तापनलाई विचार गर्दा नीति निर्णय गर्ने स्थानमा महिलाको पँहुच हुनै नसकेको कारण यस्तो अवस्था आएको हो भन्नेमा सायद अब कुनै विवाद नहोला र यो कुरा जगजाहेर नै छ।

अन्तर्राष्ट्रिय स्तरमा नै राजनीतिमा महिला सहभागिताको कुरालाई हामीले महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा रहेको संलग्नतासँग मिलाएर हेर्नुपर्दछ। यदि हामीले महिलाहरूको नीति निर्णयमा सहभागिताको सवाललाई विशेष गरी शक्ति संरचनाको संस्थाहरू, राजनीतिक पार्टी सरकार स्थानीय स्तर, राष्ट्रिय अन्तर्राष्ट्रिय संरचनाहरूमा हेर्ने हो भने त अत्यन्तै नगन्य देखिन्छ। त्यसमा पनि महत्वपूर्ण पद र अर्थपूर्ण सहभागिता भने प्रायः शून्य छ भन्नुमा अत्युक्ति नहोला।

महिलाहरू नीति निर्णयमा राम्रो अवस्थामा नहुनुमा सबै भन्दा महत्वपूर्ण कारण भनेको पितसत्तात्मक संरचना र यसले बनाएका सामाजिक मूल्य मान्यता नै दोषी छन् जसले महिलालाई ज्यादै पछाडि धकेल्न र महिलाको व्यक्तित्व विकासमा वाधा पुऱ्याउनमा भूमिका निर्वाह गर्छ। यसरी संसारभरका देशहरूलाई हेर्ने हो भने केही 'स्केन्डिभियन' मुलुकमा महिलाको नीति निर्णय तहमा केही राम्रो अवस्था देखिन्छ भने दक्षिण एसिया, ल्याटीन अमेरिका, अफ्रिका जस्ता मुलुकमा भने अत्यन्तै नाजुक छ।

हुनत, दक्षिण एसियाका धेरै महिलाहरूले राष्ट्र प्रमुखको पद सम्हालेका छन् तर सर्वसाधारण महिलाको अवस्थामा भने उल्लेखनीय सुधार नआएको तर्फ विचार गर्दा हामीले राष्ट्रप्रमुख, सरकार प्रमुख आदि महिलाहरूको भूमिकाको बारेमा पनि गहिरिएर विश्लेषण गर्नुपर्ने हुन्छ। नेपाल पनि दक्षिण एसियाली मुलुक भित्र तुलनात्मक रुपमा कम विकसित मुलुक अन्तर्गत पर्छ।

यहाँका महिलाको पनि राजनीतिमा सहभागिता र त्यसमा पनि अर्थपूर्ण सहभागिता ज्यादै न्यून छ। कामको सिलसिलामा महिलाले ग्रामीण तहमा गरेको कामहरू राजनैतिक पार्टीको भोट बैङ्क र भगिनी संगठनमा बसेर खेलेका महत्वपूर्ण भूमिकालाई मनन गर्ने र अर्कोतिर तिनै राजनीतिक पार्टीका महत्वपूर्ण स्थान र पदहरूमा हेर्ने हो भने महिलाको सहभागिता एकदमै कम देखिन्छ। जसले गर्दा २ वटा महत्वपूर्ण सवालहरू छन्। एक त महिलाहरू जस्तो परिस्थितिमा पनि कार्यकर्ताका रूपमा र तल बसेर मात्र काम गर्ने वर्गमा रहँदा महिलाहरू स्वयम नीति निर्णय बाट बञ्चित हुने भए भने अर्कोतिर आधा जनसंख्या महिलाको प्रतिनिधित्व सशरीर नभए पश्चात आधा जनसंख्यामै प्रतिनिधित्व नरहने अवस्था छ।

त्यस्तै, सदिऔं देखि पुरुषहरू नीति निर्णय तहमा बसी काम गर्दै आएका छन्, उनीहरूको सोचमा बिस्तारै परिवर्तन हुँदै गएको भएता पनि समग्र सोच भने पितृसतात्मक नै रहेको हुनाले महिलामुखी नीति बन्न नसकेको देखिन्छ।

उदाहरणको लागि लामो संघर्ष पश्चात CEDAW मा हस्ताक्षर गरी सकेको मुलुक भएर पनि पैतृक सम्पत्ति माथी छोरीको अधिकार विधेयकलाई नियाल्ने हो भने विवाह पश्चात सम्पत्ति फिर्ता

**आफ्नो समान हक अधिकारको लागि लड्दै आएका महिलाहरू कतिन्जेलसम्म लडिरहने ? तसर्थ राज्यको पुर्नसंरचनामा यी यस्ता कुरालाई मनन गरी जिम्वेवारीका साथ लैजानु आवश्यक छ।**

गर्नुपर्ने प्रावधान भएको हाम्रो सामु छर्लङ्ग छ । तर हाल पूर्ण कानुन बनी पास भइसकेको छ । यसकारणले पनि नीतिनिर्यणमा लैङ्गिक समानताबारे संवेदनशील र विज्ञ मान्छे निर्णायक तहमा जानु जरुरी छ ।

एकातिर राजनीतिमा महिलाहरूको संलग्नता नै कम छ भने अर्कोतिर भएकाहरूको पनि हाम्रो जस्तो समाजमा छोरी माथि गरिने विभेदका कारण शिक्षा लगायत विभिन्न ज्ञानका मौकाहरू बाट बन्चित गरिएको छ । त्यसैले, जो राजनीतिमा लागिसकेका छन् र लाग्न चाहन्छन्, उनीहरूले आफ्नो क्षमता अभिवृद्धिका लागि स्वयम आफू र अन्य निकायहरूको पनि सहयोग लिन अत्यन्तै जरुरी छ । जसले गर्दा, आधाभन्दा बढी जनसंख्या भएका महिलाको मानव अधिकारको सुनिश्चितता गर्न सकिन्छ र संवेदनशीलताका साथ राष्ट्का विभिन्न निकायमा रहेर काम गर्ने महिलाहरू सफल हुन्छन् जसले महिलाहरू आज सक्षम छैनन् भन्ने प्रश्नको जवाफ दिन्छ ।

■■

**आधाभन्दा बढी जनसंख्या भएका महिलाको मानव अधिकारको सुनिश्चितता गर्न सकिन्छ र संवेदनशीलताका साथ राष्ट्का विभिन्न निकायमा रहेर काम गर्न महिलाहरू सफल हुन्छन् जसले महिलाहरू आज सक्षम छैनन् भन्ने प्रश्नको जवाफ दिन्छ ।**

■■

**राजनीतिक पार्टी र केन्द्रीय तहमा महिलाको संख्या: प्रमुख राजनीतिक पार्टीमा महिला सहभागिता**

| पार्टीको नाम | जम्मा | महिला | महिला प्रतिशत |
|---|---|---|---|
| नेकपा (एमाले) | ६५ | ६ | ९.२३ |
| नेपाली कांग्रेस | ३८ | ४ | १०.५ |
| नेपाली कांग्रेस (प्र) | २९ | ३ | १०.३ |
| नेकपा (माओवादी) | ३१ | २ | ६.५ |
| नेमकिपा | १२ | १ | ८.३ |
| नेसपा | ५२ | ५ | ९.६ |
| जनमोर्चा नेपाल | ४५ | १० | २२.२ |
| राप्रपा | ३३ | १ | ३ |

*स्रोत: जागरण नेपालको कार्यपत्र, २०६४*

**प्रतिनिधि सभामा महिला उम्मेदवार र सदस्य संख्या**

| निर्वाचन वर्ष | २०४८ | २०५१ | २०५६ |
|---|---|---|---|
| प्रतिनिधिसभाका लागि उम्मेदवार संख्या | | | |
| पुरुष | १२६५ (९४.१%) | १३५६ (९४%) | २०९५ (९३.६%) |
| महिला | ८० (५.९%) | ८६ (६%) | १४३ (६.४%) |
| जम्मा | १३४५ (१००%) | १४४२ (१००%) | २२३८ (१००%) |
| प्रतिनिधिसभा सदस्य संख्या | | | |
| पुरुष | १९८ (९६.६%) | १९८ (९६.६%) | १९३ (९४.४%) |
| महिला | ७ (३.४%) | ७ (३.४%) | १२ (५.८%) |
| जम्मा | २०५ (१००%) | २०५ (१००%) | २०५ (१००%) |

*स्रोत: संसद सचिवालय प्रकाशन २००१*

**अन्तरिम व्यवस्थापिका संसदमा पार्टीगत रुपमा महिला सहभागिता**

| पार्टीको नाम | जम्मा | महिला | महिला प्रतिशत |
|---|---|---|---|
| नेपाली कांग्रेस | ८५ | ७ | ८.२ |
| नेकपा (एमाले) | ८३ | १२ | १४.५ |
| नेकपा (माओवादी) | ८३ | ३१ | ३६.१ |
| नेपाली कांग्रेस (प्र) | ४८ | ३ | ६.१ |
| अन्य | ३१ | ४ | १३.१ |
| जम्मा | ३३० | ५७ | १७.३ |

*स्रोत: संसद सचिवालय*

**संविधानसभामा महिला सभासद**

६०१ संविधान सभासद्मा महिला सभासद्को संख्या १९७ अर्थात् ३२. ७७ प्रतिशत छ ।

**नेपाली महिलाको हालको अवस्था**

ससर्ती हेर्दा धेरैजसो कुरामा महिलाको अवस्था अत्यन्तै न्यून रहेको पाइन्छ। शिक्षामा महिलाको संलग्नता कम छ। नीति निर्माण तहमा महिलाहरू एकदमै न्यून रहेका छन्। राजनीतिमा महिलाहरू भोट बैंकको रुपमा ठूलो मात्रामा रहेतापनि प्रमुख पदहरूमा एकदमै कम छन्। पचासौं जनाको मन्त्री मण्डल बन्दा महिला मन्त्रीको संख्या २-३ जना भन्दा बढी हुँदैन।

देशमा भएका उद्योग, व्यवसाय तथा कलकारखानाको मजदुरी तहमा महिलाहरूको संलग्नता अत्याधिक रहेतापनि प्रमुख तथा मध्यम तहमा महिलाको संलग्नता अत्यन्तै न्यून रहेको पाइन्छ। स्वास्थ्य क्षेत्रमा महिलालाई पितृसत्तात्मक संरचनामा बाँच्नु पर्ने र हालसम्म पनि महिलालाई मानव अधिकारको दृष्टिकोणले खासै नलिइएको हुनाले स्वास्थ्यको अवस्था अत्यन्तै नाजुक छ। यसमा पनि महिलाहरूको प्रजनन् स्वास्थ्य त भनै खस्किंदो अवस्थामा भएको कुरा हामी प्रति १००,००० बच्चा जन्मदा ५३९ जना आमाहरू बच्चा जन्माउनु पर्ने कारणले नै मर्नु परेको तथ्यबाट प्रष्ट हुन्छ।

विभिन्न कुटनैतिक क्षेत्रमा महिलाको संलग्नता अत्यन्त न्यून छ। हालसम्म पनि एकजना भन्दा बढी महिला राजदुत प्राय: कहिल्यै नरहेको अवस्था हाम्रो सामु छ। त्यस्तै, राष्ट्रिय योजना आयोग जस्तो प्रमुख ठाँउमा समेत हाल १२ जना पुरुष रहदा समेत एक जना पनि महिला सदस्य नरहनु अर्को दु:खद पक्ष हो।

ग्रामीण तहका महिला त भनै धेरै समस्यामा रहेका छन्। धेरैजसोले शिक्षाको आँखाबाट बञ्चित भई जीवन नै अँध्यारोमा गुजार्नु परेको छ भने चेतनाको कमी र राज्यको फितलो नीतिका कारण बेचबिखनमा परी महिलाहरूले नारकीय जीवन बिताउन बाध्य छन् भने महिला बेचबिखनको स्वरुप र अवस्था फेरिएको छ र यो समस्या दिनानुदिन बढ्दै गइरहेको छ।

परिवार नियोजनको उचित ज्ञान नहुनु र सामाजिक संरचनाका कारण छोरा नै नभै नहुने प्रवृत्तिका कारण महिलाले नचाहँदा नचाहँदै धेरै सन्तान जन्माउनु पर्ने तर उचित रेखदेख नहुने हुनाले बच्चा र आमा दुवैको जीवन जोखिममा त छँदै छ त्यसका अलवा बालबालिकाहरूको शिक्षा र हेरचाहमा पनि राम्रो ध्यान पुऱ्याउन सकिएको छैन्। राज्य संयन्त्रले अति आवश्यक सुविधा जस्तै, शिक्षा, स्वास्थ्य आदि सबै ठाँउमा उपलब्ध गराउन सकेको छैन्।

विभिन्न गैरसरकारी संघ संस्थाहरूमा भने आजभोली महिलाको संख्या केही बढेको देख्न सकिन्छ। गैर सरकारी संस्थाको इतिहास हाम्रो मुलकमा लामो छैन। तर यस क्षेत्रमा पनि हेर्ने हो भने प्रशस्तै पितृसत्तात्मक संरचनाको प्रभाव देखिन्छ। जुन संस्था महिला आफैले संचालन गरेको छ त्यसमा प्रमुख पद महिलाले नै ओगटेका छन्।

त्यस बाहेक धेरै संघ संस्थामा आज पनि महिलाहरूलाई कोषाध्यक्ष तथा सदस्यमै सीमित गराइएको पाइन्छ भने कार्यालयमा पनि महिलाहरूले कार्यालय सहायक पदमै चित्त बुझाउनु परेको स्थिति छ। तरपनि यस क्षेत्रमा मिहिनेत गरेर काम देखाउन पाइने हुनाले धेरै महिला यस क्षेत्रमा आकर्षित भएको देखिन्छ। गैरसरकारी क्षेत्रमा महिलाहरू विभिन्न संरचनामा उल्लेख्य रुपमा रहेपनि प्रमुख पदमा महिलाको सहभागिता न्युन नै छ।

विगत १२ वर्षको इतिहासमा भएको सशस्त्र द्वन्द्वमा पनि महिलाहरूको उल्लेखनीय रुपमा सहभागिता रहेको विभिन्न घटना क्रमले देखाउँछ। चुलोचौका र घरको चार दिवारीमा रहेका महिलाहरूले बन्दुक समाई फौजको कमाण्डरको रुपमा प्रस्तुत भएका धेरै घटना हामीले अनुभूति गरिसकेका छौं। द्वन्द्वले मौकाको ढोका खोल्छ। नेपाली महिलाहरूले यो एक दशक लामो द्वन्द्वका कारण धेरै नकारात्मक अवस्थामा गुज्रनु परेता पनि महिला सशक्तिकरणको पाटोमा भने निकै ठूलो फड्को मारेको देखिन्छ।

द्वन्द्वले मौकाको ढोका खोल्छ। नेपाली महिलाहरूले यो एक दशक लामो द्वन्द्वका कारण धेरै नकारात्मक अवस्थामा गुज्रनु परेता पनि महिला सशक्तिकरणको पाटोमा भने निकै ठूलो फड्को मारेको देखिन्छ।

**निष्कर्ष**

महिला र राजनीति अनि महिला नीति र निर्णय यी एक अर्काका परिपूरक हुन् । यदि राजनीतिमा महिलाको उपस्थिति हुदैन भने महिलामुखी नीतिले प्रमुखता पाउदैन र महिला नीति नियम छायाँमा पर्न जान्छ । त्यस्तै महिलामुखी नीतिले प्रमुखता नपाएसम्म हाम्रो जस्तो पुरातन समाजमा महिलाको हक अधिकार कसरी सुनिश्चित गर्न सकिन्छ र ? प्रश्न सधै रहिरहन्छ ।

यिनै कुरालाई मनन गरी विभिन्न संघ संस्थाले हाल आएर नीति निर्णयमा महिलाको सहभागिताका साथै अर्थपूर्ण सहभागिता गराउन राजनीतिमा महिलाको अत्यधिक सहभागितामा जोड दिएका छन् । साथै, उनीहरूको सहभागितालाई बढाउन क्षमता अभिवृद्धी लगायतका कार्यक्रम लैजानुपर्ने र पार्टीका मुख्य पदमा रहेका लगायत सबै तहका नेताहरू विषेश गरी पुरुष नेताका लागि पनि विभिन्न कार्यक्रमहरू तथा वकालत, दबाब जस्ता कार्यक्रम पनि भइरहेका छन् ।

जागरण नेपालले पनि राजनीतिमा महिलाहरूको क्षमता अभिवृद्धि कार्यक्रम अनुरुप मानव अधिकार, महिला अधिकार, नेतृत्व विकास, जनवकालत, महिला अधिकार सम्बन्धी विभिन्न सन्धी महासन्धी (CEDAW, Resolution 1325, Bejing Declaration) सम्बन्धी विषयमा जिल्ला स्तरीय महिला नेतृहरूमा लक्षित तालिम प्रदान गर्‍यो ।

हाल जागरणले महिलामुखी नीति निर्माणको लागि विभिन्न स्तरमा पैरवी तथा जनवकालत गर्दै आइरहेको छ । त्यस्तै, राजनीतिमा महिला हिंसा, पार्टी घोषणापत्रमा महिला मुद्दा लगायत विभिन्न दबाबमूलक कार्यक्रमहरू जागरणले गर्दै आइरहेको छ र राजनीतिक दलका विभिन्न तहका महिला नेतृहरूका लागि क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरू समेत यस अन्तर्गत सञ्चालनमा रहेको छ ।

महिला पछाडि पर्नुमा पुरुषको पितृसत्तात्मक संरचना त छदै छ तर त्यस भन्दा अर्को विकराल रुप भनेको सामाजिक संरचना र महिला अधिकारको पक्षमा नीतिगत अस्पष्टता हो । त्यसैले सामाजिक संरचना र नीतिगत स्पष्टताको लागि शिक्षित, सवल र नेतृत्वदायी भूमिका निर्वाह गर्ने महिला नेतृको आवश्यकता छ । त्यस्तो महिलाको परिकल्पना तब मात्र गर्न सकिन्छ जब स्वंय महिला आफू राजनीतिमा उद्दत हुन्छिन् तर राज्यपक्ष र अन्य निकायले त्यसको लागि आवश्यक वातावरण भने मिलाइदिनु पर्दछ ।

सबल र सक्षम महिला नीति निर्णयकर्ता बन्ने प्रस्थान विन्दु भनेको राजनीति नै हो । त्यसैले, राम्रो महिला नीतिको लागि हामी सबैले महिला र राजनीतिमा जोड दिनै पर्दछ । महिला असक्षम हैन, महिलालाई हेर्ने दृष्टिकोण अदुरदर्शी, अपरिपक्व र पुर्वाग्रही छ । महिलालाई राजनीतिमा ल्याउन उनीहरूको क्षमतामा निखार ल्याउन आवश्यक होला तर हामीले महिलामुखी नीति नियमको सुनिश्चितताको लागि त्यतापट्टी लाग्नुको साटो असक्षम छन् भनेर पाखा लगाइदिने हो भने महिला अधिकार, समानता र समतामुलक समाजको सुनिश्चितता कहिले गर्ने ? अनि आफ्नो समान हक अधिकारको लागि लड्दै आएका महिलाहरू कतिन्जेलसम्म लडिरहने ? तसर्थ राज्यको पुर्नसंरचनामा यी यस्ता कुरालाई मनन गरी जिम्मेवारीका साथ लैजान् आवश्यक छ ।

अन्त्यमा, हामी आफ्नो संविधान आफैले बनाउने ऐतिहासिक एवं महान घडीमा छौं । यस अवस्थामा महिलाको मानव अधिकार संरक्षण तथा सम्वर्द्धन गर्न, महिलाको समानुपातिक सहभागिता अधिकारको सुनिश्चितता संविधानमा नै गरी महिला अधिकार मानव अधिकारको पूर्ण वहाली गराउनका लागि हामी सबै लागिपर्नु आजको प्रमुख आवश्यकता हो ।

*(लेखक जागरण नेपालका अध्यक्ष र गैसस महासंघका महासचिव हुनुहुन्छ ।)*

# महिला र सञ्चार



● बबिता बस्नेत

## ऐतिहासिक पक्ष

नेपाली संचार माध्यमको इतिहासको कुरा गर्दा सन् १८५१ मा नेपालमा भित्रिएको हाते प्रेसबाटै सुरु गर्नु पर्ने हुन्छ। सोही प्रेसमा छापिएको मासिक पत्रिका सुधा-सागर नेपालको पहिलो मासिक पत्रिका हो। सरकारी मुखपत्रका रुपमा सन् १९०१ देखि प्रकाशित भएको गोरखा पत्र र सन् १९६५ देखि प्रकाशित द राईजिङ्ग नेपाल नेपालको पत्रकारिताको इतिहासका खम्बा हुन् जो हालसम्म निरन्तर चलिरहेकै छन्।

सन् १९५२ मा प्रकाशित महिला पत्रिका (म्यागेजिन) बाट पत्रकारिता क्षेत्रमा नेपाली महिलाहरूको उपस्थिति देखिन्छ। महिला पत्रिकामा साहना प्रधान र कामाक्षा देवी सम्पादक थिए। यस्तै सन् १९५० मा रेडियो नेपाल र १९८५ मा नेपाल टेलिभिजनको स्थापना भएपछि संचार माध्यममा महिलाको सहभागिता स्पष्ट रुपमा देखा परेको हो। यस अघिको सहभागितालाई फाट्ट-फुट्ट मात्रै मान्नु पर्ने हुन्छ। सन् १९९० मा मुलुकमा प्रजातन्त्र आएपछि भएको संचार माध्यमको विकाससँगै सबै प्रकारका संचार माध्यममा महिला संचारकर्मी र पत्रकारको सहभागिता बढेको पाइन्छ।

## वर्तमान अवस्था

केही समययता सञ्चार माध्यमको संख्यात्मक वृद्धिसँगै सञ्चार माध्यममा महिलाको सहभागिता पनि बढेको छ। तर पनि पुरुष पत्रकार तथा सञ्चारकर्मीको तुलनामा महिलाको संख्या भने न्यून नै छ। नेपाली सञ्चार माध्यममा महिलाको संलग्नता करिब १५ प्रतिशत छ। विभिन्न जिल्लामा एफएम स्टेशन स्थापना भएका र तिनमा महिलाको उत्साहजनक सहभागिताका कारण यो संख्या पहिलाको तुलनामा बढेको हो। यसमा पनि समाचार शाखा या रिपोर्टिङ्गमा संलग्न महिलाहरूको संख्या धेरै छैन। विद्युतीय सञ्चार माध्यम रेडियो, एफएम र टेलिभिजन च्यानलका तुलनामा छापा माध्यममा काम गर्ने महिलाको संख्या अझ न्यून छ। नाम चलेका कतिपय ठूला मिडिया हाउसमा पनि महिला रिपोर्टर भने एक दुइजना मात्रै छन्।

दैनिक पत्रिकाहरूमा पत्रकारहरू प्रायः एउटाबाट अर्कोमा जाने क्रम चलि नै रहन्छ। साप्ताहिक पत्रिकाहरूमा महिलाको सहभागिता दैनिकमा भन्दा अझ न्यून छ। समाचार शाखामा मात्र होइन नीतिगत तहमा पनि महिलाको सहभागिता नगन्य नै छ चाहे त्यो सरकारी सञ्चार माध्यममा होस् या निजी। निजी सञ्चार गृहका संचालकहरू देखि सरकारी सञ्चार माध्यमका संचालक समितिहरूमासम्म महिला सहभागिता करिब शून्य नै छ।

निजी, सरकारी कुनै पनि संचार माध्यममा महिलाका लागि छुट्टै नीति छैन, जसका कारण काम गर्ने वातावरण महिलामैत्री नभएको गुनासो महिला सञ्चारकर्मीहरूको रहँदै आएको छ। सरकारी संचार माध्यममा अन्य सरकारी निकायमा जस्तै महिलाहरूलाई बढुवामा बिशेष प्राथमिकता दिने उल्लेख भए पनि व्यवहारमा भने त्यो लागु हुन सकेको छैन। रेडियो र टेलिभिजनमा महिलाको सहभागिता उत्साहजनक भएपनि कार्यक्रम निर्माण तथा फिचर लेखनको तुलनामा रिपोर्टिङ्ग, सम्पादन एवं प्राविधिक क्षेत्रमा महिलाको संख्या थोरै छ। कार्यक्रम निर्माणमा पनि समसामयिक विषयमा भन्दा सामाजिक एवं मनोरञ्जनात्मक कार्यक्रममा नै महिलालाई बढी सहभागी गराइएको पाइन्छ। महिलाको सहभागिता बढी छ। महिला पत्रकार तथा सञ्चारकर्मीहरूलाई राजनीति, द्वन्द्व, शान्ति

**■■ नयाँ संचार माध्यमहरू इन्टरनेट, ब्लग, वेब साइटहरूको विकास द्रुततर गतिमा भइरहेको छ तर तिनको अनुगमनका निम्ति कुनै संयन्त्र छैन। ■■**

प्रक्रिया, परराष्ट्र, सुरक्षा जस्ता मूल प्रवाहका विषयमा भन्दा प्रायः महिला, बालबालिका, स्वास्थ्य लगायतका बिषयहरूको जिम्मेवारी दिइने गरेको छ । तर जसले राजनीति, अर्थ, परराष्ट्र, सुरक्षाजस्ता बिषयलाई 'बीट' बनाइ रहेका छन तिनले पनि त्यतिकै राम्रो गरिरहेका छन् । यस अर्थमा महिलाहरूले मूल प्रवाहका बिषयमा रिपोर्टिङ्ग गर्न सक्दैनन वा हिच्किचाउछन् भन्ने चाहीं होइन ।

नेपाल पत्रकार महासंघको नेतृत्व तहमा अहिलेसम्म महिला पत्रकारहरू पुग्न सकेका छैनन् र राज्य स्तरीय भ्रमणमा पनि प्रायः पुरुष पत्रकारहरूलाई मात्र संलग्न गराउने प्रवृत्ति छ चाहे त्यो प्रधानमन्त्री हुँदा गिरिजाप्रसाद कोइरालाको पालामा होस्, प्रचण्डको या माधव नेपालकै ।

**यस क्षेत्रमा भएका सकरात्मक कदमहरू**

हालै नेपाल सरकारले स्थानीय देखि केन्द्र सम्मलाई समेट्ने गरी निर्माण गरेको मिडिया सम्बन्धी संयन्त्र सबै जिल्लामा गठन हुने र ती सबैमा एक जना महिला पत्रकार अनिवार्य रहने व्यवस्था गरिएको छ । अभिव्यक्ति स्वतन्त्रता देखि मिडियाको अनुगमनमा सम्म सक्रिय रहने भनिएको यो संयन्त्र यदि उद्देश्य अनुरुप कार्यान्वयनमा आयो भने एकै पल्ट ७५ जना महिला पत्रकारहरूले यसमा समावेश हुने अवसर पाउने छन् । उद्देश्य अनुरुप पूर्णता पायो भने यसलाई संचारको क्षेत्रमा सरकारले गरेको नीतिगत थालनी भन्नु पर्ने हुन्छ । यस्तै महिलालाई अनिवार्य रुपले राख्नै पर्ने नीति नभए पनि केही वर्ष यता प्रेस काउन्सिलमा एक जना महिला सञ्चारकर्मीलाई संचालक समिति सदस्यका रुपमा राख्न थालिएको छ । साथै विगतको तुलनामा सञ्चार माध्यमहरूमा महिलालाई राख्नु पर्छ भन्ने सोचमा विकास भएको छ । कडा मेहेनतका साथ प्रस्तुत हुने महिला पत्रकारहरूले विभिन्न अवसरहरू पनि पाइरहेका छन् । यद्यपि महासंघको केन्द्रीय सदस्यमा एक जना महिला पत्रकार अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ तर व्यवहारमा हालसम्मपनि पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघको नेतृत्व तहमा महिलाहरूको पहुँच भने पाइन्न ।

**चुनौती तथा अवसरहरू**

पत्रकारिताले उद्योग व्यवसायको रुप लिइ नसकेको कारणले यो क्षेत्र नै आर्थिक चुनौतीबाट गुज्रिरहेको हुँदा महिला पत्रकारहरू पनि स्वतः यो समस्याबाट मुक्त छैनन् । बिहान बेलुका जतिबेला पनि काममा दौडिनु पर्ने जिम्मेवारीका कारण घर र कामबीचको समय समायोजन गर्न महिलाहरूका लागि कठिन हुने व्यवहारिक पक्ष छ । केही समय यता महिला पत्रकारहरूलाई धम्क्याउने, हमला गर्ने जस्ता कार्यहरूमा पनि वृद्धि भएको छ । तराईमा विभिन्न प्रकारका सशस्त्र समूहहरू र पहाडी जिल्लाहरूमा पनि बढ्दै गएका जातिय दस्ताहरूले पत्रकारहरूलाई आफू अनुकुल समाचार सम्प्रेषण गर्न लगाउने र नगरे मार्ने धम्की मात्र हैन महिला सञ्चारकर्मीको ज्यानै लिइएको घटना समेत छ । यस्ता घटनाक्रमका कारण पत्रकारितामा प्रवेश गरिसकेका महिलाहरू पनि यो पेशाबाट फर्किएका उदाहरण प्रशस्तै छन् ।

घर परिवारमा पनि महिला पत्रकारहरूलाई उत्साहपूर्ण वातावरण भएको पाइन्न । समयको पनि पावन्दी नहने र आम्दानी पनि निश्चित नहुने पेशा भएकोले यस प्रकारको पेशामा भन्दा बरु समयमा कार्यालय गएर समयमा घर फर्किने ९-५ को जागिरे संस्कृति तर्फ नै परिवारका सदस्यहरूले जोड दिने गरेको पाइन्छ । अनेक प्रकारका तनाव, दौडधुप, चुनौती र समयको पावन्दी नहुनु जस्ता कुरा भएर के भो त मेरी छोरीको, बुहारीको, श्रीमतीको या दिदी बैनीको आफ्नै नाम र पहिचान छ भनेर गर्व गर्ने वातावरण बनी नसक्दा महिलाहरू खुलेर यो पेशामा सहभागी हुन सकेको अवस्था छैन । जति महिलाहरू पत्रकारितामा टिकेका छन् तिनले श्रृंखलावद्ध रुपमै तनाव र दुःखहरू भेलेका छन् ।

**■■ अनेक प्रकारका तनाव, दौडधुप, चुनौती र समयको पावन्दी नहुनु जस्ता कुरा भएर के भो त मेरी छोरीको, बुहारीको, श्रीमतीको या दिदी बैनीको आफ्नै नाम र पहिचान छ भनेर गर्व गर्ने वातावरण बनी नसक्दा महिलाहरू खुलेर यो पेशामा सहभागी हुन सकेको अवस्था छैन । ■■**

यावत समस्या र चुनौतिका वाबजुद महिला सञ्चारकर्मीहरूका निम्ती अवसर नि उत्तिकै छ । विश्वव्यापी रुपमै सञ्चार जगतकै द्रुत गतिमा विकास हुदै गएकाले नेपालमा मात्रै सीमित नरही आफ्नै देशमा बसेर विश्वका कुनैपनि मुलुकका मिडियामा काम गर्न सक्ने अवस्था पनि सिर्जना हुँदै गएको छ । विभिन्न मुलुकबाट संचालन हुने

इन्टरनेट पत्रिका (नेपाली भाषामै पनि), ब्लग, पत्रपत्रिका, टेलिभिजन च्यानल लगायतका संचार माध्यमहरूले यस प्रकारको अवसर जुटाइ दिएका हुन् । कम खर्चिलो र धेरै जानकारी हुने हुनाले विभिन्न विदेशी समाचार एजेन्सीहरूले सोही देशका पत्रकारलाई सम्वाददाता राख्ने र त्यसमा महिला पत्रकारलाई प्राथमिकता दिने प्रचलन बढ्दै गएकोले स्वतः नेपालमा पनि त्यो संभावना बढेर गएको छ जसलाई महिला पत्रकारहरूको निम्ति राम्रो अवसरका रुपमा लिन सकिन्छ ।

**सञ्चार माध्यममा महिलाको प्रस्तुती**

महिला र सञ्चारको कुरा गर्दा सञ्चार माध्यममा महिलाको छवी र महिलाका मुद्दाहरूको प्रस्तुती अर्को महत्वपूर्ण पक्ष हो । विगतको तुलनामा सञ्चार माध्यममा महिलाका मुद्दाहरूले राम्रो स्थान प्राप्त गर्दै आएका छन । महिलामाथि हुने विभिन्न प्रकारका हिंसा देखि सशक्तिकरणका सवालहरूसम्म विभिन्न संचारमाध्यमहरूमा महत्वका साथ प्रकाशित एवं प्रशारित भइरहेका छन् ।

द्वन्द्वका क्रममा महिलाका मुद्दाहरूलाई सञ्चार क्षेत्रले दिएको स्थान सह्राहनीय छ । त्यतिबेला युद्धका कारण पुरुषहरूले गाउँ छाडेर महिला मात्रै रहँदा उनीहरू माथि भएको कामको दोहोरो बोझ, पुरुषहरू नहुँदा महिलाले नै घर छाउने, घर छ्याप्ने, हलो जोत्ने, लाश बोक्ने र मलामी जाने जस्ता कामहरू गरेका दृष्टान्तहरू देखि लिएर हतियारका साथ परेड खेल्दै गरेका महिलाहरूका कुरा सम्म मिडियाले बाहिर ल्यायो । साथै द्वन्द्वका बेला बेपत्ता पारिएका र परिवारका सदस्य गुमाएकाहरूका कुरालाई पनि मिडियाले राम्रो स्थान दिएको पाइन्छ । शान्ति प्रक्रियाको सुरुवातपछि जे जति कुराहरू भए, सहमति र निर्णयहरू भए त्यसमा महिलाको सहभागिता अत्यन्त कम भएका कारण मिडियामा उनीहरूको आवाजले कम स्थान प्राप्त गर्‍यो । शान्ति सम्झौता देखि पछिल्लो चरणमा गठन भएको उच्च स्तरीय संयन्त्र सम्ममा महिलाको सहभागिता नरहँदा त्यसको असर स्वतः मिडिया कभरेजमा परेको हो । कुन स्थानमा रहेको मानिसले के बोल्यो भन्ने कुराले मिडियामा महत्व राख्छ त्यसैले जबसम्म महिलाहरूले त्यस प्रकारको स्थान प्राप्त गर्दैनन् तब सम्म शायद यो क्रम चलि नै रहन्छ । पद या स्थानले कति महत्व राख्छ भन्ने कुराको उदाहरणका लागि रक्षा मन्त्री विद्या भण्डारीलाई लिन सकिन्छ । रक्षामन्त्री जस्तो उच्च र अत्यन्त संवेदनशील स्थानमा रहेकाकारण भण्डारीले जे बोले पनि मिडियाले उच्च महत्वका साथ प्रशारित गर्दै आएको छ । यस कुराले मिडियाले महिलाको आवाज दिनका लागि महिलाहरू नीतिगत तहमा हुन आवश्यक भएको बुझाउँछ ।

■■

**रक्षामन्त्री जस्तो उच्च र अत्यन्त संवेदनशील स्थानमा रहेकाकारण भण्डारीले जे बोले पनि मिडियाले उच्च महत्वका साथ प्रशारित गर्दै आएको छ । यस कुराले मिडियाले महिलाको आवाज दिनका लागि महिलाहरू नीतिगत तहमा हुन आवश्यक भएको बुझाउँछ ।**

■■

यसैगरी बलात्कार, चेलीबेटी बेचबिखन लगायतका संवेदनशील मुद्दाहरूमा पीडितको गोपनियतालाई सम्मान गर्दै उसको नाम, ठेगाना, तस्बिर विना नै मिडियाले समाचार सम्प्रेषण गर्ने गरेको छ । पीडित स्वयंको चाहना अनुरुप मात्रै तस्बिर लगायतका कुरालाई मिडियाले प्रकाशित र प्रसारित गर्ने संस्कृतिको विकास हुँदै आएको छ ।

यति हुँदा हुँदै पनि मिडियासँग सम्बन्धित केही नयाँ मुद्दाहरू छन् जसमा केही कदम चाल्नै पर्ने अवस्था छ । छापा माध्यमको अनुगमन गर्ने निकायका रुपमा नेपाल प्रेस काउन्सिल छ तर विद्युतीय संचार माध्यमहरूको अनुगमन गर्ने निकाय छैन । परिणामतः विद्युतीय माध्यमबाट कुनै मुद्दालाई अतिरञ्जित गरिए उजुरी गर्ने निकाय छैन ।

छापा माध्यममा आफ्नो या आफू संलग्न संस्थाको बारे गलत कुरा प्रकाशित भएको लागेमा भने प्रेस काउन्सिलमा उजुरी गर्न सकिन्छ । यता नयाँ संचार माध्यमहरू इन्टरनेट, ब्लग, वेब साइटहरूको विकास द्रुततर गतिमा भइरहेको छ तर तिनको अनुगमनका निम्ति कुनै संयन्त्र छैन । महिलाका आपत्तिजनक तस्बिरहरू तिनमा आइरहेका छन् । यौनजन्य भिडियोहरू प्रशारण भइरहेका छन् । साइबर अपराधमा क्रमिकरुपले वृद्धि भइरहेता पनि न्यायिक प्रक्रियाका निम्ति के गर्ने, कहाँ जाने भन्ने बारेमा कुनै जानकारी छैन । त्यसैले विद्युतीय मिडिया अनुगमन तथा उजुरीका निम्ति निकाय, साइबर कानुन र त्यसको प्रभावकारी कार्यान्वयन सञ्चार माध्यममा खट्किएको विषय र आवश्यकता पनि हो ।

*basnetbabita7@hotmail.com*



# मानव बेचबिखनबाट प्रभावितहरूको वर्तमान समस्या र चुनौतीहरू

● सुनिता दनुवार

■■ आजसम्म पनि हाम्रो समाजमा मानव बेचबिखन भनेको भारतको रेटलाइट एरियामा मात्र हुन्छ र यौन शोषणको लागि मात्र बेचबिखन हुन्छ भन्ने सोच व्याप्त छ। ■■

मानव बेचबिखन मानव अधिकारको जघन्य उल्लङ्घन र अपराध हो। अपराधजन्य कार्यलाई उन्मुलन गर्नु हामी सबैको कर्तव्य र दायित्व पनि हो। यो दायित्व प्रति राज्य अझै गम्भीर भएर लाग्नु पर्ने देखिन्छ।

आजसम्म पनि हाम्रो समाजमा मानव बेचबिखन भनेको भारतको रेटलाइट एरियामा मात्र हुन्छ र यौन शोषणको लागि मात्र बेचबिखन हुन्छ भन्ने सोच व्याप्त छ। समयको क्रमसँगै बेचबिखनको स्वरुप फेरिएको छ। बेचबिखनको नाममा वैदेशिक रोजगारमा पठाउने, आन्तिरिकरुपमै डान्स र क्याबिन रेसटुरेण्टमा बालिका तथा महिलाहरू बेचिइरहेका छन्। त्यसरी बेचिएका बालिका र महिलाहरू न्यायको निम्ति भौंतारिरहेको अवस्था छ।

समय परिवर्तनसंगै दलालहरूले महिला तथा बालिकाहरूलाई विभिन्न प्रलोभनमा पारेर रोजगारी दिलाउने नाममा बेचबिखनमा पारे पछि नेपाल सरकारले महिलालाई काममा जान रोकेको, खाडी मुलुकहरूमा रोजगारको लागि लैजाने भनेर दलालले झुटो आश्वासन दिई पासपोर्ट बनाउन पैसा समेत दिएर भारतबाट उडाउने भनी लैजाने र सोझा सिधा महिलालाई त्यहींका रेटलाइट एरियामा बेचिदिने र टाठाबाठालाई त्यहाँबाट खाडी देशहरूमा उडाउने गरेको पाइएको छ। त्यहाँ लगेपछि नेपाली दिदी बहिनीहरूलाई बिक्रिमा राखिन्छ र मोल मिले पछि बेचिन्छ। बेचिसकेपछि ती महिलाहरू यौन शोषणमा पटक पटक पर्ने गरेको पाइएको छ। उक्त पिडा सहन नसकी कतिपय महिला घरबाटै हाम्फालेको र बाँकी जीवन अपाङ्ग भएर बस्नु परेको कतिपय उदाहरण हामी सामु छ। यस्ता पीडामा परेका महिलाहरूले अहिले सम्म पनि कानुनी न्याय पाएको अवस्था भने छैन। महिलाहरूलाई नेपाल सरकारले क्षतिपूर्तिका लागि न पहल गर्छ न त त्यस्ता महिलाहरूलाई अवसरको व्यवस्था नै गरेको छ।

पढेलेखेका कतिपय महिला तथा बालिकाहरू कामको खोजीमा भौतारिने क्रममा बेचबिखनको शिकार हुन पुगेका छन्। भारतमा बेचबिखनमा परेका बालिकाहरूलाई नेपाल फर्काउने क्रममा सीमाक्षेत्र (बोर्डर) मा लिन जादाँ त्यहाँका प्रशासनका कर्मचारीहरूले दिने समस्याले गर्दा हामी यस सवालमा काम गर्ने संस्थालाई समेत समस्या परेको छ। अर्को तर्फ यो सवाल आफैमा संवेदशील छ।

यस क्षेत्रमा बेचबिखनबाट प्रभावितहरूको गोपनीयताको पनि समस्या छ। जसले उनीहरूको पुनःस्थापनामा गम्भीर असर पार्दछ। त्यसैले यस विषयमा काम गर्ने संस्थाहरूले प्रभावितहरूको गोपनीयतालाई ध्यान दिन आवश्यक छ। कुनै पनि संस्थाहरूले प्रभावितलाई संचारमा नङ्ग्याउने (पहिचान खुल्ने गरी) काम गर्नु हुन्न र यसमा संचार जगतले संवेदनशीलता अपनाउनु त्यति नै आवश्यक छ। भारतबाट नेपालको सीमासम्म ल्याएको घटनालाई पनि आफ्नो संस्थाको नाम आउनका लागि हाम्रो संस्थाले उद्धार गरी ल्याएको भनेर संचारमा प्रत्यक्ष देखाउनाले प्रभावित महिलाको गोपनियता कहाँ सुनिश्चित भयो त ? यहानिर ज्वलन्त प्रश्न छ।

मानव बेचबिखन गर्ने दलाललाई राजनितिक संरक्षण गर्नाले पनि यो समस्याको हल गर्न गाह्रो भएको हाम्रो अनुभव छ। जबसम्म यो समस्यालाई राजनितिक दलहरूले यो देशको समस्या हो भनेर

आत्मसात गर्दैनन् र यसलाई समाधान गर्नु पर्छ भनेर लिदैनन् तब सम्म यो समस्या रहिरहन्छ।

२१ औं शताब्दिमा पनि नेपालमा मानव बेचबिखन कसरी भइरहेको छ र बेचबिखनपछि प्रभावितहरूको अवस्था कतिसम्म कहालीलाग्दो छ भन्ने कुरामा नेपाल सरकार र नीति निर्माण तहमा बसेका व्यक्तिहरूले गम्भीर भएर सोच्न नसकेको स्थिति छ, बेचबिखनमा पर्ने भनेको नेपाली नागरिक नै भएकोले यस विषयमा ध्यान दिनु आवश्यक छ। ऐन र कानुन बनाएर मात्र पर्याप्त हुदैन यसको प्रभावकारी कार्यन्वयन र समयको माग र आवश्यकता अनुसार परिमार्जन आवश्यक छ।

मानव बेचबिखनबाट प्रभावितहरूको संस्था शक्ति समूहको अध्ययन तथा अनुभव अनुसार प्रभावितहरूले भोग्नु परेको चुनौतिलाई निम्न छन् :

- दलाललाई राजनितिक संरक्षण हुनु।
- प्रभावितहरूको व्यवस्थापनमा कठिनाई।
- प्रभावितलाई स्वास्थ्य, शिक्षा र रोजगारको अभाव।
- आन्तरिक र वैदेशिक रोजगारको नाममा भएको बेचबिखनलाई प्रहरीले मुद्धा चलाउन नमान्नु।
- सरोकारवाला कर्मचारीहरूमा धारणगत स्पष्टता नहुनु।
- सुरक्षाको व्यवस्था नहुनु र दलालहरूबाट धम्की आउनु।
- संस्थामा स्रोत र साधानको अभाव।
- संस्थाहरूले प्रभावितको गोपनियता भङ्ग गर्नु।
- प्रभावितलाई दलालबाट क्षतिपूर्ति भराइने विषय।

अबको संविधान निमार्ण गर्दा मानव बेचबिखन तथा यसबाट प्रभावितहरूको समस्याहरूलाई मध्यनजर गरी प्रभावितहरूको अधिकारलाई सुनिश्चित गर्नु पर्ने आवश्यक छ। साथै प्रभावितहरूको अधिकार सुनिश्तिताको लागि अन्तर्राष्ट्रिय मापदण्डको अन्तराष्ट्रिय संगठित अपराध विरुद्ध संयुक्त राष्ट्रसंघीय महान्धिको निशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन लाई रोक्ने, दबाउने र सजाय गर्ने परिपुरक उपलेख २००० अनुमोदनको आवश्यकता रहेको छ।

*(लेखक महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) का अध्यक्ष तथा शक्ति समूहका कार्यक्रम संयोजक हुनुहुन्छ।)*

# प्रलोभनले फसायो कमलालाई

कमला नेपाली (नाम परिवर्तित) गुल्मी निवासी हुन्। उनको चारजना दिदी र एउटा भाई छन्। दुईवटा दीदीहरूको विवाह भइसकेको छ। कमलाको परिवारको आर्थिक अवस्था निम्न छ। उनको परिवारमा एक रोपनी जग्गा थियो तर यसले कमलाको परिवारलाई छ महिना धान्न पुग्दैनथ्यो। गाउँमा रोजगारीको अन्य कुनै विकल्प थिएन।

कमलाको बाल्यकाल राम्ररी बितेन तथापि उनले मुश्किलले २ कक्षा सम्म पढ्न पाइन्। परिवारको निम्न आर्थिक अवस्थाको कारण कमलाले १२ वर्षको उमेरमा एकजना छिमेकी महिलाको प्रलोभनमा परेर घर छाडेर हिंडिन्। ती महिलाले कमलालाई राम्रो काममा लगाइदिने प्रलोभन दिएकी थिइन्।

केही वर्ष सम्म बुटवल नजिकको एउटा होटलमा कमलाले काम गरिन्। त्यसपछि फेरि अर्की एउटी महिलाले उनलाई काठमाडौंमा राम्रो कामको प्रलोभन दिइन् र कमला त्यसै महिलासंग काठमाण्डौ पुगिन्। कमलाले आफू गलत ठाउँतिर जानलागेको तथा त्यस महिलाको नियत ठीक नरहेको अनुभव गरिन् र त्यहाँबाट भागेर उनी कालीमाटी प्रहरी चौकीमा पुगिन्। त्यहाँ एकजना महिलाले कमलाप्रति सहानुभूति देखाउँदै आफूले उसको जिम्मेवारी लिने बताउँदै कमलालाई आफूसँग लिएर गइन् जो वास्तवमा एक व्यवसायिक यौनकर्मी थिइन्। उनले कमलालाई केही वर्षसम्म यौन व्यवसाय गर्न बाध्य गरिन्। एक दिन कमलालाई एउटा संस्था मार्फत उद्धार गरेर शक्ति समूहमा हेरचाह र सहयोगको लागि पठाइयो। हाल कमला शक्ति समूहमा छिन् र उनलाई निरन्तर परामर्श गरिदै छ। कमला सीपमुलक तालिममा पनि सहभागी रहेकी छिन्।

# पीडकले जुन तहको दण्ड सजाय पाउनु पर्ने हो पाएको छैन

**बिन्दा पाण्डे संविधानसभाको *मौलिक हक तथा निर्देशक सिद्धान्त समिति*का सभापति हुनुहुन्छ। नयाँ बन्ने संविधानमा महिला बेचबिखनको सवाललाई कसरी हेरिएको छ तथा महिलाको मानव अधिकारलाई कसरी सुनिश्चित गर्न खोजिएको छ ? भन्ने सन्दर्भमा बिन्दा पाण्डेसँग उज्यालो एफ.एम.का लागि शक्ति सन्देश कार्यक्रममा प्रसारित अन्तर्वार्तालाई *ओसारपसार*का लागि साभार गरी यहाँ प्रस्तुत गरिएको छ।**

**महिला बेचबिखनको अवस्था अहिले कस्तो पाउनु भएको छ ?**

विगतदेखि अहिलेसम्मको अवस्था हेर्दा राज्यपक्ष पहिले भन्दा सचेत भएको देखिन्छ। जति काम राज्यको तहबाट गर्नुपर्ने हो त्यति भने भएको छैन। बहुदलीय व्यवस्थाको थालनीसँगै धेरै संघसंस्थाहरूले महिलाको सवालमा काम थालेका छन्। पहिला पीडितलाई समाजबाट सहयोग भन्दा झनै पीडा दिने किसिमको काम हुन्थ्यो भने अहिले पीडित प्रतिको समाजको दृष्टिकोण बदलिएको छ। समाज उनीहरूप्रति संवेदनशील भएको छ। बेचबिखनको मुद्दालाई गम्भिरताका साथ हेरिन थालिएको छ। तर सम्बद्ध संस्थाहरूबीच एक आपसमा समन्वय राम्ररी भएको देखिन्न। जति मात्रामा स्रोत र साधन खर्च भइराखेको छ त्यसको अधिकतम सदुपयोग हुन नसकेको अवस्था छ।

**सरकारको तर्फबाट के कस्ता पहलहरू भएका छन् ?**

बेचबिखन र महिला हिंसाको मुद्दालाई गम्भिरताका साथ लिने प्रवृत्तिको विकास भएको छ। हिंसा पीडितलाई पुनःस्थापनाको व्यवस्था गर्ने र कम्तिमा पनि १५ वटा जिल्लामा पुनःस्थापना गृह बनाउने भन्ने कुरा अनुरुप काम थालिएको छ जसमा बेचबिखनका प्रभावितलाई पनि समावेश गर्ने भनिएको छ। कानुन बनाउने खालका कुराहरू भएका छन्। कम्तिमा राज्यले आफ्नो नीतिमा थोरै भएपनि यो मुद्दालाई पहिचान गर्ने र समावेश गर्ने कामको थालनी भएको छ।

***मानव बेचबिखन विरुद्ध भए गरेका कार्यहरूको कसरी मूल्यांकन गर्नु हुन्छ ?***

पुनःस्थापना गृहहरू निर्माण र सञ्चालन भएका कारण पीडितहरूले पीडा बिसाउने ठाउँ पाएका छन्। पुनःस्थापना गृहहरूमा महिलाहरूलाई सीप विकास र सशक्तीकरणका थुप्रै कामहरू भएका छन्।



● **बिन्दा पाण्डे**

*सभापति, संविधानसभा मौलिक हक तथा निर्देशक सिद्धान्त समिति*

**के ती प्रभावकारी छन् त ?**

बेचबिखनबाट प्रभावित एवं पीडित महिलाहरू आफै संगठित हुन थाल्नु भएको छ। हिंसामा परेका, बेचबिखनबाट प्रभावित तथा पीडित दिदिबहिनीहरूले आफूजस्तै पीडाको अनुभव गरेकाहरूलाई सहयोग गर्ने काम थालिएको छ जुन आफैमा प्रशंसनीय छ। वास्तवमा, सम्बद्ध सरोकारवाला संघसंस्थाहरूकै हौसला र प्रोत्साहनले मात्रै यो काम सम्भव भएको हो। शुरुमा आवाजविहिनहरूलाई आवाज दिने काम तिनै संस्थाहरूले नै गरेका हुन् जसलाई पीडित महिलाहरूले संगठित भएर व्यवहारमा उतार्नु भएको छ।

अर्को कुरा, पीडा अनुभूत गरेर आएका साथीहरूको संस्थागत विकासमा अझ ध्यान पुऱ्याउनु पर्छ । तिनको संस्थागत विकास र विस्तार गर्नुपर्ने देखिन्छ । १५ जिल्लामा सञ्चालित पुनःस्थापना गृहको सञ्चालनमा पीडित महिलाहरूको संस्थालाई पनि सहभागी गराउन सकेको भए अझ राम्रो हुन्थ्यो होला । अर्को कुरा, पीडा भोगेर आएकै साथीहरूलाई, उस्तै पीडा भोग्नेहरूलाई कसरी पीडाबाट मुक्त गर्ने र पीडितहरूलाई राहत दिने भन्ने कुरा संस्थागत रुपमै लग्ने प्रावधानतिर ध्यान दिन सके प्रभावकारी हुन्थ्यो कि भन्ने लाग्छ ।

**बेचबिखनसम्बन्धी प्रचलित कानुनी प्रावधान र कार्यान्वयनको अवस्थालाई कसरी मूल्याकंन गर्नुहुन्छ ?**

कानुनमा लेखिएको कुरा एक त अपर्याप्त छ । अर्को भएका प्रावधानहरूको उपयुक्त ढंगले कार्यान्वयन भएको छैन । पीडकले जुन खाले दण्ड सजाय पाउनु पर्ने हो त्यो पाएको अवस्था छैन । पीडकको अलि बढी शक्तिमा पहुँच हुने, पीडित पहुँचविहिन छन् । पीडकले जुन तहको दण्ड सजाय पाउनु पर्ने हो पाएको छैन ।

नयाँ संविधानको मस्यौदा गर्दा पीडितको हक भनेर नि लेख्नु पर्छ भनेर छलफल हामीले चलायौं । राज्यले पीडितको सम्बन्धमा बोल्नु पर्छ र पीडितको तर्फबाट वकालत गर्नुपर्छ भन्ने कुरा हामीले नयाँ मस्यौदामा समावेश गरेका छौं । पीडकलाई दण्ड त गर्नै पर्छ तर त्यतिले मात्र पुग्दैन । पीडकबाट पीडितलाई क्षतिपूर्ति नी गर्नुपर्छ भन्ने कुरा हामीले प्रारम्भिक मस्यौदामा गरेका छौं । भोलि बन्ने कानुन यही लाइनबाट बनाउन सक्यौं भने प्रभावितले आजभन्दा बढी न्याय पाउने स्थिति बन्ला भन्ने अपेक्षा गर्न सकिन्छ ।

**तपाईं संविधान सभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको सभापति पनि हुनुहुन्छ । व्यक्तिगत रुपमा यस मुद्दालाई स्थापित गर्न यहाँको विशेष पहल हुन्छ कि ?**

संविधानमा थप धाराको रुपमा पीडितको हक भनेर व्यवस्था गरेका छौं । पीडकबाटै क्षतिपूर्ति दिलाउनु पर्छ भन्ने कुरा उठाएका छौं । पीडितलाई पुनःस्थापना गर्ने, सुरक्षा र संरक्षण गर्ने काम राज्यले नीति बनाएर गर्नुपर्छ । उसलाई कम्तिमा आत्मसम्मान साथ बाँच्न पाउनसक्ने जीवनको हक दिलाउने व्यवस्था हामीले गरेका छौं । नयाँ संविधान घोषणा हुँदा यो कुरा पर्छ भन्ने मैले अपेक्षा गरेको छु । परिसकेपछि व्यवहारमा कसरी उतार्ने तपाई हामी सबैको दायित्व हो ।

**नयाँ संविधानमा क्षतिपूर्ति दिने सम्बन्धमा के कस्तो कुरा समेटिनु पर्छ ?**

पहिलो क्षतिपूर्ति पीडकबाटै नै दिनु पर्छ । पीडक भेटिएन वा पीडकको हैसियत छैन भने क्षतिपूर्ति दिने दायित्व राज्यबाट दिनु पर्छ ।

**हाम्रो समाजले प्रभावित र पीडितहरूलाई अझसम्म स्वीकारिसकेको अवस्था छैन । प्रभावित महिला दिदीबहिनीहरू सामाजिक बहिष्कारमै परिरहेको अवस्था छ । यस्तो अवस्थामा कमी ल्याउन के गर्नुपर्ला ?**

हेर्नुस्, हाम्रो सिंगो समाजको प्रवृत्ति परिवर्तन नभई यस्तो कार्यमा कमी आउँदैन । दोषीमाथि समाजले घृणा गर्नु जायज हो तर निर्दोष माथि दोषीको आँखाले हेर्नु मानव अधिकारको हनन हो । एउटा सभ्य नागरिकले निर्दोष मानिसलाई दोषीको रुपमा कदापि हेर्नु हुँदैन । समाजमा दृष्टिकोण परिवर्तनका लागि समाजका हरेक अंगले पहल गर्नु पर्छ ।

**महिला बेचबिखन विरुद्ध राष्ट्रिय सहकर्मी समूह (एटविन) ले केही महिना पहिले तपाईको समितिलाई ज्ञापनपत्र बुझाएको थियो । त्यसको अन्तिम अवस्था के छ ?**

एटविनले बुझाएको ज्ञापनपत्रका धेरै कुराहरू संविधानमा समेटिएका छन् । त्यसको निश्कर्ष वा संविधान मै पर्नुपर्ने कुराहरू हामीले समेटेका छौं । धेरै कुराहरू राज्यका नीतिसँग सम्बन्धित छ । तरपनि राज्यका नीति र कार्यक्रमसँग सम्बन्धित कुराहरू प्रतिबिम्बित भए नभएको हेर्ने दायित्व हाम्रो हो । .

**मानव बेचबिखन विरुद्धको कार्यमा सचेतना गर्न कसको भूमिका बढी हुन्छ ?**

समाज सचेत हुनुपर्छ । त्यहाँका नागरिक सचेत हुनुपर्छ । समाजका हरेक तह र तप्कामा सचेतना हुनु जरुरी छ । राज्यको चौथो अङ्गको रूपमा रहेको मिडियाको काम राज्यका तीनवटा अङ्गहरूले राम्ररी काम गरेको छ छैन भनी जनतालाई सुसूचित गर्ने भएकोले यो बढी संवेदनशील हुनु जरुरी छ । मिडिया प्रभावित र पीडित मैत्री हुनु पर्छ ।

*(शक्ति सन्देश शक्ति समूहद्वारा तयार पारिएको पाक्षिक रेडियो कार्यक्रम हो । प्रस्तुत अन्तर्वार्ता उज्यालो एफ.एफ.का लागि बिरु नेपालीले लिनु भएको हो । यसलाई ओसार पसारका लागि अनिल अधिकारीले रुपान्तरण तथा सम्पादन गर्नु भएको हो ।)*



# यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू : मानव अधिकार संरक्षणको अन्तिम लडाइँ लड्दै

● सुनीलबाबु पन्त

■■

**ऐतिहासिक संविधान सभामा यस यौनिक तथा लैङ्गिक अल्पसंख्यकको प्रतिनिधित्व गर्दै एकजना सभासद यौनिक तथा लैङ्गिक अल्पसंख्यकका आवाजलाई बुलन्द गर्दैछन् संविधानसभामा।**

■■

२१ औं शताब्दिको मानव अधिकारको संरक्षणक्रममा सायद अन्तिम संघर्ष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू (समलिङ्गी, तेस्रो लिङ्गी तथा अन्तरलिङ्गी) लड्दै छन्। रङ, जात जाती, महिला, अपाङ्गता, धर्म लगायत विभिन्न आधारमा हुने मानव मानव विचको भेदभावको अन्त गर्दै आज यौनिक अभिमूखिकरण तथा लैङ्गिक पहिचानका आधारमा हुने भेदभावको अन्तको लडाइ पनि नील हिरा समाजको नेतृत्वमा नेपालमा सुरु भएको करिब १० वर्ष पुग्न लागेको छ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू प्राकृतिक हुन् र अरु मानव सरह नैषर्गिक अधिकारको उपभोग गर्न पाउँछन्, पहिचान र अधिकारको सुनिश्चिता गर्नु भनी २००७ पौष ६ गतेको सर्वोच्च अदालतले नेपाल सरकारको नाममा जारी निर्देशनात्मक आदेशले यस समूदायका हक अधिकार स्थापित गर्न ठूलै मद्दत गरेको पाइन्छ। ऐतिहासिक संविधान सभामा यस यौनिक तथा लैङ्गिक अल्पसंख्यकको प्रतिनिधित्व गर्दै एकजना सभासद यौनिक तथा लैङ्गिक अल्पसंख्यकका आवाजलाई बुलन्द गर्दैछन् संविधानसभामा। संविधानसभाका मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्त समिति, अल्पसंख्यक तथा सिमान्तकृत वर्गको अधिकार निर्धारण समिति लगायतका समितिहरूले अत्यन्त सकारात्मक ढंगले पहिचान र अधिकारको सुनिश्चितता हुनेगरी मस्यौदा सुझाव गरेका छन्। संविधानसभामा यी समितिहरूका प्रतिवेदन आउँदापनि कुनै फरक मत परेको पाइँदैन र छलफलमा पनि कुनै ठोस विरोध भएको पाइँदैन।


तस्बिर स्रोत : ब्लु डायमण्ड सोसाइटी

सारांशमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गर्न निम्नलिखित कुराहरू संविधानसभाले सकारात्मक ढंगले उठाएको पाइन्छ :

१) तेस्रो लिङ्गीलाई पनि लैङ्गिक पहिचान सहितको नागरिकता।

२) यौनिक अभिमूखिकरण तथा लैङ्गिक (तेस्रो लिङ्गी सहित) अविभेदको आधार।

३) यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई सकारात्मक विभेद राज्यले गर्न सक्ने।

४) सामाजिक सुरक्षा र सामाजिक न्यायले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई समेटेको।

५) श्रम, पारिश्रमिक, परिवार, विवाह, पैतृक सम्पत्ति लगायतका हकमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई अन्य सरह समान हक र पहुँच हुने।

*(लेखक संविधानसभा सदस्य हुनुहुन्छ।*

# महिला र एच.आई.भी. /एड्स



● ईरादा गौतम

नेपालमा केही त्यस्ता समूहहरू जस्तै महिला जो सुईद्वारा लागु पदार्थ लिन्छन्, महिला यौन कर्मीहरू, बेचबिखनमा परेका महिलाहरू, कामको लागि विदेश जाने पुरुषहरू र उनका श्रीमतीहरूमा एच.आई.भी. /संक्रमण बढिजसो रुपमा पाइन्छ। नेपाल सरकारले सन् २००८ मा गरेको अनुमान अनुसार १५-४९ वर्षको १९,०६१ महिला संक्रमणमा छन्, जुन कुल संक्रमणको २९ प्रतिशत हो। एच.आई.भी. /एड्सले महिला तथा पुरुषलाई फरक तरिकाबाट असर तथा जोखिम पुऱ्याउँछ। समाजमा रहेको लैङ्गिक विभदेका कारण संक्रमित महिलाहरूको स्वेच्छिक परामर्श तथा परिक्षण, अवसरवादी संक्रमणको उपचार जस्ते सिडिफोर तथा सो को परीक्षण र पिएमटिसिटिको सेवामा ज्यादै कम पहँच भएको छ जसका कारण प्रभावितहरूले आधारभुत स्वास्थ्य, पौष्टिक खाना र उचित स्याहार सुसार, माया ममता प्राप्त गर्न सकिरहेका छैनन्।

महिलाको जैविक कारण पनि जस्तै महिलाको योनीको भित्ताको सतह ठूलो हुनु जसले गर्दा तरल पदार्थ जम्मा गर्न मद्दत गर्छ र योनीको भित्ता पातलो हुनाले सजिलैसँग च्यातिन्छ र एच.आई.भी.को किटाणुहरू सजिलैसँग छिर्न सक्छ। महिलाहरूले यौन रोगको संक्रमण भएपछि त्यसको उपचार सजिलैसँग गर्न सक्दैनन्। त्यस्तै एच.आई.भी. भएका महिलाहरू सामाजिक भेदभावहरू व्यापक रुपमा अनुभव गरेका छन्।

मेरो व्यक्तिगत अध्ययन र अनुभवमा चाहे अछामको होस् वा अन्य जिल्लाहरू स्याङ्जा, चितवन, नवलपरासी, रुपन्देही, कास्की, पर्वत, दोलखा, रामेछाप, झापा, सिन्धुली, जनकपुर, सुर्खेत आदि सबै ठाउँका महिलाहरू जो एच.आई.भी. बाट संक्रमित छन्, उनीहरू सबैले समाज र परिवारबाट हेला, दुर्व्यवहार र विभिन्न खाले हिंसाहरू भोग्नु परेको छ।

विभिन्न अध्ययन् अनुसार, कतिपय महिलाहरूले श्रीमान्को औषधि उपचारको क्रममा घरको सम्पूर्ण जायजेथा खर्च गरिसकेका हुन्छन् तर श्रीमान्को मृत्यु पश्चात् महिलाको उपचारको लागि न घरपक्षले नै हेरेको पाइन्छ न त माइतीपक्षले नै। आर्थिक अभावका कारण महिलाहरूले उपचारको स्रोत पाउँदैनन् र एच.आई.भी.को कारण महिलाहरू झनै गरिबीको मारमा पर्न बाध्य छन्।

अध्ययन अनुसार एड्सको कारण श्रीमान गमाउने महिलाहरूले श्रीमान्को पैतृक सम्पत्तीबाट पनि विमुख हुनुपरेको देखाउँछ। खाना, बसोबास, लत्ताकपडा, शिक्षा र स्वास्थ्य जस्ता न्यूनतम अधिकारबाट बालबालिकाहरू बञ्चित हुनु परिरहेको अवस्था छ। एच.आई.भी.संक्रमण पछि उनीहरूलाई परिवार र समाजबाट हेरचाह, माया ममता तथा समर्थन पाउन पनि ज्यादै गाह्रो छ। महिलाहरूले घर परिवार नातेदार र बालबालिकाको हेर चाह गर्नुपर्छ तर आफै संक्रमण हुँदा भने पुरुष भन्दा दोब्बर सामाजिक दोष, आरोप तथा भेदभाव भएको महसुस संक्रमित महिलाहरूले गरेका छन् र समाजबाट निकाला समेत गरिएको छ। यस्तो अवस्थाबाट गुज्रिरहेका महिलाका लागि बेलैमा सोचिएन भने सम्बन्धित महिलाहरूको अवस्था झनै दयनीय र निरीह नबन्ला भन्न सकिन्न।

एच.आई.भी. संक्रमित महिलाले के आवाज उठाएका छन् भने नेपाल सरकारले नीति नियम बनाउनु मात्र सम्पूर्ण कार्य नभई एच.आई.भी. र एड्सबाट प्रभावित तथा संक्रमित महिलाहरूले स्वस्थ जीवन यापन तथा समाजमा सम्मानपूर्ण

**महिलाहरूले घर परिवार नातेदार र बालबालिकाको हेर चाह गर्नुपर्छ तर आफै संक्रमण हादा भने पुरुष भन्दा दोब्बर सामाजिक दोष, आरोप तथा भेदभाव भएको महशुस गरेका छन् र समाजबाट निकाला समेत गरिएको छ।**

जीवन यापन गर्न पाउनु पर्छ। उनीहरू आफै एच.आई.भी. र एड्स विरुद्धको अभियानमा अर्थपूर्ण सहभागितामा कसरी लाग्न सक्छन् र त्यस्तो वातावरण बनाउन सरकारी निकाय, गैर सरकारी संघ–संस्था, राजनैतिक दल र सचेत नागरिकको अतुलनीय भुमिका हुन्छ र विशेष गरी महिला अधिकारकर्मीहरू जसले महिला अधिकारको वकालत गरेका छन् र एच.आई.भी. भएका महिलाहरूको अधिकार कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा अत्यन्त संवेदनशिल हुन जरुरी छ।

एच.आई.भि. संक्रमित र प्रभावित महिलाको जीवनस्तरमा गुणस्तरीय सुधार ल्याउनका लागि निम्न उपायहरू गर्न सकिन्छ।

- ठाउँ परिस्थिती हेरेर र महिलाहरूको इच्छा, अवस्था हेरी आयमुलक कार्यक्रममा सहयोग गर्ने जसले गर्दा गरिबी कम गर्न सकियोस्।
- एच.आई.भी.को खतरामा पर्ने महिलाहरूलाई लक्षित गरी स्वास्थ्य, पोषण, रोजगारी, स्वेच्छिक परामर्श तथा परिक्षण र कानुनी सहयोग आदिको निशुल्क सेवामा पहुँच बढाउने र जनवकालत गर्ने।
- समाजमा एच.आई.भी. /एड्सबाट सृजित हेला, दुर्व्यवहार र हिंसाजन्य अवस्थाको न्यूनीकरणका लागि सचेतना तथा वकालत कार्यक्रम गरी सहयोगी वातावरण तयार गर्ने र समुदाय सहयोग संरचना गठन गर्ने।
- एच.आई.भी.संक्रमित र एड्स प्रभावित महिलाहरूको नियमित तथ्याङ्क पत्ता लगाई उनीहरूलाई संगठित गर्ने र प्रभावित महिलाहरूको अधिकार सुनिश्चित गर्ने।
- एच.आई.भी. संक्रमित महिलाहरूको हेरचाहका लागि उनीहरू र परिवारका सदस्यहरूमा आवश्यक सिप तथा सकारात्मक सोच र व्यवहारको बढावा गर्ने।
- एच.आई.भि संक्रमित र प्रभावित महिला तथा उसका बालबालिकाहरूको हक, हित संरक्षण गर्न सरकारी र गैरसरकारी संस्थाहरूको बिचमा बढी भन्दा बढी सम्पर्क, समन्वय, सहकार्य र साझेदारीको संजालमा बढावा दिने।

*(लेखक आवाजकी अध्यक्ष हुनुहुन्छ।)*

# दलालबाट पटक–पटक बेचिएकी मोना, अन्ततः नेपाल फर्किइन्

मोना नेपाली (नाम परिवर्तित) को घर झापा हो। उनले ९ कक्षासम्म पढेकी छिन्। मोनाको बुवा लुगा सिउने पेशामा हुनुहुन्छ। पाँच सदस्यीय नेपाली परिवारको आर्थिक अवस्था कमजोर भएकोले जीविकोपार्जन समेत कठिन थियो। मोना पढ्दै थिइन्। उनको एकजना छिमेकीले आमा बुबालाई अरब देशमा राम्रो जागिर पाइने प्रलोभन दियो।

घरको कमजोर आर्थिक अवस्थाले गर्दा मोनाले अरब गएर काम गर्ने अठोट गरिन्। दलालले उनलाई सिलीगुडीबाट मुम्बई लग्यो। दलालले मोनाको बाबुआमासँग उसलाई ओमान पठाउने कुरा गरेको थियो तर झुक्याएर मुम्बई ल्याइपुऱ्यायो। मुम्बई आए पछि दलालले कम उमेरका कारण मोनालाई कुवेत पठाउने कुरा गऱ्यो जसमा मोना सहमत भइन्।

मुम्बईमा दलालले उनको यौन शोषण गऱ्यो र चार महिना सम्म आफूसँगै राखेर अन्य ३ जना केटीसहित कुवेत पठाइदियो। कुवेतमा एकजना व्यक्ति उनीहरूलाई लिन आयो जोसँग उनीहरू तीन दिन सम्म सँगै बसे। कुवेतमा मोनालाई एउटा घरमा घरेलु कामदारको रुपमा पठाइयो। दुई महिना पछि फेरि उसलाई अर्को घरमा सारियो।

मोनाको भिसामा केही समस्या देखिएकोले उसलाई अन्यत्र सारिएको थियो। त्यस घरमा मोना शारीरिक तथा मानसिक रुपमा शोषित भइन्। घर मालिकको छोराबाट यौन दुर्व्यवहार खेप्नुपरेपनि परिवारले उसैलाई दोष लगायो। त्यहाँबाट मोनालाई एउटा श्रीलंकाली परिवारमा बेचियो र त्यहाँबाट पनि अर्कै परिवारमा पुऱ्याइयो।

नेपालबाट भारत र कुवेत हुँदै मोना दलालको हातबाट पटक पटक बेचिइन्। तर श्रीलंकाली परिवारको सहयोगले उनले कार्यलयमा राम्रो जागिर पाइन्। त्यहाँबाट मोनाले नेपालमा परिवारलाई सम्पर्क गरी आफ्नो अवस्थाको जानकारी दिएपछि परिवारले उनलाई लाने एजेन्टलाई छोरी फर्काउन दबाब दिए। तर जति दबाब दिंदा पनि छोरी नफर्केपछि मोनाको परिवारले नेपालको एजेन्ट विरुद्ध मुद्दा दायर गरे।

त्यसपछि शक्ति समूह तथा अन्य संस्थाहरूको सहयोगमा मोना नेपाल फर्कन सफल भइन्। घरको कमजोर आर्थिक अवस्था तथा उनको व्यक्तिगत सुरक्षाका कारण मोना केही समय एउटा संस्थामा बसिन्। उनलाई सिपमुलक तालिमको लागि त्यहाँबाट शक्ति समूहमा पठाइयो। हाल मोना शक्ति समूहमा रहेर तालिम लिदैछिन्।

# एकल महिला र तिनका सवालहरू



• रोजी सिंह

महिला र पुरुष एक रथका दुई पांग्रा हुन् । कुनै एक विना जीवनरुपी रथ अगाडि बढ्न गाह्रो छ । तथापि, पितृसत्तात्मक सोचले जरो गाडेको हाम्रो समाजमा पुरुषहरूको दाँजोमा महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, कानुनी तथा राजनीतिक क्षेत्रमा ज्यादै न्यून पहँुच रहेको पाइन्छ । तर उचित अवसर र मौका पाएमा महिलाहरू पनि पुरुष भन्दा कुनै क्षेत्रमा पछाडि छैनन् र यस समाजमा परिवर्तनका बाहकका रुपमा योगदान पुर्‍याउन सक्छन् भन्ने थुप्रै उदाहरणहरू पाउन सकिन्छ ।

समाजमा साधारण महिला त पुरुषको अनुपातमा पछि परेको अवस्था छ भने एकल महिलाको स्थिति झन् दयनीय रहेको छ । मानव अधिकारका लागि महिला, एकल महिला समूहले एकल महिलालाई श्रीमान् गुमाएका (विधवा), श्रीमान्सँग पारपाचुके गरेका, श्रीमान्सँग पारपाचुके नगरी अल्लगै बसेका, विवाह नगरी ३५ वर्ष नाघेका वा श्रीमान् हराएका महिलाहरू भनी पाँच वर्गका महिलाहरूलाई परिभाषित गरेको छ ।

महिला त्यसमाथि 'एकल' हुनुको पिडा बेग्लै छ, जुन सायद भोग्नेले बाहेक अरु कसैले पनि अनुभूति गर्न सक्दैन । समाजमा एकल महिलाहरूलाई अझै पनि अलच्छिना तथा कुसाइतका रुपमा लिने गरेको छ । उनीहरूलाई सामाजिक, धार्मिक कार्यहरूमा सहभागी हुनबाट बञ्चित गरिन्छ । कतिपय एकल महिलाहरू समाजमा बोक्सीको रुपमा अपहेलित भएर अमानविय तथा क्रुर यातनाहरू सही बाँच्न बाध्य छन् । उनीहरू समाजबाट र आफ्नै परिवारको सदस्यबाट मानसिक तथा शारीरिक रुपले शोषित भएर बाँच्नु परेको थुप्रै दृष्टान्तहरू पाउन सकिन्छ । आर्थिक रुपले सम्पन्न एकल महिलाहरू पनि यी परिस्थितिबाट गुज्रिनु परेको भेटिन्छ ।

एकल महिलाहरूको यस्तो स्थिति हुनमा विभिन्न कारणहरू रहेका छन् । मूल कारणको रुपमा हाम्रो सामाजिक परिवेश, पुरातनवादी सोच तथा पितृसत्तात्मक समाजलाई लिन सकिन्छ । एक्काइसौं शताब्दीमा आएर विश्वका अन्य राष्ट्रहरूले विकासमा यति धेरै फड्को मारिसक्दा पनि हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा एकल महिलाहरूलाई गरिने सम्बोधन तथा व्यवहारमा परिवर्तन ल्याउन सकेका छैनौं । त्यसैले त उनीहरू अझै पनि आफूले चाहे अनुसार लगाउने खाने इच्छा आकांक्षालाई दबाएर बस्न बाध्य छन् ।

अरु धर्महरूमा भन्दा हिन्दू धर्ममा एकल महिलाहरू प्रति गरिने विभेद अझ बढी रहेको पाइन्छ । एकल भए पश्चात आफ्नो परिवारको आर्थिक जिम्मेवारी पनि वहन गर्नुपर्ने हुँदा एकल महिलाहरूको अवस्था झन् नाजुक बन्न पुगेको पाइन्छ । शिक्षाको कमी तथा राम्रो आयस्रोत नहुनाले एकल महिलाहरूको आर्थिक स्थिति ज्यादै कमजोर रहेको पाइन्छ । राज्यद्वारा एकल महिलाहरूका निम्ति उचित नीति नियम तथा कानुनहरूको व्यवस्था नहुनाले पनि उनीहरू समाज तथा परिवारमा पिछडिएर बाँच्न परेको छ ।

संविधान सभाले संविधान लेखनलाई सरल र प्रभावकारी बनाउन १४ वटा समितिहरू गठन गरेको छ । एकल महिलासँगको १५ वर्षको अनवरत लामो यात्रा र अनुभव बोकेको एकल महिला समूहले विभिन्न कार्यशाला गोष्ठीहरू आयोजना गरी सामाजिक सुरक्षा अन्तर्गत एकल महिलाका सवालहरूलाई संकलन गरेको छ । उक्त सवालहरूलाई विभिन्न ७ समिति मार्फत् अब बन्ने नयाँ संविधानमा समावेश गरियोस् भनी एकल महिला समूहले ती समितिहरूमा अनुरोध पनि गरेको छ ।

**सामाजिक सुरक्षा अन्तर्गत एकल महिलाका सवालहरू अब बन्ने नयाँ संविधानमा समेट्न सके एकल महिलाले पनि विभेद रहित जीवनयापन गरी देश विकासमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्नेछ भन्ने कुरामा मानव अधिकारको लागि महिला, एकल महिला समूह विश्वस्त छ ।**

**■■**

**आज अरुलाई गरिने दुर्व्यवहार भोलि आफू वा आफ्नो परिवारमा पनि त्यस्तै अवस्था नआउला भन्न सकिंदैन। त्यसैले प्रत्येक व्यक्तिले एकल महिलाप्रति उचित व्यवहार तथा सम्मान गर्नुपर्छ। यसको निम्ति उचित नीति नियमको निर्माण गर्नु राज्यको दायित्व हो।**

**■■**

**मौलिक अधिकार तथा निर्देशित सिद्धान्त समितिमा**

- एकल महिलाको मौलिक हक अधिकार सुनिश्चित गर्नको लागि विभेदपुर्ण कानुनलाई हटाई सकारात्मक परिर्वतन गर्नु पर्ने।
- श्रीमान्को मृत्यु पछि परिवार र समाजबाट सहयोग नपाई नागरीकता प्राप्त गर्न नसकेका एकल महिलाहरूलाई एकल महिला समूहको सिफारिसमा नागरीकता प्राप्तिको लागि सहयोग होस्।

**राज्यको पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड समितिमा**

- द्वन्द्व पीडित एकल महिलाहरूलाई पुनःस्थापनाको लागि घडेरी/वासको व्यवस्था हुनुपर्ने।

**अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समितिमा**

- एकल महिलालाई प्रदान गरिने भत्तामा ६० वर्षको उमेरको हदबन्दी हटाई एकल भएकै उमेरबाटै भत्ता प्रदान गर्नु पर्ने।
- एकल महिलाहरूलाई परिचय-पत्रको आधारमा यातायातमा विद्यार्थी सरह सहुलियत प्रदान गर्नु पर्ने।
- एकल महिलालाई उच्च शिक्षा र स्वास्थ्यका साथै तिनका बालबालिकालाई शिक्षाको लागि छुट्टै कोटाको व्यवस्था हुनु पर्ने।

**न्याय-प्रणाली सम्बन्धी समितिमा**

- एकल महिलालाई निःशुल्क कानुनी सेवा प्रदान गर्नु पर्ने।
- एकल महिलाका मुद्दालाई न्यायिक तथा अर्धन्यायिक निकायले सहज र सुलभ ढंङ्गबाट समाधान गर्नुपर्ने।

**प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिमा**

- एकल महिलालाई आर्थिक रुपमा सशक्त बनाउनका लागि श्रीमान्को मृत्यु पछि निजको ठाउँमा योग्यताको र क्षमताको आधारमा महिलालाई वा निजको छोराछोरीलाई रोजगारी प्रदान गर्नु पर्ने।
- एकल महिलाले गर्ने व्यापार व्यवसायमा राज्यद्वारा कर छुट गरिनु पर्ने।
- एकल महिलालाई बैंकबाट विना धितोको साथै कम प्रतिशतमा ऋण उपलब्धको व्यवस्था गरिनु पर्ने।

**सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा**

- एकल महिला माथि घरभित्र तथा बाहिर हुने गरेको सामाजिक र धार्मिक हिंसाको अन्त्य गरी दोषीलाई कडा भन्दा कडा दण्ड सजायको व्यवस्था गरिनु पर्ने।

**क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिमा**

- एकल महिलाका लागि प्रत्येक सरकारी निकायमा आरक्षणको व्यवस्था गरिनु पर्ने।
- सरकारद्वारा एकल महिलालाई रासन कार्डको व्यवस्था गरिनु पर्ने।

यो विगत पन्ध्र वर्ष देखि एकल (विधवा) महिलाहरूको हक अधिकारका निम्ति कार्य गर्दै आएको गैर सरकारी संस्था हो। यस संस्थाले ९९ प्रतिशत कार्य श्रीमान गुमाएका (विधवा) एकल महिलाहरूका निम्ति काम गर्दै आएको छ। यस संस्थाले नेपालको ५२ वटा जिल्लाको २ सय २५ गाविसमा ४५ हजार भन्दा बढी एकल महिलाहरू एकल महिला समूहमा आवद्ध गराई कार्य गर्दै आएको छ।

एकल महिलाहरू जो कसैको घर परिवारमा पनि हुन सक्छन्। आज अरुलाई गरिने दुर्व्यवहार भोलि आफू वा आफ्नो परिवारमा पनि त्यस्तै अवस्था नआउला भन्न सकिंदैन। त्यसैले प्रत्येक व्यक्तिले एकल महिलाप्रति उचित व्यवहार तथा सम्मान गर्नुपर्छ। यसको निम्ति उचित नीति नियमको निर्माण गर्नु राज्यको दायित्व हो। सामाजिक सुरक्षा अन्तर्गत एकल महिलाका सवालहरू अब बन्ने नयाँ संविधानमा समेट्न सके एकल महिलाले पनि विभेद रहित जीवनयापन गरी देश विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ भन्ने कुरामा मानव अधिकारको लागि महिला, एकल महिला समूह विश्वस्त छ। ■

*(लेखक, मानवअधिकारका लागि महिला (एकल महिला) अन्तर्गत सञ्चार तथा योजना अधिकृत हुनुहुन्छ।)*

# नयाँ संविधानमा अपाङ्गता भएका महिलाहरूको अधिकारको सुनिश्चितता र सवाल



● टीका दाहाल

## अपाङ्गता भएका महिलाको अवस्था

अपाङ्गतालाई असक्षमताको दृष्टिले हेर्ने प्रचलन अझैसम्म हाम्रो समाजमा व्याप्त छ । न राज्यबाट उनीहरूको सशक्तिकरणका लागि कुनै लगानी नै गरिएको छ न अवसरको सृजना नै । बरु उनीहरूलाई बोझको रुपमा लिई राज्य तथा परिवारको निर्णय प्रकृयाबाट पाखा पारिएको छ । यदाकदा अपाङ्गता भएका महिलालाई बाहिरी समाजमा देखाउँदा परिवारकै ईज्जतमा आँच आउने जस्ता नकारात्मक सोचबाट प्रभावित कतिपय परिवारले त्यस्ता महिलालाई घरभित्रै बन्धक बनाएर राख्ने गरेको समेत पाइन्छ ।

अपाङ्गता भएका महिला विभिन्न शारीरिक यातना, अवहेलना, घरेलु र मानसिक हिंसा, यौनजन्य हिंसा र यदाकदा बलात्कारको शिकार समेत हुन बाध्य छन् । समाजले अपाङ्ग शब्दलाई उपमाको रुपमा प्रयोग गरी टेलिभिजन तथा रेडियोजस्ता आम सञ्चारका माध्यममा हाँस्यका पात्रका रुपमा मनोरन्जन प्रदान गरिन्छ साथै सामाजिक र सांस्कृतिक क्रियाकलापहरूमा सहभागी हुनबाट समेत अपाङ्ग महिलाहरूलाई बन्चित गराइन्छ ।

अपाङ्गता भएका महिलाहरू शिक्षाबाट बन्चित हुनु, बेरोजगारी, भौतिक संरचनाहरू अवरोधयुक्त हुनु र अनुत्पादक जनशक्तिको रुपमा राज्य र परिवारले हेरिनु सबैभन्दा नकारात्मक पक्ष हुन् जसले गर्दा आफू भित्रको क्षमता विकास गर्नु, सृजनशिलतालाई निखार्नुको साटो दिनानुदिन हिनताबोध लिएर यस्ता महिलाहरू बाँच्न बाध्य छन् । बिहान बेलुकाको छाक टार्न गर्नुपर्ने मेहनत, मेहनत गरे पनि क्षमताको कदर नहुनु र न्यून पारिश्रमिकमा कष्टकर जिवनयापन गर्नु प्रायः सबैजसो अपाङ्गता भएका महिलाको नियति नै जस्तो भइसकेको छ ।

हाम्रो मुलुकमा साङ्ग महिलाको त छोरा सरह अंशको अधिकारमा पहुँच छैन भने अपाङ्ग महिलाको पैत्रिक सम्पत्ति माथि अधिकार हुने कुरै भएन बरु उनीहरूका लागि लगानी गर्नुपर्छ भन्ने ठानी अभिभावकले नागरिकता समेतबाट बन्चित गराएको अवस्था छ ।

बहु अपाङ्गता र बौद्धिक अपाङ्गताको हकमा हेर्ने हो भने आमा बाबुले उनीहरूकै हेरचाहमा बढी समय खर्चिनु पर्ने हुदा आर्थिक अवस्था झन बिग्रदैं गएको देखिन्छ । भौतिक संरचना, बाटोघाटो, स्कुल र समग्र वातावरण सबै उसका विपक्षमा रहेका कारण आफू पनि हिम्मत गरेर पढ्न रुचाउँदैनन् । यदि दुखसँग अध्ययन गरिहाले पनि रोजगारीको अभाव झेल्न उनीहरू बाध्य छन् ।

## विभिन्न अधिकारका आन्दोलनमा अपाङ्गता भएका महिलाको भूमिका

२०६२/०६३ सालको जनआन्दोलन भाग २ तथा १९ दिने आन्दोलनमा अपाङ्गता भएका महिलाहरूको योगदानलाई एक पटक स्मरण गर्नै पर्छ । राष्ट्रमा दिगो शान्ति स्थापना गर्नु, समृद्ध राष्ट्र निर्माण गर्नु र सबै नागरिक हाँसीखुसी जीवन बाँच्न पाउनु पर्छ भन्ने मान्यताका साथ निरन्तर रुपमा आफ्नो हक अधिकार खोजिरहेका आम अपाङ्ग महिलाहरू संगठित रुपमा आवाज बुलन्द गर्नु आजको आवश्यकता रहेको छ ।

संविधान सभाको चुनाव सफल पार्न गरेको मेहनत, गणतन्त्र स्थापनामा गरेको योगदान, समावेशी र समुन्नत राष्ट्र निर्माण गर्न संविधान लेखन कार्यमा खबरदारीजस्ता कार्यहरू अपाङ्गता भएका महिलाका मुख्य कार्य बनेका छन् । त्यति मात्र नभई अपाङ्गता भएका महिलाको मानव अधिकार

**राज्यले महिलालाई, समान अधिकार प्रदान गर्नका लागि महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धि (CEDAW) अनुमोदन गरिसकेको छ साथै राज्यका सबै तहमा महिलाको ३३ प्रतिशत स्थान सुनिश्चित गर्ने व्यवस्था गरिसकेको अवस्थामा पनि अपाङ्गता भएका महिलालाई कुनै सम्बोधन गरेको छैन ।**

सुनिश्तिता र महिला माथि हुने हिंसा अन्त्य गर्न विभिन्न अभियान संचालन गरी राष्ट्रिय स्तरमा नै उनीहरू लागि परिरहेको अवस्था छ ।

हरेक अधिकारका आन्दोलनमा र जातजाति, भाषाभाषी, वर्ग, भौगोलिक क्षेत्र, धर्मभित्र अपाङ्गता रहेको हुन्छ र यो मुद्दा सबैको साझा हो भन्ने वकालत निरन्तररुपमा भइरहेको छ । समग्र महिलाको ३३ प्रतिशत भित्र आफ्नो हक खोजिरहंदा, अपाङ्गतालाई एउटा वर्गको रुपमा स्वीकार गरिनु पर्छ भनिरहँदा र अपाङ्गतालाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न निरन्तर पैरबी र वकालत गरिरहदा बल्ल बल्ल संविधानसभा सदस्यको रुपमा १ जना मात्र अपाङ्गता भएका महिला पुग्नुलाई ठूलो उपलब्धि हो भन्न कठिन छ तर पनि विभिन्न पछाडि पारिएका वर्ग, क्षेत्र, समुदाय, जातजाति, धार्मिक सम्प्रदाय र भौगोलिक विषमताबाट प्रतिनिधित्व गरिरहेका व्यक्तिहरूले हाम्रो मुद्दालाई प्रमुखताका साथ उठानु पर्ने परिस्थितिको सृजना गर्न र शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षालाई संविधानको मौलिक हकमा सुनिश्चित गर्नको लागि अझैं पहल, पैरवी, छलफल र साक्षात्कार गर्नु अति नै आवश्यक छ ।

■■

**मुलुकको राज्य संरचनाका सबै अंगहरूमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने भनी उल्लेख गरिएको छ ।**

■■

**कानुनी तथा नीतिगत प्रावधानहरू**

अपाङ्गतासम्बन्धी संवैधानिक र कानुनी व्यवस्था हेर्दा अपाङ्ग संरक्षण कल्याण ऐन २०३९ ले समान अधिकार सहित विभिन्न सुविधा सहुलियत प्रदान गरेको छ । अन्तरिम संविधानको दोस्रो संशोधनको भाग ४ को राज्यको दायित्व धारा ३३ उपधारा (घ) १ मा मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने भनी उल्लेख गरिएको छ ।

सोही संविधानको भाग ४ को राज्यका नीतिहरू धारा ३५ को उपधारा १४ मा सकारात्मक विभेद अवलम्बन गरिने भनी उल्लेख छ । त्यस्तै, २०६३ कै धारा १३ को उपधारा ३ मा अपाङ्ग वा शारीरिक वा मानसिकरुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्नसक्ने कुरा उल्लेख गरिएको छ ।

धारा ३३ (त) मा सशस्त्र द्वन्द्वको क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकालाई उचित राहत, सम्मान तथा पुनः स्थापनाको व्यवस्था गरेको छ । त्यति मात्र नभई संयुक्त राष्ट्र संघको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (UNCRPD) मा नेपाल सरकारले हस्ताक्षर गरिसकेको अवस्था छ । यसरी हेर्दा राज्यद्वारा अपाङ्गताको सवालमा विभिन्न नीतिगत व्यवस्था नगरेको हैन तर हालसम्म अपाङ्गता भएका महिलाहरूको लागि भने विशेष व्यवस्थाहरू भएका छैनन् । साथै अपाङ्गता भएका महिलालाई विभेद गर्ने ऐन कानुनहरू विद्यमान रहेका छन् ।

राज्यले महिलालाई, समान अधिकार प्रदान गर्नका लागि महिला माथि हुने सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धि (CEDAW) अनुमोदन गरिसकेको छ साथै राज्यका सबै तहमा महिलाको ३३ प्रतशित स्थान सुनिश्चित गर्ने व्यवस्था गरिसकेको अवस्थामा पनि अपाङ्गता भएका महिलालाई कुनै सम्बोधन गरेको छैन । यही वर्ष मात्रै घरेलु हिंसा विरुद्धको विधेयक पारित भएको छ भने निवर्तमान प्रधानमन्त्री माधवकुमार नेपालद्वारा लैङ्गिक हिंसा विरुद्ध बर्ष सन् २०१० घोषणा भैसकेको छ ।

अपाङ्गता भएका महिला माथि हुने हिंसाले प्राथमिकता नपाउनु र पीडितले न्याय नपाइरहेको अवस्थामा आगामी दिनमा सबैको ध्यान यस समूहको विकासमा जानु पर्दछ । राज्यको साधन स्रोत यस समूहको विकासका लगाइनु पर्दछ र विशेष बजेट छुट्याइनु पर्दछ । महिला अधिकार भित्र अपाङ्गता भएका महिलाको सवाल समेटिनु पर्दछ र यो सवाललाई मानव अधिकारको दृष्टिकोणले हेरिनु पर्दछ । त्यति मात्र हैन आफू भित्रको हिनताबोध त्यागी आफ्नो घर भित्रैबाट अधिकार खोज्न सुरु गर्न अपाङ्गता भएका महिलाहरू लागिपर्नु पर्दछ ।

**अपाङ्गता भएका महिलाका नयाँ संविधानमा समावेश गरिनु पर्ने मुख्य सवालहरू**

- राज्यको पूनः संरचना गरिँदा केन्द्र देखि स्थानीय

तहसम्मका हरेक निकाय, आयोग तथा समितिहरूमा अपाङ्गता भएका महिलाहरूको अनिवार्य प्रतिनिधित्व गरिनुपर्ने ।

- नेपाल सरकारले हस्ताक्षर गरिसकेको अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकार सम्बन्धी महासन्धि (UNCRPD) लाई तुरुन्त अनुमोदन गरिनुपर्ने ।
- अपाङ्गता भएका महिला विरोधी ऐन कानुन खारेज गरी सहयोगी कानुन निर्माण गरिनुपर्ने ।
- अपाङ्गता भएका महिला विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने संवैधानिक व्यवस्था हुनुपर्ने ।
- अपाङ्गता भएका महिलाहरूको विकास र सशक्तिकरणका लागि राष्ट्रिय नीति तथा कार्यकम ल्याइनु पर्ने र वार्षिकरुपमा बजेट छुट्याइनु पर्ने ।
- अपाङ्गता भएका महिलालाई आर्थिकरुपमा सबल र स्वावलम्बी बनाउनका लागि विना धितो र निर्व्याजी ऋण दिने व्यवस्था गरिनु पर्ने ।
- शसस्त्र द्वन्द्वका कारण अपाङ्गता भएका महिलाहरूको पुनःस्थापना, रोजगार तथा विशेष कार्यक्रमहरूको तर्जुमा गर्नुपर्ने ।
- घरवार विहीन, टुहुरा, गरिब तथा असक्त अपाङ्गता भएका महिला तथा बालिकाको आजिवन सुरक्षाको लागि पूनःस्थापना केन्द्र स्थापना गर्नुपर्ने ।
- अपाङ्गता भएका महिलाको योग्यता र क्षमताको आधारमा निजी तथा सरकारी कार्यालयमा कम्तिमा २५ प्रतिशत रोजगारीको कोटा आरक्षण गर्नुपर्ने तथा नीजि क्षेत्रका रोजगारदाताहरूलाई प्रोत्साहन वा सहुलियतको व्यवस्था गरिनु पर्ने ।
- प्रा.वि देखि उच्च शिक्षासम्म अपाङ्गता भएका महिलालाई आवास सहितको निशुल्क शिक्षा, व्यवहारिक शिक्षा (सुस्त मनस्थितिलाई) व्यवस्था गरिनुपर्ने, निःशुल्क शिक्षा प्रदान नगर्ने सरकारी स्कुल तथा कलेजहरूलाई कडा दण्ड सजायको व्यवस्था गरिनुपर्ने ।
- अवरोधमुक्त वातावरण सहितको समाज निर्माण गर्न भवन निर्माण आचारसंहिता तुरुन्त कार्यान्वयनमा ल्याइनु पर्ने (घर, विल्डिङ, सार्वजनिक स्थान, मनोरन्जनस्थल, स्कुल, डेस्क बेन्च, ट्वाइलेट आदि)
- प्राथमिक शिक्षा देखि नै पाठ्यक्रममा अपाङ्गता सम्बन्धी चेतनामूलक विषयवस्तु अनिवार्यरुपमा समावेश गरिनुपर्ने र विभेदकारी चित्र, उदाहरण र तुक्काहरू तुरुन्त खारेज गरिनुपर्ने ।
- निशुल्क शिक्षा नीति कार्यान्वयन गरिनु पर्ने ।
- अपाङ्गता भएका महिलाहरूको दुईजना सम्म छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने ।
- अपाङ्गता भएका महिलाहरूको सम्पूर्ण स्वास्थ्य परीक्षण र प्रजनन् स्वास्थ्यको निशुल्क सेवाका लागि विशेष कानुन बनाइनुपर्ने ।
- राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगकोरुपमा स्थापित गरी अपाङ्गता भएका महिलालाई समावेश गरिनु पर्दछ ।
- अपाङ्गता भएका महिलाहरूको वैवाहिक सम्बन्धको विशेष व्यवस्था र विवाह गर्ने पुरुषलाई प्रोत्साहन गरिने व्यवस्था गरिनुपर्ने
- सहयोगी सामग्री (ह्वीलचेयर, बैशाखी, चार पाङ्ग्रे मोटरसाइकल, क्यालिपर आदि) सरकारी स्तरबाट निशुल्करुपमा उपलब्ध गराइनु पर्ने र निर्माण तथा मर्मतको लागि प्राविधिकहरू उत्पादन गरिनुपर्ने ।
- अपाङ्गता भएका महिलाहरूको सूचनाको हक सुनिश्चित गर्न सांकेतिक भाषा दोभाषे, ब्रेल शिक्षक उत्पादन, ध्वनीयुक्त सडक बत्ती, ब्रेलमा समाचार प्रकाशन, सूचना पार्क आदि कानुनमा नै व्यवस्था गरिनुपर्ने ।
- शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षालाई संविधानको मौलिकहकमा समावेश गरिनु पर्ने साथै मौलिक हकमा अपाङ्गता भएका व्यक्तिहरूको लागि छुट्टै धारा उल्लेख गरिनु पर्दछ ।

*(लेखक नेपाल अपाङ्ग महिला संघका अध्यक्ष हुनुहुन्छ ।)*

**अपाङ्गता भएका महिलाको योग्यता र क्षमताको आधारमा निजी तथा सरकारी कार्यालयमा कम्तिमा २५ प्रतिशत रोजगारीको कोटा आरक्षण गर्नुपर्ने तथा नीजि क्षेत्रका रोजगारदाताहरूलाई प्रोत्साहन वा सहुलियतको व्यवस्था गरिनु पर्दछ ।**



# बालिका र आजको यथार्थता

● पूर्णकला शर्मा

नेपालमा विद्यमान कानुन अनुसार बालबालिका भन्नाले १६ बर्ष मुनिकालाई जनाउँछ भने अन्तर्राष्ट्रिय कानुन अनुसार १८ वर्ष मुनिकालाई। नेपालमा बालिकाहरूको स्थितिको विषयमा भन्नुपर्दा कुल बाल जनसंख्याको ५० प्रतिशत अर्थात बराबरी रहेको छ। सख्या बराबरी भएता पनि सबैजसो सामाजिक तथा आर्थिक क्षेत्रमा लैङ्गिक विभेद व्याप्त छ जसले गर्दा शिक्षा, स्वास्थ्य, सामाजिक स्थिति, आर्थिक अधिकार सबै कुरामा महिला तथा बालिका पछाडी पारिएका छन्। मानव भएर जन्मेका नाताले उनीहरूलाई जात, वर्ण, लिङ्ग, स्थान वा कुनै पनि कुराले विभेद गरिनु हुन्न भन्ने मानवअधिकारको सिद्धान्त भए तापनि व्यवहारमा भने त्यसो हुन अझै बाँकी नै छ। २१ औ शताब्दीमा पनि हाम्रो देशमा रुढिवादी परम्परा कायमै छ। उदाहरणको रूपमा पश्चिमका कतिपय जिल्लालाई हेरौं, जहाँ अझै पनि छाउपडी प्रथा विद्यमान छ। साथै परम्पराका नाममा देउकी, झुमा बस्ने प्रचलन कायमै छ।

■■

**बालिकाको समस्याहरूलाई मध्यनजर गर्दै उनीहरूको सशक्तिकरणको निम्ती राज्य वा सम्बन्धित निकायले छुट्टै व्यवस्था गर्नुपर्छ।**

■■

कतिपय अध्ययनअनुसार नेपालमा अझ पनि ३४ प्रतिशत बालिकाको विवाह १६ वर्ष मुनि नै हुन्छ भने ७ प्रतिशत बालिकाको विवाह १० वर्ष मुनि, जुन निकै गम्भीर र मननयोग्य कुरा हो। अझैपनि हाम्रो समाजमा छोरीहरू महिनावारी नहुँदै कन्यादान गरे स्वर्ग पुगिन्छ भन्ने धारणा छ, छोरीलाई अर्काको नासो र बोझको रुपमा लिने परम्परा र छोरी माथिको लगानी खेर जाने डर आदि कारणले बालविवाहलाई प्रश्रय मिलिरहेको छ भन्नु अनुपयुक्त: हुनेछैन।

पितृसत्ताले जरो मात्र गाडेकै कारण महिलाहरू दोस्रो दर्जाका नागरिक भएर बाँचिरहेका छन्। श्रीमानलाई पति परमेश्वर, अन्नदाता, घरमूली मान्ने परम्परा छ। कुनै पनि कुराको निर्णय गर्ने अधिकार पुरुषलाई नै छ। आजको वैज्ञानिक युगमा कति बालिकाले संसार देख्न नपाई गर्भमा नै भ्रुण हत्यामा सीमित हुनु परेको छ। कतिपय महिला अझै पनि छोरा नपाएकाले छोरा पाउने आशामा धेरै सन्तान जन्माउन बाध्य छन् भने कतिपय महिलालाई छोराकै लागि सौता भोग्न बाध्य पारिन्छ। कुलको दियो र वंश धान्ने, बुढेसकालको सहारा र मरेपछि स्वर्ग तर्ने अन्धविश्वासले पनि समाजमा छोराप्रतिको मोह र चाहनालाई प्रश्रय दिएको छ परिणामस्वरुप यस प्रवृत्तिको शिकार हुन महिला नै बाध्य छन्।

हाम्रो समाजमा भएको सामाजिकीकरण प्रक्रिया जसमा बालक र बालिकलाई भिन्दाभिन्दै प्रकारको साँचोमा ढालिन्छ र उनीहरू त्यसै अनुसारको छविबाट बाहिर निस्कन्छन्। समाजले लिङ्गको आधारमा गर्ने विभेदले बालिकाहरू जन्माउने आमालाई समेत फरक व्यवहार गर्ने र उनीहरूलाई पोषणयुक्त खानामा समेत ध्यान नदिइने हुँदा बालिकाहरूको स्वास्थ्यमा समेत नकारात्मक प्रभाव परेको छ। अर्कोतर्फ नेपालको परिप्रेक्षमा बालकको दाँजोमा बालिका बढी कुपोषित छन्। यो अर्को एउटा कटुसत्य हो।

नेपालमा ६५ प्रतिशत साक्षर बालकहरूको तुलनामा ४२ प्रतिशत मात्र बालिकाहरू साक्षर छन् भने प्राथमिक विद्यालय जाने ८६ प्रतिशत बालकहरूको तुलनामा बालिकाहरूको संख्या ७४ प्रतिशत मात्र रहेको छ। यस तथ्यांकले पनि बालिकाहरूको सहभागिता शिक्षामा कमै देखाउँछ। शिक्षामा उनीहरूको सहभागिता कम हुँदा बालिकाहरू

विभिन्न समस्यामा बढी परेको पाइन्छ, जस्तै वर्षेनी करिब १२ हजार बालबालिका तथा महिलाहरू बेचबिखनमा परेका छन् । यी मध्ये २० प्रतिशत १६ वर्ष मुनिका बालिकाहरू रहेको विभिन्न अध्ययन्ले जनाउँछ ।

त्यस्तै महिला तथा बालबालिका माथि हुने गरेका यौन दुर्व्यवहार तथा बलात्कारका घटनामा ६० प्रतिशत १८ वर्ष मुनिका बालिकाहरू रहेका छन् । बालिकाहरू आफ्नै घर परिवार, काम गर्ने स्थान, विद्यालय आदि कुनै पनि ठाउमा पूर्ण सुरक्षित हुन सकेका छैनन् । त्यसैगरि, १६ वर्ष भन्दा मुनिका २० प्रतिशत बालिकाहरू यौन व्यवसायमा सलग्न रहेको पाइएको छ । नेपालको सशत्र द्वन्द्वका क्रममा हालसम्म १ सय ३९ जना बालिकाहरूले ज्यान गुमाएका छन् भने सशत्र द्वन्द्वमा उनीहरूमाथि विभिन्न शोषण भएका घटना सार्वजनिक भएका छन् । उनीहरू हाल पनि शहरी क्षेत्रहरूमा जोखिमपूर्ण जीवन बिताउन बाध्य छन् ।

युनिसेफको एक परियोजना तथ्यांक अनुसार नेपालमा २६ लाख बालबालिकाहरू विविध क्षेत्रहरूमा कार्यरत छन् र ती मध्ये ५१ प्रतिशत बालिका रहेका छन् । ५ हजार सडक बालबालिका मध्ये ५ प्रतिशत बालिका रहेका छन् ।

उल्लिखित सन्दर्भहरूलाई मध्यनजर गर्दा हाम्रा बालिकाहरू विविध समस्याहरूबाट जकडिएका पाइन्छन् । उनीहरू लैङ्गिक विभेदकै कारण सबै क्षेत्रमा पछि पारिएका छन् । रुढीवादी परम्परा, पितृसत्तात्मक व्यवस्था, असन्तुलित शक्ति संरचना, राजनीतिक प्रतिबद्धताको कमी राष्ट्रियस्तरमा भएका ऐन कानुनहरूको कार्यान्वयनमा कमी, अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप राष्ट्रिय कानुन र नीतिहरू बन्न नसक्नु र राज्यले महिला र बालबालिकाको जिम्मा महिला तथा बालबालिका मन्त्रालयलाई मात्र दिनु आदि जस्ता चुनौती हाम्रा साम् विद्यमान छन् । तर पनि आगामी दिनहरूमा निम्न सुझावहरूलाई आत्मसात् गर्न सकेमा बालिकाहरूलाइ फाइदा पुग्नेछ ।

- विशेष जोखिममा परेका बालिकाहरू जस्तै श्रमिक बालिकाहरू, मानसिक तथा शारिरीक अपाङ्गता भएका, सडकबालिका, अभिभावकाको संरक्षकत्व नपाएका, व्यवसाय तथा मसाज पार्लरजस्ता क्षेत्रमा लागेका बालिकाहरूलाई विशेष ध्यान पुचाउनु आवश्यक पुग्ने देखिन्छ ।
- बालिकाको समस्याहरूलाई मध्यनजर गर्दै उनीहरूको सशक्तिकरणको निम्ति राज्य वा सम्बन्धित निकायले छुट्टै व्यवस्था गर्नुपर्छ ।
- सविधानसभामा बालबालिकाका विषयमा गम्भिर बहस चलाइनु पर्छ ।
- राजनीतिक पार्टीहरूले बालबालिकाको हक हितका लागि गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा उतानु पर्छ ।
- नेपाल सरकारले अन्तर्राष्ट्रिय मान्यता अनुरुप नियमहरू बनाउनु पर्छ र भएका कानुनहरूमा समय सापेक्ष सुधार गर्दै लैजानु पर्छ ।

*(लेखक, सिविससँग आबद्ध हुनुहुन्छ ।)*

सशत्र द्वन्द्वका क्रममा हालसम्म १३९ जना बालिकाहरूले ज्यान गुमाएका छन् भने सशत्र द्वन्द्वमा उनीहरूमाथि विभिन्न शोषण भएका घटना सार्वजनिक भएका छन् द्वन्द्व प्रभावित बालिकाहरू हाल पनि सहरी क्षेत्रहरूमा जोखिमपूर्ण जीवन बिताउन बाध्य छन् ।



# नेपालमा जेष्ठ नागरिक महिलाहरूको मुद्दा

● उषा खड्का

■■

**ज्येष्ठ नागरिकको सवालमा काम गर्ने संघसंस्था, नागरिक समाज लगायतको अथक् प्रयास पश्चात नेपाल सरकारले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ जारी गरेको छ ।**

■■

संसारमा जुनसुकै काम गर्न र विभिन्न विषयवस्तुका बारेमा ज्ञान लिनका लागि मार्गदर्शन कै आवश्यकता हुन्छ जुन हामीले आफ्ना ज्येष्ठ नागरिकहरूबाटै पाउँछौं । हाम्रा कतिपय चिनारीहरू हाम्रा पूर्वजहरूकै देन हो भन्नुमा कुनै अत्युक्ति नहोला । हाम्रा वयोवृद्ध बाबु आमा वा ज्येष्ठ नागरिकहरूलाई हामीले आंखाका रुपमा, ऐनका रुपमा, मस्तिष्क तथा अनुभवका खानीका रुपमा हेर्नुपर्दछ । हाम्रा ज्येष्ठ नागरिकहरूको व्यक्तित्वलाई हामीलै सधै कदर सम्मान गर्नु पर्छ ।

सन् २००१ को जनगणनाको तथ्यांक अनुसार ६० नाघेका वृद्धवृद्धा को संख्या कुल जनसंख्याको ६.५ प्रतिशत छ । महिला हुन् या पूरुष, ज्येष्ठ नगारिक राष्ट्का धरोहर हुन् । उनीहरूमा रहेको अनुभव तथा ऊर्जा युवापुस्ताका लागी अनुकरणीय पक्ष हुन् । जुन समाजमा ज्येष्ठ नागरिकहरूको उपस्थिति छैन त्यो समाज खल्लो र अपूर्ण हुन्छ । ज्येष्ठ नागरिकमा भएका सीप, ज्ञान, बुद्धि, विवेक, अनुभवबाट धेरैकुरा समाजले पाउन सक्छ ।

स्वयं ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिकको सवालमा काम गर्ने संघसंस्था, नागरिक समाज लगायतको अथक प्रयास पश्चात् नेपाल सरकारले ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ जारी गरेको छ । ज्येष्ठ नागरिकको हितका लागि बनाइएको यस ऐनले ज्येष्ठ नागरिकको सुरक्षामात्र गरेको छैन, उनीहरूको सम्मान समेत गरेको छ ।

समाजको निर्माण र विकासक्रमलाई निरन्तरता दिँदै अगाडि बढ्न र हामीलाई यस अवस्थामा प्रस्तुत गर्न ज्येष्ठ नागरिक खासगरि ज्येष्ठ नागरिक महिलाको भूमिका महत्वपूर्ण छ । ज्येष्ठ नागरिक महिलाको संरक्षण, हेरचाह, सामाजिक पुनःस्थापना र सुरक्षाको व्यवस्था मिलाउनु हामी सबैको दायित्व हो र राज्यले यस मुद्दालाई गम्भिर रुपमा लिएर कार्य अगाडि बढाउनु जरुरी छ ।

विभिन्न संघ संस्थाहरूले ज्येष्ठ नागरिकलाई लक्षित गरी दिवा आश्रमहरू सञ्चालन गर्दै आइरहेको भएतापनि ज्येष्ठ नागरिक महिलाहरूको अवधारणाबाट हेर्दा त्यस्ता आश्रमहरुमा ज्येष्ठ नागरिक महिलाहरूमाथि हेरचाह, खानपान र स्याहारसुसार उचित तवरले हुने गरेको पाइन्न । त्यस्ता आश्रमहरूमा व्यक्तिगत तथा सामाजिक रुपले ज्येष्ठ नागरिकहरूलाई खाने लाउने र स्वास्थ्य उपचार बाहिरी अनुदानबाट गरिन्छ । सरकारले यस्ता आश्रमहरूको सेवाको गुणस्तर पहिचान गर्ने लगायत सम्बन्धित संघ संस्थाहरूलाई सहयोग र आवश्यक कार्यका लागि सहकार्य जुटाउनु जरुरी छ ।

परिवारबाट अपहेलित तथा वहिष्कृत ज्येष्ठ नागरिक महिलाहरूलाई सरकारले सहजकर्ताको व्यवस्था गरिदिनु पर्छ । वास्तवमा नेपाल सरकारले ७५ वटै जिल्लामा ज्येष्ठ नागरिक महिला आवास ग्राम निर्माण गर्नुको निमित्त आवश्यक पहल गर्नु नितान्त जरुरी छ । जस अनुसार,

१. ज्येष्ठ नागरिक महिला बस्ने घरमा सजिलोसँग हिंडडुल गर्नसक्ने वातारणको अलावा अलग कोठा, सजिलो चर्पी, स्वच्छ भान्छा कोठाको व्यवस्था हुनुपर्ने,
२. उनीहरूलाई निशुल्क खानपान, स्वास्थ्य सेवा र सञ्चारको व्यवस्था उपलब्ध हुनुपर्ने,
३. जेष्ठ नागरिक महिलाहरू जम्मा भएर विभिन्न सभा छलफल गर्ने, आराम र भेटघाट गर्ने वातावरणको व्यवस्था हुनुपर्ने,

४. मनोरञ्जनका सामाग्री जस्तै : रेडियो र टिभिको व्यवस्था गर्नुपर्ने,

५. धार्मिक आस्था भएका महिलाहरूका लागि प्रार्थना कोठा, देवदेवीका मुर्तिको व्यवस्थाका साथै आध्यात्मिक प्रवचन एंव भजनहरूको व्यवस्था हुनपर्ने,

६. हरिया बगैंचा र करेसाबारीको व्यवस्था हुनुपर्ने,

७. ज्येष्ठ नागरीकहरूलाई एकै ठाउँमा मात्र सीमित नराखी विभिन्न किसिमका शैक्षिक, धार्मिक, मनोरञ्जनका लागि भ्रमणको व्यवस्था गरी विभिन्न स्थलको अवलोकन गराउनु पर्ने,

८. आर्थिक अवस्था कमजोर भएका महिलाहरूलाई प्रति व्यक्ति ५ सय रुपैयाँ वृद्ध भत्ता उपलब्ध गराउनु पर्ने,

९. ग्राम क्षेत्रमा सुरक्षा गार्डको व्यवस्था हुनुपर्ने ।

१०. एउटा एम्बुलेन्सको व्यवस्था हुनुपर्ने ।

आफ्नो परिवारबाट उल्लिखित सेवा प्राप्त गर्न नसक्ने ज्येष्ठ नागरिक महिलालाई आवास ग्राममा बस्ने व्यवस्था हुनुपर्छ । वास्तवमा हरेक मानिसको चाहना सुख र शान्ति नै हो । नयाँ नेपालको परिकल्पना अनुरुप अहिले राष्ट्र संविधान निर्माणको क्रममा विभिन्न क्षेत्र, समूह, तप्का, वर्गका व्यक्तिहरूलाई समेटेर अघि बढिरहेको अवस्था छ । यसले पक्कै पनि जेष्ठ नागरिकको हक, हित, संरक्षण, अधिकार र सुरक्षाको विषयलाई समेट्ने छ ।

*(लेखक, ज्येष्ठ नागरिक सेवा केन्द्र नेपालका उपाध्यक्ष हुनुहुन्छ ।)*

## श्रीमान् भन्नेले नै धोका दिएपछि...

सम्झना तामाङ्ग (नाम परिवर्तित) को घर नुवाकोट हो । उनको परिवारको अवस्था निम्न छ । सम्झना १३ बर्षको हुँदा एकदिन उनी साथीहरूसँग प्रदर्शनी हेर्न गइन् । त्यहाँ उनको परिचय एउटा नौलो व्यक्तिसँग भयो । उसले सम्झनालाई विहाको प्रस्ताव राख्यो । चिन्दै नचिनेको मान्छेले यसरी विहाको प्रस्ताव गरेको देख्दा सम्झना आश्चर्यमा परिन् ।

उनले त्यो प्रस्तावलाई ठाडै अस्विकार गरिदिइन् । तर त्यो मान्छे झण्डै एकदुई बर्ष सम्झनाको पिछा गरिरह्यो । अन्त्यमा सम्झनाले उसको प्रस्ताव स्वीकार गरिन् र उसँसँग भागिन् । विवाह पछि त्यो व्यक्तिले सम्झनालाई भारत घुमाउन लग्ने योजना बनायो । बाटोमा कसैले केही सोधपुछ गरेमा हामी श्रीमान् श्रीमती हो भन्नु भनेर सिकायो ।

आफूले प्रेम गरेर आखिर उसैका लागि परिवार र जन्मथलो छाडेकी सम्झनाले आँखा चिम्लेर श्रीमान्लाई विश्वास गरिन् । अन्नतः उनीहरू भारत पुगे । तीन दिन पछि त्यो व्यक्ति सम्झनालाई एउटा कोठीमा छाडेर त्यहाँबाट भाग्यो । श्रीमान्को बारेमा सोधपुछ गर्दा कोठीकी महिलाले सम्झनाको श्रीमान् भनाउँदोले उनलाई बेचेर भागेको जानकारी दिइन् । त्यो कुरा मान्न सम्झना तयार थिइन । तर त्यही कटु सत्य थियो । सम्झना लाचार भइन् ।

उसको अगाडि अरु विकल्प थिएन । सम्झनाले त्यहाँ ५ वर्ष नारकीय जीवन बिताइन् । एक दिन उनी कोठीबाट भागेर घर फर्किन सफल भइन् । तर उसले आफ्नो परिवारका सदस्यहरू तथा गाउँलेहरूबाट विभेद तथा दुर्व्यवहार सहनु पर्‍यो । सम्झनाले भागेर आउँदा केही पैसा लिएर आएकी थिइन् । त्यो थाहा पाई गाउँकै एकजना व्यक्तिले सम्झनासँग विहेको प्रस्ताव गर्‍यो । सम्झनाले त्यो प्रस्ताव स्वीकारिन् तर उनीहरूको दाम्पत्य जीवन विहा लगत्तै भताभुङ्ग भयो ।

श्रीमानबाट मानसिक र शारीरिक हिंसा सहन थालिन् सम्झनाले । यो पीडा खप्न नसकी सम्झना भागेर माइती गइन् तर त्यहाँपनि उसले भाउजुहरूबाट दुर्व्यवहार सहनु पर्‍यो । बाध्य भई सम्झना आफ्नी आमा र ६ जना भाइबहिनी सहित गाउँबाट विस्थापित हुन पुगिन् । शक्ति समूहले सम्झनालाई अप्ठ्यारो अवस्थामा फेला पारेर पुनःस्थापना गृहमा सीपमुलक तालिममा सहभागी गरायो । हाल उनी एक संस्थामा कार्यरत् छिन् । भविष्यमा आत्मनिर्भर भएर सम्झना आफ्नो परिवारलाई सहयोग गर्न चाहन्छिन् ।

# सकारात्मक सोचका साथ अवसरको सिर्जना गर्नु सबैको दायित्व हो

● रत्नकाजी बज्राचार्य
*सहसचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय*

**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहसचिव रत्नकाजी बज्राचार्य, महिला विकास तथा समन्वय महाशाखाका प्रमुख तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका सदस्य-सचिवको रुपमा कार्यरत हुनुहुन्छ । मन्त्रालयले बेचबिखनबाट प्रभावितहरूका लागि नेपालका ८ वटा जिल्लाहरूमा सञ्चालन गर्दै आइरहेको पुनः स्थापना गृहको प्रभावकारिताका विषयमा ओसारपसारका लागि *अनिल अधिकारीले रत्नकाजी बज्राचार्य*सँग गर्नुभएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ :**



तस्बिर : अनिल अधिकारी

**यस मन्त्रालयले महिला हिंसा/बेचबिखनको मुद्दालाई कहिले देखि सम्बोधन गर्न थालेको हो ?**

मन्त्रालयले स्थापना कालदेखि नै महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (CEDAW) को भावना अनुरुप महिला माथि हुने भेदभाव, हिंसा र बेचबिखन तथा ओसारपसारलाई सम्बोधन गर्ने प्रयास गर्दै आएको छ ।

**प्रभावित महिलाहरूलाई लक्षित गरी राज्यको तर्फबाट पुनःस्थापना गृह कहिलेदेखि शुरु भएको हो ?**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा सो सम्बन्धी नियमावली, २०६५ पारित भएपछि आ.व. २०६४/६५ देखि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सिन्धुपाल्चोक, काठमाडौं र कैलाली तीनवटा जिल्लाहरूबाट पुनः स्थापना केन्द्र सञ्चालनको पहल गरेको हो ।

**पुनःस्थापना केन्द्रको सञ्चालन प्रक्रिया के हो ? कसले सञ्चालन गर्छ ? मन्त्रालयले वा साझेदार संस्थाले ?**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा सो सम्बन्धी नियमावली, २०६५ अनुसार पुनःस्थापना केन्द्र दुई प्रकारले स्थापना गर्न सक्ने देखिन्छ । पहिलो, नेपाल सरकार आफैले सञ्चालन गर्नसक्ने तथा दोस्रो तरिका भनेको नेपाल सरकारको स्वीकृति लिई गैससहरूले नेपालको वर्तमान सन्दर्भमा संस्था दर्ता ऐन अनुसार दर्ता भएका महिलाका अधिकारका लागि कार्यरत केही गैससहरूले पहिलेदेखि नै केही स्थानहरूमा सुरक्षा गृहहरू सञ्चालन गरिरहेका छन् । मन्त्रालयले पहल गरेका माथि उल्लेख गरिएका ३ वटा

जिल्लाहरूका सन्दर्भमा पनि गैरसरकारी संस्थाहरूलाई व्यवस्थापन करारमा पब्लिक-प्राइभेट-पार्टनरशिप (PPP Model) मा पुनःस्थापना केन्द्रहरू सञ्चालनमा सहभागी गराइएको छ।

**आर्थिक र प्राविधिक सहयोग कसले दिन्छ ?**

नेपाल सरकारले पुनः स्थापना केन्द्र सञ्चालन गर्नका लागि राष्ट्रिय पुनः स्थापना कोष पनि स्थापना गरेको छ। सो कोषबाटै आर्थिक व्ययभार बहन गर्ने गरिएको छ। प्राविधिक सहयोगका सम्बन्धमा पनि सरकारकै पहिलो जिम्मेवारी हो। साथै PPP Model मा ती पुनः स्थापना केन्द्रहरू सञ्चालन भएको हुँदा प्राविधिक पक्षमा गैससहरू स्वयमको पनि केही जिम्मेवारी रहन्छ। वास्तवमा पुनः स्थापना केन्द्र सञ्चालनको ज्ञान र अनुभवका आधारमा सरकारी निकायहरू भन्दा गैरसरकारी संस्थाहरू पहिले देखि नै लागिरहेको हुँदा प्राविधिक पक्षमा ती संस्थाहरू अग्रस्थानमा छन्।

**पुनःस्थापना केन्द्रको उद्देश्य के के हुन् ?**

मानव बेचबिखनबाट प्रभावित र पीडितहरूलाई अल्पकालीन आवासको सुविधा उपलब्ध गराउनु, मनोविमर्श सेवा उपलब्ध गराउनु, स्वास्थ्य उपचारको बन्दोबस्त मिलाउनु, कानुनी सहायता उपलब्ध गराउनु, सीप र दक्षता सिकाई आर्थिक सशक्तिकरण गराउनु र समग्रमा पारिवारिक तथा सामाजिक पुनरलाभका लागि आवश्यक प्रयत्नहरू गर्नु पुनः स्थापना गृहका उद्देश्य हुन्।

**हाल कति जिल्लाहरूमा सञ्चालित छन् ?**

झापा, सिन्धुपाल्चोक, काठमाडौं, पर्सा, चितवन, रुपन्देही, बाँके र कैलाली गरी आठ जिल्लामा पुनः स्थापना केन्द्र सञ्चालनमा छन्। साथै घरेलु हिंसा (कसूर र सजाय) ऐन अनुसार १५ वटा जिल्लाहरू पाँचथर र कञ्चनपुरमा पनि पुनःस्थापना केन्द्रहरू सञ्चालनमा छन्। ती सेवा केन्द्रहरूबाट पनि मानव बेचबिखनबाट पीडित र प्रभावितहरूका लागि तत्कालै आवास सुविधा प्रदान गर्नुपर्ने अवस्थामा सेवा पुऱ्याउने व्यवस्था मिलाइएको छ। सेवा केन्द्रहरूले अलि लामो समय आवास सुविधा दिनुपर्ने अवस्थाका पीडित र प्रभावितहरूलाई पायक पर्ने पुनःस्थापना केन्द्रमा सम्प्रेषण गर्न सक्छ।

**पुनःस्थापना केन्द्रमा कति महिला र बालबालिका छन् ?**

काठमाडौंमा १७ र कैलालीमा ३ जना गरी २० जना महिला छन्। केन्द्रमा आउने र त्यहाँबाट परिवार समाजमा पुनरएकीकरण भइजाने निरन्तर चलिरहेको हुन्छ। सिन्धुपाल्चोकमा पहिले व्यवस्थापन करारको जिम्मा लिएको शक्ति समूहले अब त्यहाँ फेरि जिम्मा नलिने भनेकोले नयाँ व्यवस्थापन करार गर्ने प्रयास भइरहेको छ। अन्य जिल्लाहरूमा भरखरै मात्र व्यवस्थान सम्बन्धी काम थालनी भएको हुँदा महिला बालबालिकाहरू आइसकेको स्थिति छैन।

**कस्ता महिला पुनःस्थापना गृहमा बस्न योग्य मानिन्छन् ?**

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावित, कुनै ठाउँबाट उद्धार गरिएको, जसको घर ठेगाना थाहा छैन, जसलाई जिम्मा लिने कोही अभिभावक, परिवार वा आफन्त कोही हुँदैन, जसलाई मनोविमर्श, कानुनी सहायता, औषधोपचारको जरुरत छ र तत्कालै खान लाउने समस्या भएका छन्।

**पुनःस्थापना गृहको प्रभावकारिताको विषयमा के टिप्पणी गर्नु हुन्छ ?**

सरकारी तवरबाट पुनःस्थापना केन्द्रको थालनी भएको धेरै भएको छैन। मानव बेचबिखन तथा ओसारपसार (नियनत्रण) ऐन आए पछि आफ्नो दायित्व बोध गरी सरकारले यसको सुरुवात गरेको छ साथै ती पुनः स्थापना केन्द्रहरूको सञ्चालनको जिम्मा महिलाहरूका लागि कार्यरत गैरसरकारी संस्थाहरूलाई नै व्यवस्थापन करारमा दिइएको छ। सुरुका वर्षहरूमा सबै अल्मलिनु स्वाभाविकै हो यसको सञ्चालनमा सरकारी र गैरसरकारी क्षेत्रको साझेदारिता भएको हुँदा यसको प्रभावकारितामा अहिले नै शंका गर्नु जायज नहोला।

**यसको अनुगमन, अवलोकनमा महिला, बालबालिका मन्त्रालय र महिला विकास विभागले के कस्तो प्रक्रिया अपनाउने गरेको छ ?**

मानव बेचबिखन नियन्त्रणका सम्बन्धमा केन्द्रीय स्तरमा मन्त्रालयको सचिवको अध्यक्षतामा राष्ट्रिय समिति र जिल्लास्तरमा ७५ वटै जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीहरूको अध्यक्षतामा जिल्ला समितिहरू निर्माण भएका छन्। ती समितिहरू पुनः स्थापना केन्द्रहरूको अनुगमन र अवलोकनका लागि पनि जिम्मेवार छन्। साथै मन्त्रालय, विभाग र मातहतका महिला विकास कार्यालयहरू पनि नियमित अनुगमनका लागि जिम्मेवार निकायहरू हुन्। स्थलगत अवलोकन, प्रगति प्रतिवेदन र टेलिफोन सम्पर्कको माध्यमबाट पनि अनुगमनको व्यवस्था

मिलाइएको छ। तर सरकारको अन्य कार्यक्रममा झैं यस विषयमा पनि अनुगमन कार्यमा हामी कमजोर रहेको वास्तविकतालाई भने स्वीकार्नै पर्छ।

**पुनःस्थापना गृहबाट आउने प्रतिवेदन बारे छलफल हुन्छ वा हुँदैन ? यस विषयमा अनुभव आदानप्रदानको प्रक्रिया के छ ?**

यो अत्यन्तै महत्वपूर्ण पक्ष हो, जुन काम अहिले भइरहेको अवस्था छैन। यसबारे सोचाइ रहेको छ। मन्त्रालयमा छलफल चलाइरहेका छौं। यो विषय हेर्ने एउटा छुट्टै विशेषज्ञता प्राप्त शाखा मन्त्रालय वा विभागमा हुन जरुरी छ। त्यसपछि मात्र काम हुन सक्छ। अहिले त मन्त्रालय, विभाग र कार्यालयहरूमा जनशक्तिकै अभाव छ। त्यसैले आवश्यकता बोध भएर पनि गर्नुपर्ने काम गर्न सकिरहेको अवस्था छैन।

**त्यहाँ बसिसकेका महिलाहरूको मुख्य समस्या र चुनौति के हो ?**

पुनःस्थापना केन्द्रमा बसिसकेका महिलाहरूको मुख्य समस्या र चुनौति भनेकै मानसिक तनाव र आर्थिक विपन्नता हो। उनीहरूको लागि सामाजिक र पारिवारिक पुनरमिलन गम्भीर समस्याको रुपमा रहेको छ। त्यसमाथि कसैले उनीहरूको भावना र संवेदनामाथि खेलवाड गरि आफ्नो स्वार्थ सिद्ध गर्न उद्यत भइदिएको अवस्थामा त्यो सबैभन्दा ठूलो चुनौती हुन पुग्दछ। त्यसैले उनीहरूको पहिचानलाई सार्वजनिक गर्ने परिपाटि एउटा चुनौति बनेको छ। हाम्रो जस्तो रोजगारी सजिलै उपलब्ध नहुने अर्थतन्त्रमा उनीहरूलाई सीप सिकाई रोजगारीको अवसर दिनु पनि अर्को चुनौति हुन पुगेको छ।

**पुनःस्थापना गृह संचालनको समस्या र चुनौति चाहिँ के हो ?**

पहिलो चुनौतीको रुपमा हाम्रो परम्परावादी सोचमा आधारित व्यवस्थापन प्रणाली हो। त्यसबाट स्रोत परिचालनमा ढिलाइ, अपर्याप्त जनशक्ति, विशेषज्ञता प्राप्त जनशक्तिको अभावका साथै पीडित र प्रभावितको सर्वोत्तम हितलाई ध्यान दिन नसक्नु नै समस्या र र चनौतीको रुपमा देखिएका छन्।

**बेचबिखनबाट प्रभावित महिलाहरूको पारिवारिक र सामाजिक पुनःस्थापना कसरी हुन्छ ?**

यो काम कठिन अवश्य छ तर असम्भव छैन। छोटो अवधि र छोटो सोचाइमा भने यो काम हुँदैन। आर्थिक रुपमा सबलीकरण नगरेसम्म पारिवारिक तथा सामाजिक पुनरमिलन दुरुह छ। परिवारमै एकसाथ बसेकाहरू पनि यसको अभावमा सम्मानीत जीवन बाँचेका छैनन्। त्यहाँ विवाद छ, विभेद छ, झैझगडा छ र घरेलु हिंसा भड्किरहेको छ। त्यसैले हातमा सीप दक्षता बृद्धि गरी दैनिक रोजगारी र दिमागमा समझदारीको माध्यमबाट पारिवारिक र सामाजिक पुनःस्थापना भनौं वा पुनरलाभ, त्यो सम्भव छ। यसकालागि मनोसामाजिक विमर्श अत्यन्त लाभदायक रहन्छ।

**पुनःस्थापना गृहमा बस्ने अवधि (६ महिना) के पर्याप्त छ त ?**

यो अवधि औसतमा तोकिएको हो। कतिपय त्यो भन्दा पहिले घर समाजमा पुनः स्थापित हुन पुगेका अनुभवहरू पनि छन्। कतिपयलाई त्यो अवधि छोटो पनि भएको छ। वास्तवमा पुनःस्थापना केन्द्रहरू अन्तिम विकल्प होइनन्। तिनीहरू आवधिक र अल्पकालीन बन्दोबस्तका लागि मात्र हुन्। हाम्रो प्रस्थान बिन्दु भनेको सामाजिक र पारिवारिक पुनरलाभ र पुनरएकीकरण हो।

**महिला पुनः स्थापना गृह बेचबिखन र हिंसामा परेका महिलाहरूको दोस्रो बन्दिगृह पनि भन्ने गरेको सुनिन्छ। यस्ता केन्द्रभित्र महिलामाथि मानसिक, शारीरिक हिंसा र भेदभावपूर्ण व्यवहार हुन्छ भनिन्छ र यहाँभित्रको कार्यव्यवस्थाको खासै पारदर्शिता छैन भन्छन् नि !**

सरकारी स्रोतमा सञ्चालित केन्द्रहरूमा यस किसिमको समस्या रहेको हाम्रो जानकारीमा छैन। अन्त कतै भए मलाई थाहा छैन। यो अत्यन्तै गम्भीर प्रश्न हो। वास्तवमा तालिम प्राप्त व्यवस्थापकहरू नहुँदा र पीडितहरूको अधिकार हो भन्ने नबुझ्दा यस किसिमको बोलीचाली र व्यवहार प्रदर्शन हुने गर्दछ। जहाँसम्म पारदर्शिताका कुराहरू छन्, इमान्दारिताका अभावमा यस किसिमका गलत कार्य हुन सक्छन्। तर पुनः स्थापना केन्द्र प्रभावितहरूको सुरक्षाका कारण आफैमा गोपनीयता कायम गर्नु पर्ने विषय हो। तर यसको व्यवस्थापन र आर्थिक कारोवारमा पारदर्शिता हुनै पर्दछ। कसैले अनियमितता गर्छ भने कानुनी कारवाही हुनेछ।

**पुनःस्थापना गृहबाट उठेका त्यस्ता ज्वलन्त मुद्दा छन् कि जसलाई नयाँ संविधानमा सम्बोधन गर्नु पर्नेछ, के मन्त्रालयले सहकार्य गरिरहेको छ कि ?**

मानव बेचबिखन समस्याको आयाम र दायरा दिनहुँ फराक र गहिरो बन्दै छ। स्थानागमन र आप्रवासी कामदारसंग पनि यो समस्या जोडिन पुगेको छ। अतः अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि र यसका दुईवटा इच्छाधिन आलेख (१) मानव विशेषगरी महिला तथा बालबालिकाको

बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने इच्छाधीन आलेख र (२) स्थल, हवाईमार्ग तथा समुन्द्रीमार्गको माध्यमबाट हुने अवैध आप्रवासीहरूको कारोबार विरुद्ध इच्छाधिन आलेखका साथै आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी महासन्धिहरूको पक्ष राष्ट्र बन्नु जरुरी छ । यसका अतिरिक्त विभिन्न मुलुकहरूसँग द्विपक्षीय बहुपक्षीय कामदार पठाउने लगायतका आससी कानुनी सहायता र सुपर्दगी सन्धिहरू गरी प्रतिपादित नीति, कानुन र कार्ययोजनाहरूको दरिलो कार्यान्वयनलाई ध्यान दिनु जरुरी छ ।

**गत वर्षमा थप ४ वटा जिल्लाहरूमा पुनःस्थापना गृह खोल्ने कुरा थियो । घोषणा भएको पनि १ वर्ष बढी भइसक्यो । कार्यान्वयनमा कहिले आउँछ ? किन ढिलो भइरहेको छ ?**

यस विषयमा माथि उल्लेख भइसकेको छ । अब हामीसँग २३ जिल्लामा पुनः स्थापना केन्द्र र सेवा केन्द्रका नाममा सुरक्षा गृहहरू सञ्चालनमा छन् । त्यही रुपमा स्रोत विनियोजन पनि भइसकेको छ ।

**महिला बेचबिखन विरुद्ध मन्त्रालये के के गर्दै आइरहेको छ ?**

यौन तथा श्रम शोषणका लागि महिला तथा बालबालिकाको बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना सन् १९९८ मा निर्माण भएको थियो र सो कार्ययोजना अनुरुप विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन् । सो कार्ययोजनाको पुनरावलोकन गरिएको छ । अन्तिम प्रतिवेदन तयार भइरहेको छ । केन्द्रीय र जिल्लास्तरमा मानव बेचबिखन नियन्त्रणका लागि समितिहरू निर्माण भएका छन् । २३ जिल्लामा पुनः स्थापना केन्द्र र सेवा केन्द्रको माध्यमबाट सेवा दिँदै आइएको छ । मन्त्रालयले विभिन्न २६ जिल्लाहरूलाई लक्षित गरी पहिलो चरणमा समितिका पदाधिकारी र अन्य सम्बद्ध अधिकारीहरूलाई अभिमुखीकरण तालिम कार्यक्रमको आयोजना गऱ्यो । पुनः स्थापना कोषको स्थापना गरेको छ ।

**महिला बेचबिखन विरुद्ध मन्त्रालयको आगामी के के योजना छ ?**

मुलुकको नयाँ राजनीतिक र प्रशासनिक परिवेश अनुरुप नयाँ राष्ट्रिय कार्ययोजनाको निर्माण प्राथमिकताको विषय हो । पुनः स्थापना कोष वृद्धि गरी आर्थिक सशक्तिकरणको पक्षबाट बेचबिखन पीडित प्रभावितहरूलाई सक्षम र सुदृढ तुल्याउनुमा अभिमुखिकरण साथै विभिन्न सरकारी संयन्त्रहरू, गैरसरकारी संस्थाहरू, निजी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यमा कानुनी कारबाही, सचेतना, संरक्षण, उद्धार र पुनःस्थापना कार्यलाई थप प्रभावकारी बनाउने दिशामा मन्त्रालय उद्यत रहेको छ ।

**२०६७ भदौ २०**

**चौथौं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस भव्यरुपमा मनाऔं ।**

**मानव बेचबिखनविरुद्धको अभियानमा प्रतिबद्धता जनाऔं ।**

# एटविनद्वारा बुझाइएको ज्ञापन पत्र

**संविधानमा मानव बेचबिखनविरुद्धको अधिकार सुनिश्चतताका लागि संविधान सभाका सभामुख सुभाष नेम्वाङ, संवैधानिक समितिका अध्यक्ष निलाम्बर आचार्य तथा मौलिक अधिकार तथा राज्यका निर्देशित सिद्धान्त समितिका सभापति बिन्दा पाण्डेलाई बुझाइएको ज्ञापन पत्र :**

## ज्ञापनपत्र

मानव बेचबिखन तथा ओसारपसार मानव सभ्यता विपरित निकृष्ट, जघन्य र घृणित अपराधका रुपमा हाम्रो समाजमा विद्यमान छ। बितेका ५–६ दशकदेखि यसको रोकथाम र नियन्त्रणका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा लगातार प्रयास भइरहेको भएता पनि यस अपराधको संख्या घट्न सकेको देखिँदैन। मुख्यतः महिला र बालबालिका यसबाट सबैभन्दा पीडित र प्रभावित समूहका रुपमा देखिएका छन्। यौन तथा श्रम शोषणका लागि किशोरी तथा बालिकाहरूको बेचबिखन सबैभन्दा भयावह स्थिति छ। रोजगारीको खोजीमा विदेशीएका नेपाली महिला तथा पुरुषहरू कुनै न कुनै बहानामा यौन तथा श्रम शोषणमा परेका घटनाहरू सधैंको नियति भइसकेको छ।



*संविधानसभाका अध्यक्ष सुभाषचन्द्र नेम्वाङसमक्ष ज्ञापनपत्र बुझाउँदै एटविन प्रतिनिधि*

यसका विरुद्धमा नीति, कानुन तथा कार्यक्रमको निर्माण तथा कानुन कार्यान्वयन गर्ने निकायलाई बेलामौकामा निर्देशन जारी गर्ने सरकारी प्रयास मात्र होइन नागरिक समाजका तर्फबाट पनि त्यति कै धेरै प्रयासहरू भएका छन्। महिला तथा बालबालिका बेचबिखन बिरुद्ध सहकर्मी समूह नेपाल (एटविन) मानव बेचबिखनविरुद्ध अधिकारमुखि दृष्टिकोण बाट कार्यरत एउटा राष्ट्रिय स्तरको साझा सञ्जाल हो। यसले आफ्नो स्थापना कालदेखि नै मानव बेचबिखनविरुद्धमा नीतिगत परिवर्तनका निमित्त स्थानीयदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म नियमित रुपमा विभिन्न कार्यकमहरू संचालन गर्दै आइरहेको छ।

मूलरुपमा नेपालको अन्तरिम संविधान २०६३ ले समानता लगायत महिलाको हक, बालबालिकाको हक, यातनाविरुद्धको हक, सामाजिक न्यायको हकलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरेको छ। यसका अतिरिक्त उक्त संविधानले शोषणविरुद्धको हक अन्तर्गत प्रथा परम्परा र प्रचलनको नाममा कसैलाई शोषण गर्न नपाइने, मानिसलाई बेचबिखन वा दास बनाउन नपाइने तथा कसैको इच्छा विपरित काममा लगाउन नपाइने व्यवस्था गरेको छ। उक्त व्यवस्थालाई थप स्पष्ट बनाई सम्बन्धित सर्वसाधरणले सहजै बुझ्न सकिने रुपमा नेपालको नयां संविधानमा व्यवस्था हुनु जरुरी देखिएको हुँदा यो ज्ञापन पत्र मार्फत सुझावहरू प्रस्तुत गरिएको छ।

महिला तथा बालबालिकामाथि हुने यौन तथा श्रम शोषणमा रोक लगाउन, महिलाहरूको मानव अधिकारको सुरक्षाको ग्यारेन्टी गर्न, मुलुकमा फौजदारी न्याय प्रणालीमा पीडितहरूको सहभागितालाई सुनिश्चित गर्न, मानव बेचबिखनसम्बन्धी राष्ट्रिय कानुनलाई टेवा पुर्‍याउन, व्यवहारमा पीडितहरूको आत्मसम्मानको रक्षा गर्न र संगठित अपराधविरुद्ध अन्तर्राष्ट्रिय सहयोग र समर्थन जुटाई नागरिक समाजको विश्वास आर्जन गर्न भावी संविधानमा निम्नलिखित बिषय लाई समाबेस

गरिनु पर्दछ भन्ने जोडदार अनुरोध सहित यो ज्ञापनपत्र आज मिति २०६६ साल आश्विन २ गते शुक्रबार सभामुखसमक्ष हामीले बुझाएका छौं ।

## हाम्रो निम्नलिखित सुझावहरू भावी संविधानमा समावेश हुने सुनिश्चित् गरियोस् :

### प्रस्तावनामा समावेश गरिनु पर्ने

प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, स्वतन्त्र तथा निष्पक्ष श्रम व्यवस्था, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिवद्धता व्यक्त गर्दै शोषण विरुद्धको हकमा समावेश गरिनु पर्ने :

(१) शोषण गर्ने उद्देश्यले मानिसलाई धम्की दिने, बलप्रयोग गर्ने वा अन्य तरिकाले जबरजस्ती बन्धक बनाएर, जालसाजी गरी ढाँटी शक्ति वा ओहदाको दुरुपयोग गरी, लोभ देखाई, पैसा दिई वा अन्य कुनै फाइदाको प्रलोभन देखाई सहमतिमा वा विना सहमतिमा अर्को व्यक्ति माथि नियन्त्रण कायम गरी बिक्री गर्ने उद्देश्यले एक ठाउँबाट अर्को ठाउमा लैजाने कार्य गर्न गराउन पाइने छैन ।

(२) शोषण, बेचबिखन, ओसारपसारबाट प्रभावित व्यक्तिहरूलाई राज्यको तर्फबाट क्षतिपूर्तिको व्यवस्था, औषधी उपचार सम्बन्धी व्यवस्था, मनोविमर्श र भौतिक सहयोग, सुरक्षित आवासको व्यवस्था, रोजगारी तथा तालिमको अवसर प्रदान गरिने छ ।

(३) कुनै पनि मानिसलाई विना ज्याला वा राज्यले निर्धारण गरेको भन्दा कम ज्यालामा काम लगाउन वा इच्छा विपरीतको काममा जबरजस्ती लगाउन वा बँधुवा मजदुरको रुपमा राख्न वा डरत्रास देखाई काममा लगाउन वा काम छोडेर जान नपाउने गरी राख्न वा शरिरका कुनै अंग बेच्न वा यौन शोषण गर्न वा दास वा बांधा बनाई वा दासतापूर्ण अवस्था हुने गरी काममा लगाउन पाइने छैन ।

### श्रम सम्बन्धी अधिकारमा समावेश गरिनुपर्ने

(१) प्रत्येक महिला तथा पुरुष कामदार तथा कर्मचारीहरूले कानुनी रुपमा मान्यता प्राप्त काम सम्बन्धिका शर्त तथा सुविधाहरू सहितको करार पत्र वा नियुक्ति पत्र पाउने अधिकार रहने छ । यस्ता कामदार तथा कर्मचारीहरूले पाउने तलबभत्ता नेपाल सरकारले समय समयमा तोकेको न्यूनतम ज्यालाको व्यवस्था भन्दा कम हुने छैन ।

### निर्देशक सिद्धान्त अन्तर्गत समावेश गरिनु पर्ने

(१) मानव बेचबिखन, ओसारपसारबाट बचावटको लागि संभावित जोखिममा पुऱ्याउने तत्वहरूलाई निर्मुल गर्ने नीति तथा कार्यक्रमको व्यवस्था गरिने छ ।



*संविधानसभा संवैधानिक समितिका सभापति निलाम्बर आचार्यसमक्ष ज्ञापनपत्र बुझाउँदै एटविन प्रतिनिधि*

(२) मानव बेचबिखनबाट प्रभावित महिला तथा बालबालिकाको अधिकार सुनिश्चिततताको लागि विशेष नीति तथा कार्यक्रमहरूको व्यवस्था गरिने छ ।

उक्त प्रावधानहरूलाई नेपालको भावी संविधानमा राखिने सुनिश्चितताको विश्वास राख्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**सुनिता दनुवार**, अध्यक्ष
**एटविन**
२०६६ आश्विन २ गते

# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

**मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ सम्झनु पर्छ।

(ख) "राष्ट्रिय समिति" भन्नाले नियम ३ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "जिल्ला समिति" भन्नाले नियम ५ बमोजिमको समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ।

३. राष्ट्रिय समितिको गठनः (१) ऐनको दफा २३ बमोजिमको राष्ट्रिय समितिमा देहायकाअध्यक्ष र सदस्य रहने छन् :

(क) सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - *अध्यक्ष*

(ख) सहसचिव, श्रम मन्त्रालय - *सदस्य*

(ग) सहसचिव, गृह मन्त्रालय - *सदस्य*

(घ) सहसचिव पर राष्ट्र मन्त्रालय - *सदस्य*

(ङ) सहन्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय - *सदस्य*

(च) प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी - *सदस्य*

(छ) मानव बेचबिखन तथा ओसापसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरू मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनीत गरेको तीन जना महिला - *सदस्य*

(ज) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना महिला - *सदस्य*

(झ) सहसचिव महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - *सदस्य-सचिव*

(२) उपनियम (१) को खण्ड (छ) र (ज) बमोजिमका सदस्यहरूको पदावधि चार वर्ष हुनेछ।

(३) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (झ) बमोजिमको सदस्यमा सम्बन्धित निकायले उपलब्ध भएसम्म महिलालाई मनोनयन गर्नु पर्नेछ।

४. राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार : (१) राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने,

(घ) नेपाल सरकारले दिएको निर्देशन बमोजिम केन्द्रले गरेको कामकारबाहीको अनुगमन गर्ने गराउने आवश्यक निर्देशन दिने,

(ङ) जिल्ला समितिको कामकारबाहीको समन्वय तथा अनुगमन गर्ने,

(च) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने,

(छ) नेपाल पक्ष भएका मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौता अन्तर्गतका दायित्वहरू कार्यान्वयनको अनुगमन गर्ने,

(ज) सीपमूलक तालीम लिएका व्यक्ति मध्ये बीउँ पूंजीकोष

(सिडमनी) उपलब्ध गराउने सम्बन्धी मापदण्ड बनाइ लागू गर्ने,

(झ) केन्द्र सञ्चालन निर्देशिका बनाई जारी गर्ने ।

(२) राष्ट्रिय समितिले उपनियम (१) को खण्ड (ग) बमोजिम उद्धार कार्य गर्दा संघ संस्थाहरूसँग समन्वय गरी गर्नेछ ।

(३) ऐन तथा यस नियमावली बमोजिम गरिने उद्धारसँग सम्बन्धित सम्पूर्ण कार्यको अभिलेख राखिनेछ । यसरी अभिलेख राख्दा उद्धार गरिएका व्यक्तिको पहिचान र विवरण गोप्य रहनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अधिकार प्राप्त निकायबाट माग गरेको अवस्थामा त्यस्तो अभिलेख उपलब्ध गराउन सकिनेछ ।

(५) राष्ट्रिय समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

५. बैठक सम्बन्धी कार्यविधिः (१) राष्ट्रिय समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा राष्ट्रिय समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) बैठकको अध्यक्षता राष्ट्रिय समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ । बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि राष्ट्रिय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. जिल्ला समितिको गठनः (१) ऐनको दफा २३ बमोजिमको जिल्ला समितिमा देहायका अध्यक्ष र सदस्य रहने छन् :

(क) प्रमुख जिल्ला अधिकारी - *अध्यक्ष*

(ख) जिल्ला न्यायाधिवक्ता जिल्ला सरकारी वकील कार्यालय - *सदस्य*

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख - *सदस्य*

(घ) मानव बेचबिखन तथा ओसापसार विरुद्धको क्षेत्रमा जिल्लामा कार्यरत व्यक्ति वा संस्थाहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रमुख जिल्ला अधिकारीद्वारा मनोनीत तीन जना महिला - *सदस्य*

(ङ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति - *सदस्य*

(च) महिला विकास अधिकृत - *सदस्य-सचिव*

(२) जिल्ला विकास समितिमा जिल्ला विकास समितिको सभापति आमन्त्रित सदस्यको रुपमा रहनेछन् ।

७. जिल्ला समितिको काम, कर्तव्य र अधिकार : (१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) ऐन तथा यस नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने,

(ख) स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसापसार नियन्त्रण सम्बन्धी समितिहरूको गठन गरी परिचालन गर्ने ।

(ग) राष्ट्रिय समितिले दिएको निर्देशन बमोजिम जिल्लास्थित पुर्नस्थापना केन्द्रको अनुगमन गर्ने,

(घ) मानव बेचबिखन तथा ओसापसार विरुद्ध जनचेतना अभिवृद्धि गराउने,

(ङ) राष्ट्रिय समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,

(च) जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको उद्धार गर्ने ।

(छ) मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध जिल्लामा कार्यरत संघसंस्थाहरू बीच समन्वय गर्ने ।

(ज) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक तीन महिनामा सो सम्बन्धी प्रतिवेदन राष्ट्रिय समितिमा पठाउने ।

(२) जिल्ला समितिको सदस्य-सचिवले ऐन तथा यस नियमावली बमोजिम आफुले गरेका काम कारवाहीको विवरण समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

८. बैठक सम्बन्धी कार्यविधि : (१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा जिल्ला समितिको

बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) बैठकको अध्यक्षता जिल्ला समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ । बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. उजुर गर्ने व्यक्तिको गोप्यता : (१) ऐनको दफा ३ बमोजिम उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन अनुरोध गरेकोमा उजुरकर्ताको काल्पनिक नाम राखी उजुर दर्ता गर्ने व्ययस्था उजुर दर्ता गर्ने प्रहरी कार्यलयले मिलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गोप्य राखिएको नाम अनुसन्धान, अभियोजन र न्याय निरोपणको सिलसिलामा माग भएको अवस्थामा बाहेक कसैले खुलासा गर्नु हुँदैन ।

१०. दोभाषे वा अनुवादक सम्बन्धी व्यवस्था : (१) जिल्ला समितिले अड्डा अदालतको कामकारबाहीको भाषा अनुवाद गर्न सक्ने विज्ञ वा दोभाषेको सूची तयार गरी अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूची तयार गर्दा जिल्ला समितिले सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक व्यक्तिहरूको दक्षताको आधारमा गर्नेछ ।

(३) अड्डा अदालतको कामकारवाहीको भाषा नबुझ्ने पीडितले दोभाषे वा अनुवादक राख्नु पर्ने भएमा पीडितले जिल्ला समितिसमक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम पीडितले अनुरोध गरेमा जिल्ला समितिले उपनियम (१) बमोजिमको सूचीमा नाम समावेश भएका व्यक्तिहरू मध्येबाट पीडितले चाहेको व्यक्तिलाई दोभाषे वा अनुवादकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

११. केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था : (१) जिल्ला समितिले पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रुपमा पुनःस्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन केन्द्रको स्थापना र सञ्चालन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना भएका केन्द्रको व्यवस्थापन निश्चित अवधिका लागि शर्तहरू तोकी करारमा जिल्ला समितिले निजी वा गैरसरकारी संस्थालाई दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम व्यवस्थापन करारमा दिंदा केन्द्रलाई बढी आर्थिक र प्राविधिक योगदान दिने संस्थालाई प्राथमिकता दिनु पर्नेछ ।

(४) ऐनको दफा १३ को उपदफा (२) बमोजिम केन्द्र स्थापना र सञ्चालन गर्न चाहने संस्थाले देहायका विवरण खोली अनुसूची-१ बमोजिमको ढाँचामा जिल्ला समितिसमक्ष निवेदन दिनु पर्नेछ :

(क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायतका भौतिक पूर्वाधारको विवरण,

(ग) केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,

(घ) आर्थिक श्रोतको विवरण ।

(५) उपनियम (४) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी नियम १२ बमोजिमको पूर्वाधार तथा सुविधा तयार भएको वा हुन सक्ने देखिएमा जिल्ला समितिले त्यस्तो संस्थालाई केन्द्रको स्थापना र सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा स्वीकृतिको प्रमाणपत्र दिनेछ ।

(६) यो नियमावली प्रारम्भ हुँदाका बखत सञ्चालन भई रहेका केन्द्रका सञ्चालकले छ महिनाभित्र यस नियम बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(७) जिल्ला समितिले यस नियमावली विपरीत केन्द्र स्थापना र सञ्चालन गर्ने वा नियम १२ मा तोकिएको मापदण्ड पूरा नगर्ने वा राष्टिय समिति वा जिल्ला समितिले दिएको निर्देशन पालना नगर्ने केन्द्रको सञ्चालनमा रोक लगाउन, निश्चित अवधिका लागि निलम्बन गर्न वा स्वीकृति रद्द गर्न सकिनेछ । यसरी केन्द्रको स्वीकृति रद्द गर्नु अघि त्यस्तो केन्द्रलाई सुनुवाइको मौका दिनु पर्नेछ ।

१२. केन्द्रको व्यवस्थापन : (१) केन्द्र सञ्चालन गर्ने संस्थाले केन्द्रको व्यवस्थापनका लागि एक व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिको कूल संख्यामध्ये कम्तीमा पचास प्रतिशत महिला हुनु पर्नेछ ।

(३) केन्द्रले आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विषयमा दक्षता र अनुभव भएका व्यक्तिहरूबाट सेवा प्रदान

गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) केन्द्रमा रहेका प्रत्येक पीडितहरूको छुट्टा छुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नु पर्नेछ ।

१३. केन्द्रको सञ्चालन मापदण्ड : (१) ऐन तथा यस नियमावली बमोजिम स्थापना हुने केन्द्रले देहायको मापदण्ड पूरा गरेको हुनु पर्ने छ :

(क) पीडितलाई राख्न न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

(ख) पीडितलाई मनोसामाजिक विमर्श र स्वास्थ्य सेवा समेतको परामर्श सेवा उपलब्ध गराउन सक्ने,

(ग) पीडितलाई आवश्यकता अनुसार औषधोपचारको सेवा प्रदान गर्न वा सोको प्रवन्ध गर्न सक्ने,

(घ) पीडितलाई आवश्यकता अनुसार कानुनी सेवा प्रदान गर्न वा सोको प्रवन्ध गर्न सक्ने, र

(ङ) पीडितलाई शिक्षाको आवश्यक प्रबन्ध गर्न सक्ने,

(२) केन्द्रले नियम ४ को उपनियम (१) को खण्ड (झ) बमोजिम जारी भएको पुर्नस्थापना केन्द्र सञ्चालन निर्देशिका पालना गर्नु पर्नेछ ।

१४. केन्द्रको अनुगमनः (१) ऐन तथा यस नियमावली बमोजिम केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा राष्ट्रिय समितिले आवश्यकता अनुसार र जिल्ला समितिले कम्तीमा छ महिनाको एक पटक निरीक्षण र अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण र अनुगमन गर्न खटिएको पदाधिकारीले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित समितिसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । जिल्ला समितिले आफूसमक्ष प्राप्त अनुगमन प्रतिवेदन राष्ट्रिय समितिमा पठाउनु पर्नेछ ।

१५. सीपमूलक तालीमः (१) केन्द्रले राष्ट्रिय तथा जिल्ला समितिसँग समन्वय गरी केन्द्रमा रहेका पीडीतहरूका लागि सीपमुलक तालिमको व्यवस्था गर्नुपर्नेछ ।

(२) नियम ४ को उपनियम (१) को खण्ड (ज) बमोजिम लागू भएको मापदण्डको आधारमा जिल्ला समितिले तालीमप्राप्त व्यक्तिहरूको छनौट गरी निजहरूलाई बीउ पूँजी (सिड मनी) उपलब्ध गराउन वा यस्तो पुँजी उपलब्ध गराउन सक्ने बैंक वा वित्तीय संस्था वा कार्यक्रमसँग समन्वय गरिदिनेछ ।

(३) यस नियम बमोजिम तालीमप्राप्त व्यक्तिहरूलाई केन्द्रले रोजगार बजार सम्बन्धी सूचना प्रवाह तथा रोजगारीको लागि सहजीकरण गर्नु पर्नेछ ।

१६. पुनःस्थापना तथा पारिवारिक पुनर्मिलनः (१) ऐन तथा यस नियमावली बमोजिम उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकलाई तिनीहरूको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जेलसम्मका लागि केन्द्रमा राख्ने व्यवस्था गरिनेछ ।

(२) उपनियम (१) बमोजिमका व्यक्तिहरूलाई केन्द्रले निजको घर परिवारको खोजतलास गरी परिवारिक पुनर्मिलन गराउनु पर्नेछ । केन्द्रले यस्तो पारिवारिक पुनर्मिलन गराउँदा पीडित तथा निजको परिवारका सदस्यलाई आवश्यक परामर्श दिने, सहजीकरण गर्ने लगायतका आवश्यक उपायको अवलम्बन गर्नेछ ।

(३) उपनियम (१) बमोजिम तत्कालका लागि केन्द्रमा राखिएका पीडितलाई छ महिना भन्दा बढी अवधि केन्द्रमा राखिने छैन ।

तर उद्धार गरिएको व्यक्ति नाबालिग रहेछ भने निजलाई वैकल्पिक व्यवस्था गरी बालबालिकाको निम्ति स्थापित केन्द्रमा स्थानान्तरण गरिनेछ ।

१७. पुनःस्थापना कोषको व्यवस्थापन र सञ्चालनः (१) केन्द्रीय स्तरको पुनर्स्थापना कोष राष्टिय समिति अन्तर्गत रहनेछ ।

(२) राष्ट्रिय समितिले जिल्ला समिति अन्तर्गत रहने गरी आवश्यकता अनुसार पुनःस्थापना कोषको स्थापना गर्न सक्नेछ ।

(३) पुनःस्थापना कोषको रकम ऐन तथा यस नियमावली बमोजिम पीडितको उद्धार र पुनःस्थापना गर्नमा मात्र खर्च गरिनेछ ।

(४) जिल्ला स्तरको कोषमा केन्द्रीय स्तरको कोषको रकम मध्येबाट राष्टिय समितिले तोकेको रकम र जिल्ला समितिले स्थानीय स्तरमा प्राप्त रकम रहनेछ ।

(५) राष्ट्रिय स्तरको पुनःस्थापना कोषको खाता सञ्चालन राष्ट्रिय समितिको सदस्य-सचिव र मन्त्रालयको आर्थिक शाखा प्रमुखको संयुक्त दस्तखतबाट हनेछ ।

(६) जिल्ला स्तरको पुनःस्थापना कोषको खाता सञ्चालन जिल्ला समितिको सदस्य-सचिव र महिला विकास शाखाको आर्थिक प्रशासन शाखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१८. केन्द्र बन्द गर्ने सम्बन्धी व्यवस्था : (१) सञ्चालनमा रहेको केन्द्र बन्द गर्नु परेमा सोही व्यहोरा खुलाइ केन्द्रले

जिल्ला समितिसमक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिँदा उक्त केन्द्रमा बसी पुनर्मिलन तथा पुनःस्थापना भएका सम्पूर्ण पीडितहरूको व्यक्तिगत विवरण समेत संलग्न गर्नु पर्नेछ ।

तर त्यसरी निवेदन दिँदा केन्द्रमा रहेका सम्पूर्ण पीडितहरूको पारिवारिक पुनर्मिलन र सामाजिक पुनःस्थापनाको व्यवस्था गरिसकेको हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा जिल्ला समितिले आवश्यक जाँचबुझ गरी आफ्नो लगतबाट सो केन्द्रको नाम कट्टा गर्नेछ ।

१९. आचारसंहिता पालना गर्नु पर्नेः केन्द्रले जिल्ला समितिले तोकेको मापदण्डका आधारमा केन्द्रका व्यवस्थापन समितिका पदाधिकारी तथा सेवा प्रदान गर्ने अन्य व्यक्तिले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नेछ ।

२०. अनुसूचीमा हेरफेर तथा थपघटः मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

**अनुसूची–१**

**(नियम १० को उपनियम (४) साग सम्बन्धित)**

**पुनर्स्थापना केन्द्र सञ्चालनको स्वीकृतिको निवेदन**

मिति :

**विषय : केन्द्र स्थापना/सञ्चालनको स्वीकृति ।**

**श्री संयोजकज्यू**
**मानव बेचबिखन तथा ओसापसार विरुद्धको जिल्ला समिति**
...................

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम पुनःस्थापना केन्द्र स्थापना/सञ्चालन गर्न देहायको विवरण भएको हाम्रो संस्था इच्छुक भएकाले स्वीकृतिका लागि निवेदन गर्दछौं ।

(क) संस्थाको नामः

(ख) संस्थाको ठेगानाः

(ग) संस्थाका पदाधिकारीको नाम, थर र ठेगानाः

(घ) सम्पर्क गर्नु पर्ने व्यक्तिः

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५, सो अन्तर्गत बनेको निर्देशिका तथा राष्ट्रिय समिति र जिल्ला समितिले दिएको निर्देशन बमोजिम पुनःस्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न मञ्जुर गर्दछु ।

संस्थाको आधिकारप्राप्त व्यक्तिको

दस्तखतः

नाम, थरः

सम्पर्क ठेगानाः

**अनुसूची–२**

**(नियम १० को उपनियम (५) साग सम्बन्धित)**

**केन्द्र स्थापना /सञ्चालनको स्वीकृतिको प्रमाणपत्र**

....(संस्थाको नाम) लाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ बमोजिम पुनःस्थापना केन्द्र स्थापना/ सञ्चालन गर्न स्वीकृतिको प्रमाणपत्र प्रदान गरिएको छ ।

.........................................

मितिः **स्वीकृति दिने अधिकारी**

**अनुसूची–३**

**(नियम १३ को उपनियम (२) साग सम्बन्धित)**

**पुनर्स्थापना केन्द्रको अनुगमन प्रतिवेदन**

राष्ट्रिय समिति/जिल्ला समितिको मिति .......... निर्णयानुसार मलाई देहायको पुनःस्थापना केन्द्रको अनुगमन गर्न खटाइएकोमा सो बमोजिम अनुगमन गरी देहायको प्रतिवेदन पेश गरेको छु ।

१. पुनर्स्थापना केन्दको नाम र ठेगानाः

२. पुनःस्थापना केन्द्रमा रहेका पीडितहरूको संख्याः

(क) बालक

(ख) बालिका

(ग) महिला

(घ) अन्य

३. ऐन, नियमावली र निर्देशिका बमोजिमको मापदण्डको पालनाको स्थितिः

(क)

(ख)

(ग)

४. पुनःस्थापना केन्द्रलाई यस अघि दिइएका निर्देशनको पालनाको स्थिति

५. अन्य आवश्यक कुराहरू

६.राय सुझाव

# श्रमजीवी महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५

**प्रस्तावना**

डान्स बार, डान्स रेस्टुरेन्ट, क्याबिन रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लरमा काम गर्ने महिला कामदारहरूलाई कार्यस्थलमा गरिने यौन उत्पीडनका व्यवहारहरूलाई नियन्त्रण गर्ने सम्बन्धमा हालसम्म नेपालमा कुनै कानुनको निर्माण नभएकोले, कार्यस्थलमा काम गर्ने श्रमजीवी महिला एवं अन्य कामदारहरूलाई मर्यादित एवंआत्मसम्मानपूर्वक, सुरक्षित वातावरणमा काम गर्न सक्ने वातावरणको सिर्जना गर्न वाञ्छनीय भएकोले, संसद (संविधानसभा) ले ऐन नबनाएसम्म सर्वोच्च अदालतबाट देहायबमोजिमको निर्देशिका बनाई जारी गरिएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो निर्देशिकाको नाम श्रमजीवी महिलाहरू प्रति कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने निर्देशिका २०६५ रहेको छ।

(२) यो निर्देशिका २०६५ साल पौष १ देखि नेपालभर लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा

(क) 'श्रमजीवी' भन्नाले पारिश्रमिक लिइ वा नलिई पूरा वा आंशिक समयमा रेस्टुरेन्ट, मसाज पार्लरमा काम गर्ने महिला सम्झनु पर्छ। सो शब्दले अन्य कामदारलाई समेत जनाउछ।

(ख) 'कार्यस्थल' भन्नाले श्रमजीवी महिलाले काम गर्ने रेस्टुरेन्ट, मसाज पार्लरलाई जनाउछ।

(ग) 'रेस्टुरेन्टू भन्नाले डान्स रेस्टुरेन्ट, डान्स बार, क्याबिन रेस्टुरेन्टलाई सम्झनु पर्छ। यो शब्दले दोहोरी साँझ समेतलाई समेत जनाउनेछ।

(घ) 'मसाज पार्लर' भन्नाले शुल्क लिई वा नलिई मालिसको सेवा प्रदान स्थललाई सम्झनुपर्छ। यो शब्दले रेस्टुरेन्टहरूले प्रदान गर्ने गरेको मसाज सेवा समेतलाई जनाउँछ।

(ङ) 'यौन शोषण' भन्नाले कार्यस्थलमा कम गर्ने महिलाहरूलाई यौन उत्तेजनामा ल्याउने वा आफु स्वयं यौन उत्तेजनामा आउने हिसाबले जिस्क्याउने, बोल्ने वा कुनै प्रकारको यौन इशारा प्रदर्शन गर्ने गराउने, लगायतका सम्पूर्ण कार्यलाई जनाउछ। यो शब्दले शुल्क लिई वा नलिई वेश्यावृत्तिमा संलग्न हुन बाध्य पार्ने पराउने लगायतका व्यवहारलाई समेत जनाउनेछ।

(च) 'धनी' भन्नाले रेस्टुरेन्ट, मसाजपार्लर आदिको संस्थापक, व्यवस्थापक वा सञ्चालक समेतलाई सम्झनु पर्छ।

(छ) 'सेवा ग्राही' भन्नाले रेस्टुरेन्ट तथा मसाज पार्लरले प्रदान गर्ने सेवा लिन आउने व्यक्तिलाई सम्झनु पर्छ।

(ज) 'समिति' भन्नाले दफा १४ बमोजिम गठित अनुगमन एवं कारबाही समितिलाई सम्झनु पर्छ।

**परिच्छेद-२**

**व्यवसाय दर्ता, सञ्चालन**

**३. दर्ता नगराई व्यवसाय सञ्चालन गर्न नहुने**

(१) रेस्टुरेन्ट, मसाज पार्लर जस्ता व्यवसाय दर्ता नगरी सञ्चालन गर्न पाइने छैन।

(२) यो निर्देशिका जारी भएपछि पहिलो पटक दर्ता नगराई सञ्चालनमा रहेका दफा ३(१) बमोजिमका रेस्टुरेन्ट, मसाज पार्लरहरू तीन महिनाभित्र दर्ता गराइ सक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका रेस्टुरेन्ट, मसाज पार्लरहरू यो निर्देशिका लागू भएपछि जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नु पर्नेछ।

**४. लगत विवरण प्रस्तुत गर्नुपर्ने**

(१) आफ्नो व्यवसायमा संलग्न श्रमजीवी महिला एवं पुरुषको नाम थर वतनसहितको वैयक्तिक विवरणको लगत ३ प्रति तयार गरी एकप्रति आफूसँग १ प्रति नजिकको प्रहरी कार्यालय तथा एकप्रति प्रमुख जिल्ला अधिकारी समक्ष प्रस्तुत गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विवरणहरू गोप्य रहने छन।

**५. व्यवसाय सञ्चालन गर्ने शर्त एवं अवधी**

(१) रेस्टुरेन्ट, मसाज पार्लर आदिको व्यवसाय सञ्चालन गर्दा वरपरका, घर र बासिन्दालाई असर नपर्ने गरी सञ्चालन गर्नु पर्दछ।

(२) रेस्टुरेन्ट, मसाज पार्लर आदि व्यवसाय सञ्चालन गर्दा त्यहाँबाट निस्केको ध्वनि बाहिर ननिस्कने प्रबन्ध गर्नु पर्नेछ।

(३) रेस्टुरेन्ट, मसाज पार्लरआदि व्यवसायको सञ्चालन समय नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(४) श्रमजीवीहरूलाई कार्य सम्माप्त पश्चात सुरक्षित रूपमा वासस्थानसम्म पुर्‍याउने प्रबन्ध गर्ने जिम्मा सम्बन्धित धनीको हुनेछ।

(५) प्रत्येक रेस्टुरेन्ट, मसाज पार्लर आदि व्यवसायिक कार्य स्थलको वातावरण स्वच्छ हुन पर्नेछ।

(६) तोकिएको शर्तको अधीनमा रहे नरहेको सम्बन्धमा अनुगमन गर्ने अधिकार प्रहरी तथा प्रमुख जिल्ला अधिकारी तथा अनुगमन

तथा कारबाही समितिलाई हुनेछ ।

(७) तोकिएको शर्त विपरीत काम भएको पाइएमा समितिले त्यस्तो रेस्टुरेन्ट, मसाज पार्लर व्यवसाय बन्द गर्ने वा अन्य उपयुक्त आदेश दिन सक्नेछ ।

**६. पारिश्रमिक नदिई काममा लगाउन नहुने**

यो निर्देशिका जारी भए पछि श्रमजीवी र धनीबीच आपसी सहमतिको आधारमा तय गरिएको अवस्थामा बाहेक नेपाल सरकारद्वारा निर्धारित न्यूनतम पारिश्रमिक नदिई काममा लगाउन हुँदैन । त्यसरी आपसी सहमतिमा पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारद्वारा निर्धारित न्यूनत्तम पारिश्रमिक भन्दा कम लिने गरी निर्धारण गर्न पाइने छैन ।

**७. सूचना पाटी टाँस्नु पर्ने**

रेस्टुरेन्ट, मसाज पार्लर आदिमा प्रवेश गर्नासाथ सबैले देख्न सक्ने ठाउँमा गर्न नहुने कामको सूचना पाटी राख्नु पर्ने छ ।

**परिच्छेद–३**
**गर्न नहुने काम**

**८. यौन उत्पीडन**

कार्यस्थलमा देहायका काम कारबाही गरेमा वा गर्न लगाएमा श्रमजीवी महिलालाई यौन उत्पीडन दिएको मानिनेछ ।

(क) शारीरिक सम्बन्धको लागि प्रस्ताव या माग गर्नु

(ख) यौन एवं उत्तेजक भाषा तथा उत्तेजक नृत्य, गीतको प्रयोग गर्नु

(ग) श्रमजीवी महिलाले देख्नेगरी अश्लिल साहित्य, पोष्टर, पर्चा पम्पलेट आदि राख्नु, टास्नु, प्रदर्शन गर्नु, गराउनु,

(घ) यौन सम्बन्धी छेडखानी गर्नु,

(ङ) शारीरिक, मौखिक या यौनसम्बन्धी आचरण प्रस्तुत गरेमा,

(च) यौन विकार उत्पन्न हुने अन्य कुनै पनि व्यवहार गरे गराएमा,

(छ) उत्तेजक पोशाक लगाई नृत्य गर्न गीत गाउन बाध्य पारेमा

**९. यौन शोषण**

कार्यस्थलमा देहायका काम कारबाही गरेमा वा गर्न लगाएमा यौन शोषण गरेको मानिनेछ ।

(क) आर्थिक प्रलोभन दिइ वा नदिई कसैसँग यौन सम्बन्ध स्थापित गर्न बाध्य पारेमा वा पार्न लगाएमा,

(ख) श्रमजीवी महिलालाई थप आर्थिक सुविधा, पदोन्नती दिने दिलाउने भनी लालचमा पारी वा आश्वासन दिई यौन सम्बन्ध कायम राखेमा वा राख्न लगाएमा,

(ग) शुल्क वा रकमको प्रस्ताव गरी श्रमजीवी महिलासँग यौन सम्बन्ध राखेमा राख्न प्रयत्न गरेमा,

(घ) यौन सम्बन्ध राख्ने वा नराख्ने जुनसुकै उद्देश्यले श्रमजीवी महिलाको कुनै पनि अंग स्पर्श गरेमा वा आफ्नो अङ्ग स्पर्श गर्न लगाएमा,

(ङ) मदिरा या त्यस्तै प्रकारका लागू पदार्थको सेवन गरी, गराई परिच्छेद ३ मा उल्लेखित काम कारबाही गरे गराएमा,

(च) ईच्छा विपरीत बाध्यतामा पारी यौन समबन्धमा राखेमा,

**१०. अमर्यादित व्यवहार गर्न नहुने**

कार्यस्थलमा महिला श्रमजीवीहरू प्रति उनीहरूको मर्यादा आंच पुग्ने देहायका कुनै पनि काम कारबाही गर्न गराउन हुँदैन ।

(क) सेवाग्राहीसँग बसि मदिरा लगायतका लागू पदार्थ सेवन गर्न गराउन,

(ख) श्रमजीवी महिलालाई कार्यस्थलमा सेवाग्राहीसँग वसी धुम्रपान गर्न लगाउन,

(ग) अश्लिल एवं यौन अर्थ दिने शब्दबाट सम्बोधन गर्न गराउन,

(घ) आफू आफूमा श्रमजीवी महिलाले सुन्ने गरी वा सुनाउने उद्देश्यले यौनसम्बन्धी हसी मजाक गर्न गराउन तथा महिलासँग सो उद्देश्यले हसि मजाक गर्न, गर्ने प्रयत्न गर्न गराउन,

(ङ) श्रमजीवी महिलाको शरीर वा नग्न प्रदशर्न गर्न लगाउन वा प्रदर्शन गर्न बाध्य पार्ने ।

**परिच्छेद ४**
**काम कर्तव्य र अधिकार**

**११. धनीको काम कर्तव्य र अधिकार**

रेस्टुरेन्ट, मसाज पार्लर लगायतका व्यवसाय सञ्चालन गर्ने धनीको देहायका काम कर्तव्य र अधिकार हनेुछ ।

(क) कार्यस्थलमा श्रमजीवी महिलाको मर्यादामा असर पुग्ने गतिविधिहरू रोक्न लगाउने,

(ख) सेवाग्राहीले श्रमजीवी महिलालाई अमर्यादित, अभद्र एवं यौनजन्य काम कारवाही गरेमा वा गर्न लगाएमा त्यसबाट सुरक्षा प्रदान गर्ने, गराउने,

(ग) श्रमजीवी महिलाको सुरक्षाको यथोचित प्रबन्ध गर्ने, गराउने,

(घ) कार्यस्थलमा श्रमजीवी महिलाको शारीरिक एवं मानसिक शोषण हुनबाट रोक्ने तथा महिलालाई हुने कुनै पनि अलाभकारी स्थितिको अन्त्य गर्ने,

(ङ) श्रमजीवी महिलाहरूले गरेको गुनासोको तत्काल समाधान गर्ने गराउने,

(च) महिला श्रमजीवीलाई मौखिक, शारीरिक, मानसिक रूपमा यौनजन्य एवं अन्य दुर्व्यवहार हुने किसिमको कार्य गर्न, बोल्न एवं इशारा गर्न गराउनबाट रोक्ने,

(छ) रेस्टुरेन्ट, मसाज पार्लर आदिमा कुनै सेवाग्राहीले यो निर्देशिका बमोजिम वा प्रचलित कानुनबमोजिम गर्न नहुने काम गरेमा त्यस्तो सेवाग्राहीबाट श्रमजीवी महिलालाई बचाउन वा निजलाई रेस्टुरेन्ट वा मसाज पार्लरबाट निकाल्न बाउन्सर (सुरक्षक) को व्यवस्था गर्नु पर्नेछ ।

(ज) धनीले श्रमसम्बन्धी कानुन र अन्य कानुन पूर्ण रूपले पालन गर्नु पर्नेछ ।

**१२. सेवाग्राहीका काम कर्तव्य र अधिकार**

रेस्टुरेन्ट, मसाज पार्लरमा आउने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछ,

(क) श्रमजीवी महिला प्रति सम्मानजनक व्यवहार गर्ने,

(ख) श्रमजीवी महिलासँग उनीहरूको मर्यादामा आंच पुग्ने कुनै पनि काम, व्यवहार गर्न हुदैन ।

(ग) मादक पदार्थ सेवन गरी हो हल्ला गर्न एवं महिलाप्रति अभद्र व्यवहार गर्न हुँदैन,

(घ) परिच्छेद ३ मा निषेधित गरिएको काम गर्न हुँदैन,

(ङ) परिच्छेद ३ अन्तर्गतका काम कारबाहीहरू गर्ने, गर्न लगाउने, सोको दुरुत्साहन दिन नहुने ।

**१३. समितिको काम, कर्तव्य र अधिकार**

दफा १५ बमोजिम गठित अनुगमन एवं कारबाही समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन ।

(क) समिति समक्ष परेका उजुरीको छानवीन गर्ने गराउने,

(ख) समितिले समय समयमा श्रमजीवी महिला रहेको कार्य स्थल रेस्टुरेन्ट, मसाज पार्लरमा आकस्मिक निरीक्षण गर्न सक्नेछ । त्यसरी निरीक्षण गर्दा परिच्छेद ३ मा लेखिएको गर्न नहुने काम भइरहेको वा हुन लागेको वा हुने आशंकाको विद्यमानता रहेको देखेमा तत्काल त्यस्ता कार्यहरू नियन्त्रण गरी आवश्यक कारबाही प्रक्रिया शुरु गर्नेछ ।

(ग) श्रमजीवी महिला कार्यरत रहेको स्थानलाई अझ बढी व्यवस्थित एवं मर्यादित बनाउन आवश्यक देखिएका काम गर्ने,

(घ) श्रमजीवी महिलासँग सम्बन्धित विषयमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालन गर्नु सम्पूर्ण धनीहरूको कर्तव्य हुनेछ ।

(ङ) रेस्टुरेन्ट, मसाज पार्लरलगायतका कार्यस्थलमा निर्देशिका वा प्रचलित कानुन विपरित बमोजिम काम भएको छ छैन अनुगमन गर्ने गराउने ।

(च) निर्देशिकाको पालना नभएको देखेमा पहिलोपल्ट सचेत गराउने दोस्रो पल्टदेखि त्यस्तो व्यवसाय बन्द गराउने ।

(छ) रेस्टुरेन्ट, मसाज पार्लरमा कानुन विपरीत कार्य भएको देखेमा वा ततत्सम्बन्धमा कुनै उजुरी परेमा सो सम्बन्धमा आवश्यक छानविन एवं कारवाहीको लागि सम्बन्धित निकायमा पठाउने ।

(ज) सम्बन्धित निकायले पनि प्राप्त उजुरी उपर तुरुन्त छानविन अनुसन्धान शुरु गरी संकलित सबुद प्रमाणको आधारमा कारबाही अगाडि बढाउनु पर्छ ।

(झ) रेस्टुरेन्ट, मसाज पार्लरमा गर्न पाईने नपाईने विषयमा प्रचार प्रसार गर्ने गराउने ।

**परिच्छेद -५**
**उजुरी एवं कारबाही**

**१४. उजुरी**

(१) परिच्छेद ३ अन्तर्गतको निषेधित कार्यबाट कुनै श्रमजीवी पीडित भएमा वा पीडित हुने आशंका भएमा पीडित आफैले वा सो को बारेमा जानकारीप्राप्त गर्ने जो सुकैले पनि दफा १५ बमोजिम गठित समिति समक्ष वा नजिकको प्रहरी कार्यालयमा आफूले देखे, सुनेजानेको सम्पूर्ण कुरा खुलाई उजुरी दिन सक्नेछ ।

(२) प्रहरी कार्यालयमा उजुरी परेको भए सम्बन्धित प्रहरी कार्यालयले तत्काल पीडितको स्वास्थ्य एवं सुरक्षाको प्रबन्ध गरी प्राप्त उजुरी तुरुन्त समितिसमक्ष पेश गर्नुपर्ने छ । समितिले पनि तुरुन्त आवश्यक कारबाही शुरु गर्नु पर्नेछ ।

(३) यो निर्दिशिकाबमोजिम गरिने सम्पूर्ण काम कारबाहीहरू गोप्य हुनेछ । कुनैपनि तथ्य प्रकाशित गर्नु परेमा समितिको अनुमति लिई परिवर्तित नामबाट मात्र प्रकाशित गर्न सकिने छ ।

(४) उजुरी छानविन गर्दा श्रमजीवी महिलालाई यस निर्देशिकाबमोजिमको गर्न नहुने काम गरेको पाइएमा त्यस्तो कार्य रोक्ने

सम्बन्धमा धनीलाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित धनीको कर्तव्य हुनेछ ।

**परिच्छेद ६**
**समिति**

**१५. जिल्ला अनुगमन एवं कारबाही समिति**

(१) प्रत्येक जिल्लामा यो निर्देशिकाको प्रयोजनको लागि एक समिति रहनेछ । सो समितिको नाम जिल्ला अनुगमन एवं कारबाही समिति हुनेछ ।

(२) समितिको गठन देहायबमोजिम हुने छ ।

(क) प्रमुख जिल्ला अधिकारी............अध्यक्ष

(ख) प्रमुख जिल्ला प्रहरी कार्यालय................ सदस्य

(ग) प्रमुख जिल्ला महिला विकाश कार्यालय, सो नभएको जिल्लामा स्थानीय विकास अधिकारी.......... सदस्य

(३) समिति एक स्थायी समिति हनेछ ।

(४) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१६. प्रचलित कानुनबमोजिम हुने**

(१) यो निर्देशिकामा व्यवस्था भएदेखि बाहेक अन्य कुराहरू प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यो निर्देशिकामा लेखिएका कुराहरूले पीडित पक्षले प्रचलित कानुनबमोजिम कारबाही चलाउन पाउने कुरामा असर पार्ने छैन ।

न्यायाधीश

निर्देशिका तयार गर्न सहयोग गर्ने इजलास अधिकृत

**राजेन्द्र कुमार आचार्य**

ईति सम्बत २०६५ साल मंसिर १३ गते रोज ६

शुभम्..................

# जागरण नेपाल

जागरण नेपाल, नेपाली समाजमा विद्यमान रहको सामाजिक स्वरुपमा परिवर्तन ल्याई महिलाको स्थितिमा सुधार ल्याउन उद्यत छ। यो एक गैर सरकारी संस्था हो जसको उद्धेश्य सिमान्तकृत समूह विशेषतः महिलाको मानव अधिकारको रक्षा तथा प्रवर्द्धन गर्नु रहेको छ। जागरण नेपालमा मानव अधिकार तथा सामाजिक न्याय क्षेत्रमा विगतमा लामो समयदेखि सकृय व्यक्तित्वहरू, मानव संसाधन तथा स्वरुपको रुपमा रहेका छन्। महिलाको मानव अधिकारको पहिचान, लैङ्गिक समानता जस्ता महिलासँग गाँसिएका कुरालाई जन वकालत, दबाब, साझेदारी तथा सहयोग मार्फत प्रवर्द्धन र स्थापित गराउन यो संस्था कटिवद्ध रहेको छ।

दिगो शान्ति, सुशासन तथा मानव अधिकार मार्फत महिलाको शसक्तिकरणको लागि सचेतना गर्नु तथा समतामुलक नेपाली समाजको स्थापनार्थ नेपाली महिलाहरूलाई संस्थागत विकासमा आवद्ध गर्न उत्प्रेरणा दिनु यस संस्थाको मूल अभिप्राय रहेको छ।

**परिकल्पना**

- समानता, मानव अधिकार तथा सामाजिक न्यायमा आधारित समाज।

**ध्येय**

- विशेषतः महिला तथा समाजबाट उपेक्षित अन्य वर्ग तथा समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अधिकारको प्रवर्द्धन गर्नु।
- शान्ति तथा सुशासन प्रवर्द्धनको निमित्त दबाबमूलक शसक्त समूह सृजना गर्नु।

**लक्ष्य**

- महिला अधिकारको सुनिश्चितताको लागि जनवकालत प्रकृयालाई संस्थागत गर्नु।
- लोकतन्त्रको सदृढीकरणको लागि शान्ति तथा सुशासनको प्रवर्द्धन गर्नु।
- महिला अधिकारको लागि राष्ट्रिय स्रोत केन्द्रको रुपमा जागरण नेपालको संस्थागत विकास गर्नु।

**उद्देश्य**

- नागरिकको क्षमता अभिवृद्धि विशेषतः महिलाहरूको सामाजिक, आर्थिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारको सुनिश्चिताको लागि वकालत गर्नु तथा स्थानीय स्तरमा नै सहयोग गर्ने पहल गर्नु।
- मानव अधिकार संस्था तथा अधिकारकर्मीहरूसँग महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकारको सुनिश्चितताको लागि ऐक्यवद्धता अभिवृद्धि गर्नु।
- उपेक्षित समूह, वर्ग, समुदाय (विशेषत महिला) मुखी नीति योजनालाई स्थानीय, केन्द्रीय, क्षेत्रीय हुँदै अन्तर्राष्ट्रिय स्तर, राजनीतिक दल तथा नागरिक समाज संगठनमा प्रवर्द्धन गर्नु।
- स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्म शान्ति संस्कार अभिवृद्धि गर्नु।
- जागरण नेपालको छवीलाई महिला अधिकार संस्था तथा स्रोत केन्द्रको रुपमा विकास गर्नु।
- जागरण नेपाललाई आत्मनिर्भर संस्थाको रुपमा पूर्णतः मजबुत बनाउनु।
- महिला दृष्टिकोणका समसामयिक सरोकारहरूलाई सम्बोधन गर्नु।

**संस्थाको मुख्य कार्यक्रमहरू**

१. महिलाको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार प्रवर्द्धन कार्यक्रम
२. महिलाको नागरिक तथा राजनीतिक अधिकार प्रवर्द्धन कार्यक्रम
३. शान्ति तथा मेलमिलाप कार्यक्रम
४. महिलामुखी नीति तथा सुशासन कार्यक्रम
५. महिला अधिकार, मानव अधिकार तथा अधिकारकर्मीबीच ऐक्यवद्धता तथा संजाल निर्माण विकास कार्यक्रम
६. संस्थागत विकास कार्यक्रम
७. मानव अधिकारका विषयमा जनवकालत तथा पैरवी
८. सूचना, शिक्षा, संचार सामग्री निर्माण तथा वितरण
९. विदेशी सहयोगको प्रभावकारिता, भूमण्डलीय उष्णता, गरिबी, खाद्यान्न सुरक्षा, वातावरणीय विनाश, व्यापार ऋण जस्ता समसामयिक सरोकारका विषयहरूमा महिलामुखी विश्लेषण गरी त्यसलाई वकालत गर्नु।

**केन्द्रीय कार्यालय**
**जागरण नेपाल**
पो.व. नं : १९४८७, शारस मार्ग (१३७
अनामनगर- ३२, काठमाडौं, नेपाल
टेलिफोन : ९७७-१-४२१९४३९
फाक्स : ९७७-१-४२४७२९७
इमेल : info@jagarannepal.org
वेभसाइट : www.jagarannepal.org

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय**
**जागरण नेपाल**
भकुटी चोक, विराटनगर- ६
मोरङ्ग, नेपाल
टेलिफोन/फ्याक्स : ०२१-५३०९९५
इमेल : jagaranbrt@wlink.com.np

**मध्य/सुदुर पश्चिमाञ्चल सम्पर्क कार्यालय**
**जागरण नेपाल**
कारकादो- ५, नेपालगञ्ज, बाँके
टेलिफोन/फयाक्स : ०८१(५२६५६०
इमेल : jagarannepalmf@gmail.com
sureshkumargautam@gmail.com

# एटविन गतिविधि

## मानव बेचबिखन विरुद्धका कार्यक्रमहरु

| क्र.स. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| १. | २००९ | संविधानमा मानव बेचबिखनविरुद्धको अधिकार सुनिश्चतताका लागि संविधान सभाका सभामुख श्री सुभाष नेम्वाङ्ग, संवैधीनिक समितिका अध्यक्ष श्री निलाम्बर आचार्य र सदस्यहरु तथा मौलिक अधिकार तथा राज्यका निर्देशित सिद्धान्तका श्री बिन्दा पाण्डे तथा सदस्यहरुलाई ज्ञापन पत्र पेश । | सिंहदरबार, काठमाडौं, |
| २. | १८ सेप्टेम्बर २००९ | संविधानमा मानव बेचबिखनविरुद्धको अधिकार सुनिश्चतताका लागि पत्रकार सम्मेलन | सिनामंगल |
| ३. | २९ मार्च २०१० | मानव बेचविखन/दासत्व/शोषणविरुद्धको अधिकार सुनिश्चितता सम्बन्धी सभासदहरुसँगवको अन्तर्क्रिया कार्यक्रम । | संवैधानिक संवाद केन्द्र, बुद्धनगर |
| ४. | ३१ मार्च २०१० | संविधानमा मानव बेचबिखन/दासत्व/शोषणविरुद्धको अधिकार सुनिश्चतताका लागि याली | नयाँबानेश्वर |
| ५. | ३१ मार्च २०१० | संविधान सभाका माननीय सभामुख श्री सुभाष नेम्वाङ्ग तथा संवैधानिक समितिकाका माननीय सभापति श्री निलाम्बर आचार्यलाई मौलिक अधिकार तथा राज्यका निर्देशित सिद्धान्त मस्यौदामा राखिनुपर्ने विषय सहितको ज्ञापनपत्र पेश । | सिंहदरबार काठमाडौ |
| ६. | ३१ मे र १ जुन २००९ | मानव बेचबिखनको युएन प्रोटोकोल सम्बन्धी दुई दिने तालिम कार्यशाला | बुढानीलकण्ठ, काठमाडौ |
| ७. | २०१० | मानव बेचबिखनको युएन प्रोटोकोल सम्बन्धी तथा सामाजिक सुरक्षाको विद्यमान प्रावधानहरु सम्बन्धी अध्ययन पत्र तयार | |
| ८. | २००८- २०१० | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यन्वयन सम्बन्धी कार्यशाला गोष्ठि (७ जिल्लाहरु) | नुवाकोट तथा बांके, सिन्धुपाल्चोक, कास्की, कैलाली, बारा तथा मकवानपुर |
| **४.० प्रकाशनहरु** | | | |
| ९. | २००८ | एटविनको अर्ध–वार्षिक प्रकाशन ओसार पसारको सातौं अंक प्रकाशन भएको छ । ओसार-पसारको यस (अंकमा संविधान सभामा मानव बेचबिखनबाढ प्रभावितहरुको स्थानको सवाललाई प्रमुखरुपमा उठाइएको थियो।) | |
| १०. | २००९ | "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ सम्बन्धी हाते पुस्तिका" | |
| ११. | १० फरवरी २००९ | एटविनको पाँचौ साधारण तथा तेस्रो अधिवेशन | काठमाडौं |
| १२. | १७ मे २०१० | एटविनको छैंटौ साधारण | काठमाडौं |
| १३. | २६-२८ मे २००९ | एटविनको रणनैतिक तथा संस्थागत विकास सम्बन्धी कार्यशाला | बबरमहल, काठमाडौं |

| | | | |
|---|---|---|---|
| **हामी सक्छौं अभियान** | | | |
| १४. | ३१ जुलाई २००८ | घरेलु हिंसाविरुद्धको विधेयक सम्बन्धी सभासदहरूलाई अन्तरक्रिया कार्यक्रम | बबरमहल, काठमाडौं |
| १५. | १३ जनवरी २००९ | घरेलु हिंसाविरुद्धको विधेयक सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी | बबरमहल, काठमाडौं |
| १६. | ८ मे २००८ | क्षेत्रीय संजालहरूको बैठक (क्षेत्रीय संजालहरूको बैठक पश्चिमाञ्चल, सुदरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल) | बबरमहल, काठमाडौं |
| १७. | २९ डिसेम्वर | घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ सम्बन्धी अभिमुखीकरण कार्यशाला | बबरमहल, काठमाडौं |
| **जिल्ला स्तरीय प्रहरीसँग अन्तरक्रिया कार्यक्रम** | | | |
| १८. | २००९ र २०१० | काठमाडौं, भक्तपुर तथा ललितपुर | बबरमहल, काठमाडौं |
| १९. | २० मार्च २०१० | क्षेत्रीय विद्यार्थी परिवर्तनका सम्बाहकको भेला | बबरमहल, काठमाडौं |
| २०. | २००९ | स्टीकर अभियान | |
| २१. | सेप्टेम्बर २००९ | चेतनामुलक होर्डिङ बोर्ड | बिजुलीबजार, काठमाडौं |
| २२. | २००८ र २००९ | 'कालो पहिरनमा नागरिक' प्रदर्शन | चाबहिल |
| २३. | २०१० | जिल्लास्तरीय गाविस कर्मचारी तथा पदाधिकारीहरूसँग अन्तरक्रिया | बाग्लुङ, बर्दिया, कैलाली र ललितपुर |
| २४. | २०१० | जिल्लास्तरीय शिक्षकहरूसँग अन्तरक्रिया कार्यक्रम | |
| २५. | २००९ | परिवर्तनका संवाहकहरूको क्षमता अभिवृद्धि कार्यक्रम | |
| २६. | २००९ | जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम | |
| २७. | २००९ | गाविसस्तरीय अन्तरक्रिया कार्यक्रम | |
| २८. | २००९ | घरदैलो कार्यक्रम | |
| **सह आयोजक** | | | |
| १. | ३-५ सेप्टेम्वर | बेचबिखनबाट प्रभावित नेपाली महिलाहरूको दोस्रो राष्ट्रिय भेला आयोजक- शक्ति समूह | काठमाडौं |
| २. | २३ सेप्टेम्वर २००८ | भावी संविधानसभामा महिला अधिकारका साभा विषयवस्तुहरू - महिला, कानुन तथा विकास मञ्च | काठमाडौं |
| ३. | ५ फरवरी २००९ | 'मानव बेचबिखनबाट प्रभावित तथा संविधानसभामा प्रभावितहरूको स्थान' विषयक अन्तरक्रिया, आयोजक- शक्ति समूह | बबरमहल, काठमाडौं |
| ४. | ११-१३ मे २००९ | आन्तरिक मानव बेचबिखन नियन्त्रणमा स्थानीय सरोकारवालाहरूको आयोजक- शक्ति समूह | चाबहिल, काठमाडौं |
| ५. | १५ मे २००९ | आन्तरिक मानव बेचबिखन नियन्त्रणमा स्थानीय सरोकारवालाहरूकोक भूमिका विषयक अन्तरक्रिया, आयोजक- शक्ति समूह | चाबहिल, काठमाडौं |
| ६. | १७ मे २००९ | 'श्रमजीवी महिलाहरूमाथि डान्स रेष्टुरेन्ट, बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका २०६५ को कार्यान्वयन' विषयक मानव बेचबिखन सम्बन्धमा सरोकारवाला मन्त्रालयहरूसँग अन्तरक्रिया, आयोजक- शक्ति समूह | सिंहदरबार, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ७. | २००९ | संविधानसभामा महिलाका मुद्दाहरू<br>आयोजक- जागरण नेपाल | |
| ८. | २०६५ असोज ७ | भावी संविधानसभामा महिला अधिकारका साझा विषयवस्तुहरू,<br>आयोजक- FWLD | काठमाडौं |
| ९. | ३ जुन २००९ | घरेलु हिंसा विधेयक दबाब समुह, आयोजक- साथी | भद्रकाली, काठमाडौं |
| १०. | जेठ २००८ र २००९ | दोस्रो गणतन्त्र दिवसमा ऱ्याली, संयोजक- गैसस महासंघ | काठमाडौं |
| ११. | ४-८ मार्च २०१० | ९९ औं तथा १०० औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा ऱ्याली तथा ३ दिने स्टल प्रदर्शन संयोजक-राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा ओरेक | काठमाडौं |
| १२. | ५ सेप्टेम्बर २००७ देखि | प्रथम, दोस्रो तथा तेस्रो मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस संयोजक- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | काठमाडौं |
| १३. | ८-१० डिसेम्बर २००९ | मानवअधिकार मेघना मिट तथा ऱ्याली | कमलादी, काठमाडौं |
| १४. | ५-११ नोभेम्बर २००९ | हामी सक्छौं मेची महाकाली यात्रा | रामेछापदेखि बुटवलसम्म |
| १५. | २५ नोभेम्बर- १० डिसेम्बर | महिला हिंसा विरुद्ध १६ दिने अभियान | काठमाडौं |
| १६. | २००९ | संविधानसभाको निर्वाचनमा पर्यवेक्षकको भूमिका | |
| १७. | १९. मार्च २०१० | समयमा संविधानको घोषणा गर्न दबाबमुलक ऱ्याली<br>संयोजक- गैसस महासंघ | काठमाडौं |



बारामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यन्वयन सम्बन्धी कार्यशाला गोष्ठीका सहभागीहरू ।




मकवानपुरमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यन्वयन सम्बन्धी दुई दिने कार्यशाला गोष्ठीका सहभागीहरू ।

# नेपालमा मानव बेचबिखनको अनुमानित तथ्याङ्क

| स्रोत | बेचबिखनको प्रकृति तथा बिस्तार |
|---|---|
| सिविन, १९९७ | १,५३,००० महिला तथा बालबालिकाहरू भारतका विभिन्न यौन कोठी हरूमा बेचिएका जसमध्ये २०% १६ वर्ष मुनिका थिए । |
| आइएलओ-आइपिइसि, २००१ | १८ वर्ष मुनिका १ लाख २० हजार बालबालिकाहरू व्यापारिक यौन शोषणका लागि भारतमा वर्षेनी बेचिन्छन् । |
| स्टप/माइती नेपाल, २००२ | ५ हजार देखि ११ हजार महिला तथा बालिकाहरू बर्षेनी देह-व्यापारका लागि ओसारपसार गरिन्छन् वा बेचिन्छन् । |
| स्टप, २००२ | ५ हजार देखि ७ हजार महिलाहरू बर्षेनी देह-व्यापारका लागि भारतका यौन कोठीहरूमा ओसारपसार गरिन्छन् वा बेचिन्छन् । |
| जनसंख्या परिषद, नयाँ दिल्ली, २००२ | २ लाख केटी तथा महिलाहरू भारतको यौन उद्योगमा ओसारपसार गरिन्छ वा बेचिइन्छन् । |
| अस्मिता, २००५ | २२ हजार ६ सय केटी तथा महिलाहरू नेपालबाट मुम्बई, दिल्ली, कोलकता, पुने र अन्य शहरहरमा बेचिइन्छन् । |
| इस्टर बेञ्जामिन ट्रष्ट (इबिटि), २००७ | ६ सय बालबालिकाहरू भारतका विभिन्न सर्कसहरूमा बर्षेनी बेचिइन्छन् । |
| डब्लुसिएससि, २००७ | सन् २००७ जुलाईदेखि २००८ जुन बीच नेपालका विभिन्न भागहरूबाट २ हजार २ सय १६ बालबालिकाहरू हराए । |
| डब्लुसिएससि, २००७ | सन् १९९८ देखि २००७ सम्म ३ हजार २ सय ५८ महिलाहरू काठमाण्डौं उपत्यकाबाट हराए । |
| विभिन्न गैससहरू, २००८/०९ | सन् २००८ देखि २००९ सम्म ३ हजार १ सय ६४ महिला तथा बालबालिकाहरू हराए जसमध्ये विभिन्न गैससहरूको सकृयतामा ३२२ जनाको उद्दार गरियो । |

स्रोत : *ONRT/NHRC, २००८*


# हार्दिक बधाई



दक्षिण कोरियास्थित फाउण्डेसन संस्थाबाट २०६७ जेठ ४ (मे १८) का दिन ग्वाङ्जु मानवअधिकार पुरस्कार २०१० बाट सम्मानित हुनु भएकोमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का संस्थापक अध्यक्ष श्री **सुशील प्याकुरेल**ज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै मानव अधिकारको प्रवर्द्धन एवम् संरक्षणमा उहाँको अझ महत्वपूर्ण योगदान रहोस् भन्दै **शुभ-कामना** व्यक्त गर्दछौं ।

**सुनिता दनुवार**

अध्यक्ष

एवं

**महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह - नेपाल**

**(एटविन), परिवार**

# एटविन गतिविधि



संविधानसभाको निर्वाचनमा पर्यवेक्षकको भूमिका निर्वाह गर्दै




मानव बेचबिखनको युएन प्रोटोकोल सम्बन्धी दुई दिने तालिम कार्यशाला



मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यन्वयन सम्बन्धी कार्यशाला, कैलाली



विद्यार्थी परिवर्तनका संवाहकको क्षेत्रीय भेला




संविधानमा मानव बेचबिखन/दासत्व/शोषणविरुद्धको अधिकार सुनिश्चितताका लागि र्‍याली



मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यन्वयन सम्बन्धी कार्यशाला, कास्की



मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवसको अवसरमा स्टल प्रदर्शन




एटविनको पाँचौ साधारण सभा तथा तेस्रो अधिवेशन

# एटविन गतिविधि



'मानव बेचबिखनबाट प्रभावित तथा संविधानसभामा प्रभावितहरुको स्थान' विषयक अन्तरक्रिया


पाँच वर्षे रणनीतिक योजनाको अन्तिम मस्यौदामा छलफल गर्दै



घरेलु हिंसाविरुद्धको विधेयक सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी



समयमा संविधानको घोषणा गर्न दबाबमुलक र्‍याली



महिलाविरुद्ध हुने हिंसासम्बन्धी प्रहरीसँग अन्तरक्रिया, भक्तपुर, २००८



एटविनको छैटौं साधारण सभा



हामी सक्छौं मेची महाकाली यात्रा



घरेलु हिंसा (कसुर र सजायँ) ऐन, २०६६ सम्बन्धी अभिमुखीकरण कार्यशाला

AATWIN

**महिला तथा बालबालिका बेचबिखनविरूद्ध सहकर्मी समूह - नेपाल (एटविन)**

पो.ब.नं. २४९६०, काठमाडौं, नेपाल

फोन : ९७७-१-४२२९७८७, ४२४०७०९, फ्याक्स : ४२४०७०९

ईमेल : aatwin@ntc.net.np